CC-0. In Public Domain. Digitization by eGangotri

बौ.द.२८८

समकालीन मातृभूमि

Vol. 1 No. 1 वि.सं. २०५९ 2002 A.D.

Articles | Page

नेपाली-खण्ड

Articles	Author	Page
महायानी बौद्धधर्म र नेपाल	डा. रमेशकुमार दुङ्गेल	1
उच्चशिक्षामा बौद्ध अध्ययनको प्रासंगिक महत्व	डा. नरेशमान वज्राचार्य	12
आचार्य शान्तरक्षित र उनको तत्वसंग्रह: एउटा असम्भव लोकोत्तर कृति	डा. काशीनाथ न्यौपाने	19
नेपालमा थेरवादी बौद्ध सम्प्रदाय, एक अध्ययन	डा. भद्ररत्न वज्राचार्य	30
नेपालमा बौद्धधर्म इतिहास, वर्तमान र परिचयको खोजी	प्रा.डा. प्रेमकुमार खत्री	37
बौद्ध दर्शनको विकास एक समीक्षा	लालमान गुरुङ	45
नेपालमा थेरवादी बुद्धधर्म पुनरुत्थानको पृष्ठभूमि	वेदराज ज्ञवाली	68

English-Section

Articles	Author	Page
Saukhya And Buddhism: An Analytical Study	**Dr. Nivedita K. Mishra**	48
Diffusion of Buddhist Ideas in the West Through the Internet	**Min Bahadur Shakya**	59

संस्कृतखण्डः

Articles	Author	Page
बौद्धदर्शनस्य वैशिष्ट्यम्	आचार्यः पूर्णचन्द्रदुङ्गेलः	87
बौद्धदर्शनाचार्य प्रथमखण्डस्य पाठ्यक्रमः म.सं.वि.		90
बौद्धदर्शनाचार्य द्वितीयखण्डस्य पाठ्यक्रमः म.सं.वि.		100

परिशिष्ट-खण्ड

Articles	Author	Page
संस्था परिचय तथा सम्पन्न कार्यक्रमहरु		77

ASEED-SOUTH ASIA र WAFI का लागि वेदराज ज्ञवालीद्वारा सम्पादित तथा प्रकाशित
Kirtipur, Kathmandu, Nepal.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन विश्वविद्यालयको बौद्ध अध्ययन विभागबाट अध्ययन सम्पन्न गरिसकेका विद्यार्थीहरुको समेत सकृयतामा प्रकाशित समकालीन मातृभूमि नामक जरनल बौद्ध अध्ययनको प्रवर्द्धन गर्न सफलहोस् भन्ने मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डीन, तथा
मानविकी तथा सामाजिक शास्त्र संकाय,
परिवार
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

वाल्मीकि विद्यापिठ, बौद्ध दर्शन विभागमा अध्ययनरत विद्यार्थीहरुको समेत सकृयतामा प्रकाशित जरनल समकालीन मातृभूमिको सफलता र निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

हेमराज ज्ञवाली
अध्यक्ष, तथा
कान्तिपुर पब्लिकेशन (प्रा.) लि. परिवार ।

महेन्द्र संस्कृत विश्वविद्यालयमा बौद्ध दर्शन विषयमा अध्ययनरत विद्यार्थीहरुको समेत सकृयतामा प्रकाशित जरनल समकालीन मातृभूमिको सफलता र निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष, तथा
जयतु संस्कृतम् आन्दोलन, परिवार ।

इन्टरनेट र इमेल सेवाका लागि नेपाल दूरसंचार संस्थान नयाँ सेवा निर्देशनालय इन्टरनेट डिभिजनमा सम्पर्क गर्नुहोस् ।

टेलिफोन ०१-५४४७०२, ०१-५४५८७५
फ्याक्स ०१-५४५८७८
इमेल: **info@ntc.net.np**
URL: http://wwwntc.net.np

—नेपाल दूर संचार संस्थान व्यापार व्यवस्थापन विभाग केन्द्रीय कार्यालय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बौ. द. २८८

समकालीन मातृभूमि

Samakalin Matribhumi

(बौद्ध अध्ययन सम्बन्धी नेपालको एकमात्र प्राज्ञिक प्रकाशन)

वर्ष १ अंक १ वि.सं २०५९ / 2002 A. D.

अन्तर्राष्ट्रिय दर्शन, संस्कृति तथा धर्म अध्ययन प्रतिष्ठान, नेपाल
(WAFI) र ASEED-SOUTH ASIA का लागि
सम्पादक/प्रकाशक
वेदराज ज्ञवाली

विशेष सहयोगिहरु

हरिप्रसाद ज्ञवाली	रामप्रसाद पौड्याल
रामप्रसाद ज्ञवाली	नवराज पन्थि
दिपक प्रकाश भट्ट	खगेश्वर गौतम
विष्णु पन्थि	पिपलमणि सिग्देल

Subscription Rates ✹ सहयोग दर ✹

विवरण Description	नेपाल Nepal	भारत India	अन्य देशहरुको लागि Other Countries
एकप्रति विद्यार्थीका लागिमात्र Single copy for Studen	NRs. 30.00	IRs. 60.00	US $ 5.00
एकप्रति व्यक्तिगत Single copy (individual)	NRs. 100.00	IRs. 100.00	US $ 8.00
एकप्रति संस्थागत Single Copy (Institutional)	NRs. 250.00	IRs. 250.00	US $ 15.00

Mailing Address:
Ved Raj Gnawaly
WAFI, P. O. Box: 7933,E-mail: saseed@wlink.com.np,
Phone: 332004, Kirtipur, Kathmandu, Nepal

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फोन नं. : २-४७४९०
: २-२१५१०

उप-कुलपतिको कार्यालय
OFFICE OF THE VICE-CHANCELLOR

महेन्द्र संस्कृत विश्वविद्यालय
काठमाडौं कार्यालय, बसन्तपुर
पो. व. नं. ५००३

Mahendra Sanskrit University
Kathmandu Office, Basantapur
P. O. Box No. 5003

In reply Please refer to
पत्र संख्या :-
चलानी नम्बर :-

Date/दिनाङ्क ....

विषय :-

शुभकामना

बौद्धदर्शनस्य अध्ययनशीलैश्छात्रैर्विशिष्टमुत्साहं प्रदर्श्य बौद्धदर्शनशास्त्रस्याऽनुसन्धानकक्षां यावदन्ताराष्ट्रियक्षेत्रेऽपि प्रसिद्धिर्जायतामिति-बुद्ध्या प्राकाश्यं नीतेयं "समकालीनमातृभूमि" नाम्नी पत्रिका (जरनल) बौद्धदर्शनस्य महत्त्वरक्षणेन सह तस्य प्रचारप्रसारकार्येण च विशिष्टां भूमिकां वक्ष्यतीति दृढं विश्वसन् मङ्गलमयीं शुभकामनां व्यनज्मि ।

दिनाङ्कः
२०५९।३।११

Acc 28269
24272

आ. पू.

आचार्यः पूर्णचन्द्रढुङ्गेलः
उपकुलपतिः
महेन्द्रसंस्कृतविश्वविद्यालयः
बेलझुण्डी, दाङ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल।

उपकुलपतिको कार्यालय

शुभकामना

आषाढ १९, २०५९

वातावरण, समानता र विकासका लागि ऐक्यवद्धता अभियान–दक्षिण एशिया, नेपाल (ASEED - South Asia) ले बौद्ध धर्म–दर्शनवारे "समकालीन मातृभूमि" नामक बौद्ध अध्ययन विशेषाङ्क (Journal) प्रकाशन गर्न लागेको जानकारी पाउंदा मलाई अत्यन्त खुशी लागेको छ।

ASEED - South Asia ले बौद्ध अध्ययनको उन्नयनमा महत्वपूर्ण योगदान पुऱ्याउंदै आईरहेको छ। शान्ति, अहिंसा, साम्प्रदायिक सद्भाव वातावरणीय चेतना तथा पारस्परिक सहअस्तित्वको मूल सन्देश बोकेको यस संस्थाले बौद्ध धर्म तथा दर्शनको अध्ययन, अन्वेषणमा पुऱ्याउँदै आएको सहयोग स्वागतयोग्य छ। बौद्ध अध्ययन विशेषाङ्कको रुपमा "समकालीन मातृभूमि" को प्रकाशन यस संस्थाको अर्को सकारात्मक कार्य हो। यस प्रकाशनमा बौद्ध धर्म–दर्शन सम्वन्धमा गहन चिन्तन तथा खोजपूर्ण लेख रचनाहरुका साथै आम पाठकहरुका निम्ति समेत उपयोगी हुने सामग्रीहरु समावेश रहने छन् भन्ने मैले विश्वास गरेको छु।

अन्त्यमा, ASEED - South Asia नेपालमा बौद्ध अध्ययनलाई बढावा दिने कार्यमा निरन्तर जुटीरहने विश्वास लिएको छु। भन्दै यस प्रकाशनको पूर्ण सफलताको हार्दिक कामना गर्दछु।

नवीन प्रकाश जंग शाह
उपकुलपति

फोनः ३३०४३३/३३१५९२, फ्याक्सः ९७७-१-३३१९६४, E-mail: vcoffice@healthnet.org.np पोष्ट बक्स नं. ८२१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं विश्वविद्यालय

धुलिखेल, काभ्रे, नेपाल

शुभकामना

'वातावरण, समानता र विकासका लागि ऐक्यवद्धता अभियान', दक्षिण एशियाको तत्वावधानमा "समकालीन मातृभूमि" द्वारा बौद्ध अध्ययन विशेषाङ्क प्रकाशित हुन लागेकोमा ज्यादै हर्ष लागेको छ । गौतम बुद्धको जन्मभूमिको रुपमा परिचित नेपाल वास्तवमा बौद्धदर्शनको अध्ययन र अनुसन्धानको वलीयो केन्द्र भै सक्नु पर्नेमा अझै त्यस कुरामा हामी पछि नै परेका छौं । यहाँका शिक्षण संस्था, धार्मिक संस्था र सञ्चार माध्यम सबैले यस पक्षतर्फ विशेष ध्यान दिनु परेको वेला "समकालीन मातृभूमि" को सक्रियतालाई अत्यन्तै सह्राहनीय कार्यको रुपमा हेर्न सकिन्छ । यस पुनीत कार्यमा "एसिड" साउथ एशियाबाट भएको सत्प्रयासको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

....

डा. सुरेशराज शर्मा

उपकुलपति

२०५९ असार २८

पत्राचार ठेगाना : पो. ब. नं. ६२५०, काठमाडौं, नेपाल । फोन : (०११) ६१३९९ फ्याक्स : ९७७-१-४९०७६१, (०११) ६१४४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टेलिफोन नं.

त्रिभुवन विश्वविद्यालय
बौद्ध अध्ययन विभाग
विभागीय प्रमुखको कार्यालय

कीर्तिपुर
काठमाडौं, नेपाल ।

प.सं.:-
च.नं.:-

मिति: ....

विषय:-

शुभकामना-सन्देश

नेपालमा उच्चशिक्षाको विकास र विस्तारमा विशिष्ट भूमिका निभाइरहेको यस त्रिभुवन विश्वविद्यालयमा केही वर्ष अगाडिदेखि Post Graduate Diploma स्तरमा Buddhist Studies विषयको अध्ययन-अध्यापन सञ्चालन हुँदैआइरहेको कुरा सर्वविदीतै छ । यसै सन्दर्भमा हाम्रो विभागबाट अध्ययनसम्पन्न गरिसकेका केही विद्यार्थीहरुको संलग्नतामा गठन गरिएको ASEED-SOUTH ASIA नामक संस्थाद्वारा बौद्ध अध्ययन सम्बन्धी विभिन्न रचनात्मक क्रियाकलाप सञ्चालन हुँदैआएको र अहिले "समकालीन मातृभूमि" नामक बौद्ध अध्ययन विशेषाङ्क जरनल प्रकाशित हुनालागेकोमा ज्यादै खुशी लागेको छ । यो जरनल बौद्ध अध्ययनको उन्नयनमा योगदान पुर्याउनका लागि संफलहोस् भन्ने हार्दिक तथा मंगलमय शुभकामना व्यक्त गर्दछु साथै ASEED South Asia को पनि उत्तरोत्तर प्रगतिको मंगलमय कामना गर्दछु ।

मिति २०५९ आषाढ २८

....
(डा. नरेश मान बज्राचार्य)
विभागीय प्रमुख
बौद्ध अध्ययन विभाग, त्रि. वि., कीर्तिपुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

एउटा नयाँ बुद्धको खाँचो परेको छ ।

आजभन्दा करीब २६०० वर्ष अगाडि इ.पू. ५६३ मा, नेपालको लुम्बिनीमा सिद्धार्थ गौतमको जन्म भएको थियो । शान्ति, मैत्री, करुणा तथा मानव कल्याणका खातिर आफ्नो सम्पूर्ण जीवन समर्पण गरेका सिद्धार्थलाई ३५ वर्षको उमेरमा बुद्धत्वप्राप्त भएको थियो । त्यसपछि सारासंसारले उनलाई गौतम बुद्धका नामले चिन्न थाल्यो । उनका महानतम् विचार र सोंचमात्र होइन उनले आफ्नो जीवन कालमा मानव कल्याण वा मुक्तिका लागि सञ्चालन गरेको क्रान्तिकारी अभियानले तत्कालीन मानव समाजलाई नयाँ आलोक प्रदान गऱ्यो । जसको प्रभाव त्यतिञ्जेलमात्र होइन अहिलेसम्म पनि मानव समाजमा निरन्तररुपमा परेको छ । यो त्यही कारण हो, जसले गौतम बुद्धलाई मानव जातिको इतिहासमा एक सर्वोत्कृष्ट सपुत सावित गरेको छ ।

मानव कल्याण, शान्ति र मैत्रीका अग्रदूत गौतम बुद्धको जन्मभूमि नेपाल अहिले अशान्ति, असमानता र वैमनश्यताको अग्नीमा तड्पिरहेको छ । हिंसा र प्रतिहिंसाको दुश्चक्रले नेपाली धर्ति आक्रान्त बनेको छ । नेपाली समाजमा अहिले सामाजिक द्वन्द्वका रक्तरञ्जित पदचिन्हहरु देख्नसकिन्छ । आक्रमण र प्रतिरोधका वन्दुकहरुको आवाजले मानवता तर्सिरहेको छ । बम र बारुधको गन्धसहितको हावामा श्वासफेर्नु हाम्रो नियति जस्तै बनेको छ । समग्रतामा हामी नेपालीहरु एउटा कहाली लाग्दो र अन्धकारमय समयको सुरुङ्गभित्र यात्रा गरिरहेका छौं । यसबाट हामीले पारपाउनका लागि सामाजिक द्वन्द्वको समाधान हुनैपर्छ ! अन्याय र असमानताको अवसान हुनैपर्छ !! तर कहिले ? कसरी ? र कसले ? हामीलाई यो दुश्चक्रबाट मुक्त गर्ला ? यस्तो अवस्थामा हाम्रो भूमिका के हुनुपर्छ ? निर्क्योल गर्नुपर्ने सवालहरु धेरै छन् । त्यसैले यस धर्तिको कल्याणका खातिर हामीलाई हाम्रो ज्ञात इतिहासको सुदुर अतीतमा जन्मिएर मानव मुक्तिको लागि धर्मचक्र प्रवर्तन गर्ने क्रान्तिकारी बुद्धजस्तै आजको युगको बुद्धको अर्थात समयको सारथीको अभाव खट्किरहेको छ । एउटा नयाँ बुद्धको जरुरी भएको छ ।

यिनै कुराहरुबाट प्रेरित भएर हामीले गौतम बुद्ध, उनका विचार तथा बुद्धधर्म-दर्शनबारे विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका छौं । त्यसकै निरन्तरतामा यो समकालीन मातृभूमि नामक जरनल प्रकाशित गर्ने जमर्को गरेका हौं । पहिलो प्रकाशन भएका कारण यसमा अनेकन कमी कमजोरी हुनसक्लान त्यसप्रति हामी प्रवुद्ध पाठकहरुसँग अग्रिम क्षमायाचना गर्दछौं । साथै गल्तीहरुलाई खुल्ला हृदयले स्वीकारेर त्यसलाई सच्याउदै अगाडि बढ्ने हामीसँग पर्याप्त आँट भएकोले सशक्त र वस्तुपरक आलोचना तथा सुझावको अपेक्षा पनि गर्दछौं ।

यस अङ्कमा धेरैजसो सामग्रीहरु हामीले अर्थात् **ASEED-South Asia** र **Wisdom and Faith International, Nepal** (अन्तर्राष्ट्रिय दर्शन, संस्कृति तथा धर्म अध्ययन प्रतिष्ठान, नेपाल) द्वारा विगतमा बुद्धधर्मबारे आयोजना गरिएका विभिन्न विचारगोष्ठिमा विद्वान्हरुद्वारा प्रस्तुत गरिएका कार्यपत्रहरु समावेश गरेका छौं । बौद्ध अध्ययनमा साम्यक रुचि राख्नेहरुलाई यस प्रकाशनबाट केही उपयोगि ज्ञानप्राप्त हुनसक्यो भने हामी आफ्नो प्रयासको महत्व तथा मूल्यभएको ठान्नेछौं । हाम्रो यस सत्प्रयासमा सद्भाव र सहयोग गर्ने सवैलाई साधुवादसहित-

वेदराज ज्ञवाली
सम्पादक,
वि.सं. २०५९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महायानी बौद्धधर्म र नेपाल

डा.रमेशकुमार ढुङ्गेल•

परिचय

संक्षिप्त छलफलका निम्ति तयार परिएको प्रस्तुत पत्रमा मैले छोटकरीमा महायान र यस अन्तर्गतका बज्र या तन्त्रयान भन्नाले के बुझिन्छ र तिनको उद्‌भव कहाँ र कसरी भयो भन्नेबारेमा केही चर्चा गर्ने प्रयास गरेको छु । त्यसपछि नेपालमा खासगरी काठमाडौंमा फष्टाएको वज्रयान तथा हिमाली बौद्ध परम्परालाई संक्षेपमा समेट्ने प्रयास गरेको छु ।

महायान केहो र यसको मानव समाजमा कस्तो स्थान रहेको छ भन्ने विषयमा अनेक किसिमका दार्शनिक तथा व्यावहारिक व्याख्या विद्वानहरूले गरेको पाइन्छ । मैले यी दुवै थरी व्याख्यालाई यहाँ समेट्ने प्रयत्न गरेको छु । महायानको महानता तर्फ ध्यान दिँदै Daisaku Ikeda ले Harvard University मा सम्पन्न "Mahayana Buddhism and Twenty-First Century Civilization." विषयक विशेष प्रवचनको क्रममा वोलेको प्रसंग यहाँ उल्लेखनीय छ । Ikeda ले भनेका छन्:

The "greater shelf" elucidated in Mahayana Buddhism is another expression for the kind of openness and expansiveness of character that embraces the sufferings of all people as one's own, always seeking amidst the realities of human society ways of alleviating the pain, and augmenting the happiness, of others...
As individuals it is the dynamic, vital stirrings of this greater shelf that will enable each of us to experience both life and death with equal delight (Ikeda 1992: 22).

यसरी महायनको क्षेत्र हीनयानको भन्दा फराकिलो भएको कुरा नै विद्वानहरूले औंल्याउने गर्दछन् । साँच्चि नै भगवानवुद्धले 'त्यागी' वा 'मुनि' ज्ञानमार्गी,सच्चरित्रवान र सांसारिकतावाट अलग अथवा नैतिक मार्ग मात्र अपनाई बुद्धधर्मको मूलआधार असांसारिक र केवल नैतिकता नै हो भन्ने कुरा निर्दिष्ट गरेका थिए । तर महायानीहरूले त्यस्तो विशेष ज्ञान र नैतिकवल वा पाठलाई लोकजीवनमा सरलरूपमा स्वीकार्य बनाउने हेतुले भक्ति र उपासनाको माध्यमलाई अगाडि वढाए । यही भक्ति र उपासना पद्धति थपिएको बौद्ध परम्परा थियो 'महायान' ।

यस महायान वौद्ध परम्परालाई उत्तरी (Northern), तिव्वती, चिनिया वा नेपाली समेत बौद्ध परम्परा भनेर चिनाउने चलन छ । यस परम्परामा वुद्ध र वोधिसत्वको अस्तित्व (existence) र तिनप्रतिको भक्ति र उपासनालाई मान्यता दिइएको छ । त्यसैले वोधिचर्याको महत्व महायानमा धेरै ठूलो छ । वोधिसत्वको आदर्शको कल्पना र मान्यताको कारणले नै यस मार्गलाई 'महामार्ग' वा 'आदर्श मार्ग' मान्ने चलन चलेको हो भन्नुमा अत्युक्ति नहोला । किनभने वोधिसत्वको मूल आदर्श आफूभन्दा अरु चराचर प्राणिजगतको निर्वाणका निम्ति त्याग गर्नु (devotion to the salvation of others) हो । महायानीहरू बुद्धपद प्राप्तिभन्दा पहिले नै अनेकौं वोधिसत्वको रूपमा वुद्धले यस पृथ्वीमा जन्म लिईसकेको कुरामा विश्वास गर्दछन् । महात्याग अन्तर्गत महायान परम्परामा त्याग्न नसकिने वस्तु कुनै पनि हुँदैन भन्ने

• यो कार्यपत्र श्री रमेशकुमार ढुङ्गेल (एम् फिल, पिएच.डी CNAS/TU., Dept. of NeHCA) ले ASEED-South Asia र WAFI द्वारा संयुक्तरुपमा मिति २०५८ साल श्रावण ९ गतेका दिन त्रि.वि कीर्तिपुर, CNAS को Meeting Hall मा आयोजित विचार गोष्ठिमा प्रस्तुत गर्नुभएको हो । यस कार्य पत्र माथि डा.नरेशमान वज्राचार्यले टिप्पणी गर्नु भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावनाको विकास भएको देखिन्छ (देश, घर, सम्पत्ति, परिवार, बाल-बच्चा, आफ्नै शरीरका अङ्ग समेत त्यागका विषय हुन सक्दछन्) ।

नागार्जुन, (प्रथम शताब्दी) र वसुवन्धु र असङ्ग (चौथो शताब्दी) जस्ता बौद्ध आचार्यको धारणा महायानको विकासका निम्ति आधार बनेको कुरा विद्वानहरू स्वीकार्दछन्, जसमा अनित्यता (impermanence) को विषयमा चर्चा छ र त्यसैबाट पछि महायानी 'शून्यवाद','सुन्यात' वा सापेक्षतावादको विकास भएको हो । यसरी महायानीहरूले भौतिक संसार (material world), आचार र जगत सर्वेतिर क्षणिकता र अनात्म्यताको सिद्धान्त प्रयोग गरेर सारा वस्तुलाई शून्य घोषित गरिदिए । माध्यमिक र योगाचार मत पनि यसै महायान अन्तर्गत पर्दछन् ।

महायानको विकासको क्रममा गौतमवुद्धले निर्वाण प्राप्त गरेको करीब सयवर्ष पछि देखि नै विकसित 'महासांघिक' समूहको अप्रत्यक्ष भूमिका रहेको देखिन्छ । किनकि बुद्धको निर्वाणको लगत्तैपछिदेखि नै स्थविरवादी (थेरवाद) र महासांघिक गरेर २ निकायमा बुद्धका अनुयायीहरू बाँडिन थालिसकेका थिए । त्यसबेलादेखि महासांघिकहरूले बुद्धको अलौकिक रुपलाई स्वीकार गर्न थालेको प्रसङ्ग यहाँ उल्लेखनीय छ ।

महायान सम्प्रदायको थालनीको घोषणा धान्यकटक भन्ने ठाउँबाट ईशापूर्व प्रथम शताब्दीमा नै भएको हो भन्ने विद्वानहरूको भनाइ छ । कुषाण राजा कनिष्क जस्ता प्राचीन भारतका सफल शासकहरूले अपनाएको धर्म महायान नै थियो भन्ने कुरा पनि विद्वानहरू स्वीकार्दछन् । त्यसैकारण यसको प्रचार-प्रसार र विकासमा जोड पुगेको थियो । प्राचीन युगमा यस सम्प्रदायको उत्कर्ष खासगरी इशाको चौथो शताब्दी तिर आइपुग्दा भएको मानिन्छ । महायानले 'आत्मा' 'धर्म', वा 'वस्तु' तीनै कुराको अस्तित्वलाई अस्वीकार गरेर 'धर्म नैरात्म्यवाद' अर्थात् शून्यवाद (emptyness) को सैद्धान्तिक परम्परा अगाडि सार्‍यो ।

बज्रयान

यसै महायान अन्तर्गत नै विस्तारविस्तार बज्रयानको विकास भएको हो । तेस्रो/चौथो शताब्दीसम्मको युग महायानको उत्कर्षकाल भएतापनि त्यसपछि भने गुप्त साम्राज्यको एकछत्र शासनमा हिन्दू पुनरुत्थानको लहरको प्रभाव चल्यो । त्यसैले बुद्धधर्ममा हिन्दू परम्पराको प्रभाव पनि पर्न थाल्यो । सातौं शताब्दीसम्म अस्तित्व (existence) मात्र धान्न सफल बुद्धधर्मको पुनरुत्थानको लहर पनि चल्यो । तर यस पुनरुत्थानको क्रममा महायानले वज्रयानको रूपमा हिन्दू परम्पराका अनेकौं गुणहरू वुद्ध धर्मभित्र समाहित गरिसकेको देखिन्छ ।

बज्रयानले पनि महायान परम्पराजस्तै शून्यतालाई मान्यता दिएको छ । तर वज्रयानीहरूका निम्ति शून्यता भनेको नै वज्र हो । यो कुराको उल्लेख अद्वयवज्रसंग्रह जस्ता ग्रन्थमा भएको पाइन्छ । यस परम्परामा वज्रलाई अविनाशी मानिन्छ । हिन्दूहरूको ब्रह्म वा परमात्मासँग शून्यता वा वज्रको तुलना गर्ने परम्परा विद्वत्मण्डली भित्र चलिरहेकैकुरा हो ।

हिन्दूहरूको वाममार्ग जस्तै वुद्धधर्ममा तान्त्रिक क्रियाको प्रवेश सातौं शताब्दीदेखि नै हुनथाल्यो । यस पद्धतिमा मन्त्र शक्तिलाई विशेष महत्व दिइन्छ । यस्ता तान्त्रिक र मन्त्रहरूलाई नै वज्रयानको गुह्यसमाजतन्त्र (जसलाई तिव्वती भाषामा 'साङ्वा दयूपाहि ग्यू' भनिन्छ) भित्र समेटिएको पाइन्छ । गुह्य समाजको अर्थ चाहिँ शरीर (काय), वचन र चित्त (तिव्वतीमा यिनलाई कु, सुङ,थुग् भनिन्छ) को मिलनभन्ने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वज्रयानीहरूले स्वभाव र चित्त शुद्धिलाई जोड दिन थालेको कुरा वज्रयानको चक्रसम्वर तन्त्र (जसलाई तिव्वतीमा दे छोग् खोरलोहि ग्यू) ले स्पष्ठयाएको छ । त्यस्तै वज्रयानमा प्रज्ञा उपाय (प्रज्ञोपाय) (जसलाई तिव्वतीमा थव् शेरव भनिन्छ) अर्थात् प्रज्ञा= (ज्ञान) र उपाय= (करुणा) लाई जोड दिइएको छ । तर यो ज्ञान वा प्रज्ञा भनेको शून्यता ज्ञान हो । जुन कुराको प्रर्तानिधित्व वज्रले गर्दछ । किनकि वज्रयानीको वुझाइमा बज्रभनेको नै एउटा अकाट्य, अविभाज्य वा अविनाशी ठोस वस्तु हो ।

वज्रयानमा त्यस प्रज्ञोपायलाई परमतत्व मान्ने चलन चलेको देखिन्छ र यसै माध्यमवाट नै पञ्चस्कन्ध र पञ्चतत्वको प्रर्तानिधित्व गर्ने पञ्चध्यानी वुद्ध र जगतको सृष्टि भएको र यही प्रज्ञा उपायलाई नै जगतको आश्रयस्थल मान्ने चलन छ । यही जगत् वा उपाय प्रज्ञा वा शून्यमा विलिन भएको अवस्थामा सत्तारहित निर्वाण (अप्रतिष्ठित) हुन्छ भन्ने वज्रयानको दार्शनिक मान्यता रहेको पाइन्छ । यसै प्रज्ञा र उपायलाई बज्रयानमा पुरुष र स्त्री मान्ने र ती दुईको मिलनको अवस्थालाई अभावले मुक्त अर्थात् शून्य अवस्था मान्ने परम्परा चल्दै आएको छ ।

यसरी कामकलालाई समेत अत्यन्त दार्शानिकतापूर्ण र विचारोत्तेजकरूपमा व्याख्या गर्न सफल हुनु बज्रयानको विशेषता हो भनेर मान्नै पर्दछ । यस दार्शनिक व्याख्या अन्तर्गत यसरी शून्यताप्राप्त व्यक्तिलाई नै बज्रसत्व (जसलाई तिव्वतीमा दोर्जे सेम्पा भनिन्छ) र यही शून्यवादको अनुत्तरमार्ग (जसलाई तिव्वतीमा लन मे पही लम् भनिन्छ) लाई सर्वोच्च मार्ग मान्ने परम्परा छ । यस परम्पराले मध्यकालिक नेपालमा व्यापकता पाएको देखिन्छ ।

यस किसिमले बज्रयान अन्तर्गत अनेक तान्त्रिक पद्धतिका गुप्त मन्त्रादिको विकास भयो । त्यसैले कोहीकोही यसलाई 'रहस्यवाद' पनि भन्ने गर्दछन् (विद्यालंकार १९८१: ३९७-४०१) । यस तान्त्रिक पद्धतिको विकासले बज्रयानी परम्परामा सांसारिक क्रियाकलाप (activities) खासगरी 'विशेष अभिप्राय' (आवश्यक) अन्तर्गत "संयक संबुद्ध" बन्नकानिम्ति सहायक मान्दै स्त्री पूरुष शारीरिक संपर्कका निम्ति खुल्ला भए । तर बज्रयानी मान्यता अनुरुप बज्रगुरुहरूले काम वासनाको उद्देश्यले नभएर 'संयक संबुद्ध' वा सिद्ध बन्नका निम्ति पञ्चमकारलाई समेत स्वीकृति दिन थाले (विद्यालंकार, त्यही) ।

यसरी विस्तारविस्तार शास्त्रीय अध्ययनमा ह्रास भने अवश्य आउन थाल्यो । लामालामा सूत्रबाट धारणिहरूको रूपमा संक्षेपिकरण गर्न थालियो । त्यसबाट पनि अत्यन्त आवश्यक ठानिएका र अत्यन्त संक्षिप्त मंत्रहरूको निर्माण हुनथाल्यो । यसका साथमा अध्ययन-अध्यापनको स्थान तन्त्र-मन्त्र र यौगिक क्रियाकलापले लिन थाल्यो । दार्शनिक व्याख्या चाहिँ चित्त शुद्धि, शारीरिक उन्नति र मानसिक शक्तिको विकासका निम्ति शास्त्रीय ज्ञानभन्दा यौगिक क्रिया र शक्ति जरुरी हुन्छ भन्ने जस्तो हुनथाल्यो । रहस्यमय यौगिक र मन्त्रादिका चमत्कारमा विश्वास बढ्न थाल्नाले ठूल्ठूला कठीन परिश्रम गर्नु पर्ने शास्त्रहरूभने विस्तारविस्तार थन्किन थाले । बुद्धलाई अलौकिक रुप प्रदान गर्ने, संक्षेपिकरणबाट निचोरिएका वा च्यापिएका मंत्रादि मात्रको पाठबाट फल प्राप्त हुनसक्ने, योग र तन्त्रादि क्रियाको माध्यमबाट गुह्य वा रहस्यमय सिद्धित्व लिने कुरामा विश्वास बढ्नपुग्यो । धर्म सिद्धान्तको यस सहज व्याख्याले बज्रगुरुहरूलाई पहिलेदेखि पालन गर्दै आएका विनय वा आचार पालना गर्न आवश्यक भएन । खाध्य-अखाध्य पदार्थ र अन्य पहिले प्रतिवन्धित मानिने क्रियाकलापभन्दा माथि उठेर अर्थात् साधारण प्राणी वा मानवभन्दा माथि उठेर सिद्धत्व प्राप्त गरिसकेको व्यक्तिका रूपमा बज्रगूरुहरूले स्थान पाए । मुद्रा, मैथुन जस्ता पञ्चमकारको प्रयोग साथै योग क्रियालाई समेत अत्यावश्यक क्रियाको रूपमा व्याख्या हुन थाल्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा महायान सम्प्रदाय

प्राचीनकालमा नेपालमा बुद्धधर्मको अवस्था कस्तो थियो भन्ने विषयमा त्यत्ति स्पष्ठ हुन सकिने स्थिति छैन । त्यसो भएतापनि यहाँ (कम से कम काठमाडौं उपत्यका भित्र) बुद्धधर्मको प्रवेश तथा केही विकास भने इशापूर्वका शताब्दीदेखि नै भैसकेको थियो भन्नेकुरामा भने निश्चिन्त हुन सकिन्छ । नेपाली बौद्ध समुदायमा प्रचलित बुद्धधर्मको प्राचीनता विपयका विभिन्न कथा तथा किम्वदन्तीहरूले चाहिँ यहाँ मानव वसोवासदेखि नै बुद्धधर्मको खासगरी महायन मतको विकास भैसकेको कुराको संकेत प्रस्तुत गरेकाछन् ।. मञ्जुश्री, आदिबुद्ध बज्रधर तथा पञ्चध्यानी बुद्धको विषयका कथाहरू यस सन्दर्भमा उल्लेखनीय छन् । मूलसिर्वास्तिवादविनयमा वर्णित बुद्धका चेलाहरू नेपाल आएका प्रसङ्ग (Watters 1961: 83-84), अशोक स्तूप र चावहील (चारुमती र राजा धर्मपाल) आदिसंग सम्वन्धित किम्वदन्ति, काठे सिम्भूको प्राचीनता, लिच्छवि राजा वृषदेव (चौथो, पाचौ शताब्दी) बौद्ध थिए र उनले बौद्ध बिहारसमेत बनाएका थिए भन्ने (बज्रचार्य २०३०: १९-२०), बौद्ध आचार्य वसुवन्धु (चौथो शताब्दी) को नेपाल आगमन (रेग्मी २०३९: १२६) जस्ता प्रसङ्गले बुद्धधर्मको प्राचीनता नेपाली अभिलेखद्वारा प्रामाणिक समय (पाँचौ शताब्दी) भन्दा पनि पुरानो (झण्डै हजार वर्पसम्म पुरानु) भएको दह्रो संकेत गरेको छ ।

अंशुवर्माको समय र त्यसभन्दा पछि भने अभिलेखले नै पनि नेपालमा बौद्धधर्मको विकास भएका ठोस प्रमाणहरू प्रस्तुत गरेका छन् । झण्डै २० वटा जति प्राचीनकालका विहारहरूको उल्लेख लिच्छविकालका अभिलेखमा पाइएको छ । मूलसर्वास्तिवादविनयमा वर्णित चर्चा, युवान च्वाङ्को टिपोट तथा सांखुमा प्राप्त आठौं शताब्दीको एक अभिलेखले प्राचीनकालमा यहाँ हीनयान बौद्ध परम्पराको अलिअलि प्रभाव फैलिएको कुराको संकेत गर्दछ । तर दोस्रो, तेस्रो शताब्दीदेखि नै नेपालमा (काठमाडौं उपत्यकामा) महायानको प्रभाव अनुपातमा धेरै हुनथालेको अनुमान हुन्छ । सांखुको अभिलेखमा महासांघिक बौद्ध परम्पराको चर्चा भएतापनि यस परम्पराले नै विस्तारविस्तार महायानलाई जन्मदिन पुगेको कुराको चर्चा माथि नै गरिसकिएको छ । आचार्य वसुवन्धुको चौथो शताब्दीमा भएको आगमनले नेपालमा महायान मत राम्रैसँग फैलिइसेको कुरालाई नै वुझाउँछ । युवान् च्वाङ्ले नेपालमा हिनयान र महायान मतका अनुयायी २००० जतिको सँख्यामा भएको चर्चा गरेका छन् । उनको टिपोटले यहाँ हिनयानी र महायानीमत एउटा मिस्कट रूपमा भएको जस्तो संकेत पनि दिएको छ । (सिंह १९८७: ११४, ११६) युवान च्वाङ्ले गरेको वर्णनमा तिनताका नेपालमा पञ्चध्यानी बुद्धको उपासना हुने र धेरै संख्यामा ढुङ्गाका अनेक प्रकारका मुर्तिहरू बन्ने चर्चा परेकोले त्यसवेला महायानको प्रभाव हिनयान भन्दा बढी थियो भन्ने अनुमान हुन्छ (Slusser 1982: 273) । महायान मत अन्तर्गत पछि विकसित बज्रयानको चर्चा लिच्छवि अभिलेखमा भएको उल्लेखले यसकुराको पुष्टि गरेको छ (वज्रचार्य २०३०: ३७०-७१) अंशुबर्माको पाटन त्यागल टोलमा पाइएको अभिलेखले पञ्चध्यानी बुद्धमध्येका अक्षोभ्य, पद्मपाणि, अमिताभ, महास्थाम प्राप्त वोधिसत्वधका साथै समन्तभद्र, बज्रधर तथा मञ्जुश्री जस्ता महायान तथा बज्रयानमतका बौद्ध 'देव-देवता'को चर्चा गरेको छ । (बज्राचार्य २०३०: ३७८-८८, रेग्मी २०३९: १८४-८५) त्यसैगरी लिच्छवि अभिलेखमा वज्रयान र तिब्वती बौद्ध परम्परामा समेत उत्तिकै मान्यताप्राप्त बज्रभैरव (तिब्वतीमा गोन्पो वा महाकाल) को चर्चा परेको छ (बज्राचार्य २०३०: ५२३-५२६) । यसरी वज्रयानको उद्‌भव सुरुमा दक्षिण भारततर्फ भएको भएतापनि लोकप्रियता भने यसले उत्तर भारतमा र पछि नेपालमा र तिव्वतमा धेरै पाएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बज्रभैरवले तिव्वती बौद्ध परम्परा अन्तर्गत गेलुग्प र साक्यामतमा उच्चस्थान पाएको देखिन्छ । गेलुग्पको त इष्ठदेवता (यिदम) नै हो बज्रभैरव । त्यस्तै गरेर लिच्छवि अभिलेखमा वर्णित 'बज्रेश्वर मण्डली' को उल्लेखले सातौं शताव्दीको सुरुदेखि नेपालमा कापालिक पाशुपत र बज्रयानका बीच समन्वय र एक आपसमा प्रभाव पर्न थालेको बुझिन्छ । महायान अन्तर्गत् बज्रयान त्यसैताकादेखि प्रभावशाली भएको र कापालिक पाशुपतहरूको तान्त्रिक प्रभाव बज्रयानमा परेको देखिनाले भारत वा अन्य कहीं नभएको एउटा नौलो किसिमको तान्त्रिक 'वाममार्ग' को विकास यहाँ हुनपुगेको देखिन्छ । संवत् ८३ को नरेन्द्रदेवको एउटा अभिलेख (ललितपुर गैह्रीधारामा प्राप्त) मा वर्णित बज्रेश्वर भगवान, बज्रेश्वर मण्डली तथा पाशुपत ब्राहाणहरूलाई समेत भोज खुवाइएको प्रसङ्ग यहाँ उल्लेखनीय छ (बज्राचार्य २०३०:४८१-४८४) । त्यसैगरी सातौं-आठौं शताब्दी तिरको काठमाडौं ढवाकावहाको एउटा सानो चैत्यको तल्लो भागमा उत्कीर्ण पद्मपाणि, बज्रपाणि वोधिसत्व र मैत्रेय बुद्धका स्थानक मूर्तिहरू पनि यस प्रसङ्गमा उल्लेखनीय छन् । माथि चर्चा गरिएको त्यागल टोलको अंशुवर्माको अभिलेखको वर्णनले यहाँ सातौ-आठौं शताब्दीसम्ममा, महायान अन्तर्गत वज्रयानको राम्रैसँग विकास भएको थियो भन्नेकुरा देखाएको छ । अनेक किसिमका बुद्ध र वोधिसत्व वा अवलोकितेश्वर, आदिवुद्ध (बज्रधर) तथा 'सुखावतनी भुवन' जस्ता कल्पनाको प्रादुर्भाव त्यसबेलासम्ममा भैसकेको थियो भन्नेकुरा यस अभिलेखको स्रोतबाट राम्रैसँग बुझ्न सकिन्छ (बज्राचार्य, त्यही: ३८७-८८) । महायानीहरूको महत्वपूर्ण धर्मग्रन्थ सद्धर्मपुण्डरीकसूत्रको उपयोग गरी महाज्ञानप्राप्त गर्ने कुराको समेत चर्चा यसै अभिलेखले गरेको छ । पाटन इखाछैं टोलस्थित बज्रकीर्ति महाविहारको प्राङ्गणमा स्थापित एक प्राचीन अभिलेखमा कुँदिएका ससाना पञ्चध्यानी बुद्धका मुर्ति पनि यस प्रसङ्गमा उल्लेखनीय छन् (Slusser 1982: 282)।

पूर्वमध्यकालिक र मध्यकालिक नेपालमा यहाँको बौद्ध परम्परा पुरै महायानी त्यसमा पनि बज्र वा तन्त्र पद्धतिमा आधारित भएको देखिन्छ । तिव्वतमा वा तिब्वती धर्म परम्पराको प्रभावमा परेका सबैजसो ठाउँमा पनि यस्तै परम्परा चलेको देखिन्छ । पूर्वमध्यकालका केही लेखोटमा यहाँ महायानको स्पष्ट उल्लेख भएको पाइनुका साथै यहाँका राजामहाराजाहरूसमेत महायानी भएको चर्चासमेत भेटिन्छ । शिवदेव वा सिंहदेव महायानका अनुयायी भएको र उनलाई 'परमसौगत' भनिएको प्रसङ्ग यहाँ उल्लेखनीय छ (Shastri 1905: 4-5) । यहाँका बौद्ध पण्डितहरू पनि स्पष्टै महायानीको रूपमा चिनिन्थे जस्तै आचार्य पण्डित श्रीज्ञान (बाह्रौं/तेह्रौं शताब्दी) लाई प्रवर महायानका अनुयायीको रूपमा चिनाइएको पाइन्छ (रेग्मी २०३९: १९६)। प्राचीनकालदेखि नै सुरुभएको पञ्चध्यानी बुद्धलाई मूर्तिमा उतार्नेकाम महायानी परम्परामा पूर्वमध्यकालमा आएर अझ अगाडि बढ्यो । दशौं शताब्दीदेखि चैत्यमा पञ्चध्यानी बुद्ध सजाइएका उदाहरण पाइएका छन् (Slusser 1982: 286) । एघारौं बाह्रौं शताब्दीमा आइपुग्दा बज्राचार्यहरूको धार्मिक टोपीमा समेत पञ्चध्यानी वुद्ध अङ्कित गर्न थालिएको देखिन्छ (१०९७ को मुकुट अध्ययनमा प्राप्त भएको छ) । तेह्रौं शताब्दीमा आइपुग्दा उत्तरभारतका मुख्यमुख्य बौद्धकेन्द्रहरू बाह्य आक्रमण (मुशलमानी) का कारण नष्ट हुनाले नेपालका निम्ति बौद्धधर्म र ज्ञानको स्रोत चटक्क टुट्नगई यहाँ आफ्नै किसिमले धर्मको परम्परा चल्नथाल्यो । विस्तारविस्तार बज्राचार्यहरूको पाशुपत आगम मतका तान्त्रिकहरूसँग मिश्रण भएको तान्त्रिक पद्धतिले पुरानो बौद्ध परम्परालाई ढाक्नथाल्यो । त्यसैले त्यसबेलादेखि अनेकौं तान्त्रिक देव देवताको संख्यामा वृद्धि भयो र त्यसै अनुरुप अनेक मूर्तिहरूको निर्माण पनि हुनथाल्यो । त्यसबेलादेखि सम्बर जस्ता तान्त्रिक (बज्रयानी) बौद्ध देवताका मूर्तिसमेत उपासनका निम्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना हुनथाले (रेग्मी १९६६:१२, Locke 1985: 95, ई १२७८-१३६० मा स्थापित भएका उदाहरण पाइएका छन्) ।

बाह्रौं शताब्दीदेखि नै शैवमार्गी खासगरी शंकाराचार्यका प्रयासले पाशुपत सम्प्रदायलाई नेपालमा बलियो बनाउने प्रयासको क्रममा बज्रयानको वाममार्गी पूजा पद्धति र दक्षिणाचारी तान्त्रिक पद्धतिको बौद्ध समुदायमा समेत विकास हुनपुग्यो । यसक्रममा बौद्ध Cosmology भित्र पनि भूत, प्रेत, संरक्षक, संहारक रुपका बौद्ध देवीदेवताको परिकल्पना गर्ने क्रम बढ्दै विभिन्न बोधिसत्ववादी देवताका मूर्ति, चित्र, आदिको निर्माणका साथै उपासना परम्परामा पनि वृद्धि हुन थाल्यो । यस्तो अवस्थामा हिन्दूको प्रभाव त अवस्यै पर्ने नै भयो । अवलोकेश्वर पनि नीलकण्ठलोकेश्वर बन्न थाले । यसरी शैव र बौद्ध बीच एकत्वको भाव विकास भएतापनि उपासनाको उद्देश्य र अर्थ भने अवश्य फरंक थियो । त्यसबेलादेखि अनेकौं बौद्ध तान्त्रिक आचार्यहरू नेपालमा जन्मिएका उल्लेख पाइएका छन् । तन्त्रशास्त्रको प्रभाव बढ्दै जाँदा काठमाडौं उपत्यका एघारौं शताब्दी तिर आइपुग्दा नै तान्त्रिकहरूको तान्त्रिक तथा व्यावहारिक शिक्षाको केन्द्र बन्न पुगिसकेको थियो । तिब्वतको कर्ग्युपा मतका मार्पा ल्होढग्प ले काठमाडौं आएर ३ वर्षसम्म तन्त्रशास्त्रको अध्ययन गरेर फर्किएको चर्चा यहाँ उल्लेखनीय छ । तिब्वती बौद्ध परम्पराको कर्ग्यू-प अनुयायीहरूले चक्रसंवरलाई उक्त समुदायको इष्टदेवता (यिदम्) मान्दछन् । यसरी नै अर्का तिब्वती विद्वान् लो-चा-वा ठोग्मीले पनि काठमाडौं आई केही समय बज्रयानी ग्रन्थहरू र हेवज्रतन्त्रको थप अध्ययन गरी फर्केको चर्चा पाइन्छ (Roerich 1976: 205, 206) । त्यसपछि तिव्वतमा हेवज्रतन्त्रको अध्यापनको थालनी खासगरी साक्यप मठहरूमा ठोग्मीद्वारा नै भएको थियो ।

यसरी तान्त्रिक देव-देवताको पूजा-उपासना र केही पठन-पाठनमा समेत व्यापकता पूर्वमध्यकालदेखि आएको मानिन्छ । पञ्चध्यायी बुद्धको र अरु अनेकौं देवी-देवताको हिन्दूमा जस्तै कुल परम्पराको थालनी भएको देखिन्छ । एघारौं शताब्दीका तान्त्रिक बौद्धपरम्पराका अत्यन्त प्रभावशाली व्यतित्व विक्रमशील महाविहारका महापण्डित अतीशको नेपाल भ्रमण र विहारको स्थापना विषयको चर्चाले पनि यहाँ महायान र तान्त्रिक पद्धतिले गहिरो जरा गाडिसकेको थियो भन्ने कुराको जानकारी हुन्छ ।

नेपाली बौद्ध परम्परामा तान्त्रिक प्रभावको विषयमा चर्चा गर्दा विद्वान्हरू यहाँको बज्रयानी पद्धतिलाई नौलो र विशेष (unique) भन्ने चर्चा गर्ने गर्दछन् । तर खासमा यो पद्धति नौलो हो पनि होइन पनि । नौलो यसकारणले होइन, बज्रयानी बुद्धधर्म तन्त्रको गहिरो प्रभावमा चलेको मत बाहेक कुनै नौलो पद्धति त होइन, जुन पद्धतिको विकास शताब्दीयौं अगाडि उत्तर भारतका नालन्दा, बिक्रमशीला, उदयन्तपुरीजस्ता बौद्ध शिक्षका केन्द्रहरूमा भैसकेको थियो ।

काठमाडौं उपत्यकाको माध्यमिक बौद्धपरम्परा वा बज्रयानको इतिहासमा देखिएको खास नौलौपन (uniqueness) चाहिँ एउटा सानो भौगोलिक सीमा भित्र विकसित हिन्दू सभ्यताले व्यापकता पाएको सामाजिक र सांस्कृतिक परिवेशमा घुलमिल भएर बच्न र हुर्किनसक्नु हो' उत्तर भारत र यहाँको बीचमा फरक त्यसैमा छ । किनकि भारतमा बौद्ध र हिन्दू समाज र संस्कृति एउटै साँघुरो भौगोलिक सीमा भित्र हुर्कनु वाध्यता थिएन । बौद्धहरू सजिलै हिन्दू प्रभावका मुख्य क्षेत्रभन्दा केही पर अर्थात कुनै दूरीमा आफ्नै ढङ्गले बस्न र फष्टाउन सक्ने सम्भावना थियो । जुनकुरा यहाँ सम्भव थिएन ।

उपत्यकाको बौद्ध परम्परामा पनि बुद्धधर्मका मूलभूत सिद्धान्तलाई चाहिँ छाडिएको देखिदैन । किनभने बुद्ध, धर्म र संघलाई यहाँ पनि उत्तिकै मान्यता दिइएको पाइन्छ । त्यसैगरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतुआर्यसत्य तथा अष्टाङ्गिक मार्गलाई धर्मको आधार मानिएकै देखिन्छ । तर बाटो चाहिँ महायानीबाट अलिक अगाडि बढेर विकसित बज्रयानी वा तान्त्रिक रहेको छ । यहाँ प्राचीन कालदेखि आदिबुद्ध (बज्रधर वा वज्रसत्व) र पञ्चध्यानी बुद्ध (वैरोचन, अभिताभ, अमोघसिद्धि, रत्नसंभव, र अक्षोभ्य) को परिकल्पनाले जरा गाडिसकेको थियो भन्ने चर्चा माथि गरियो । यस्ता बौद्ध देवता र तिनका स्त्रीशक्तिहरूको स्थान नेवार बौद्ध परम्पराको उपासना पद्धति (rituals) मा सर्वोच्च रहेको छ । बज्रधर वा बज्रसत्वलाई शून्य वा शून्याताको प्रतिनिधित्व गराइ सर्वोच्च स्थानमा राख्ने परम्परा मध्यकालदेखि नै नेपालमा चलेको हो । त्यसवेंलादेखि अहिलेसम्म नै पनि यहाँको धार्मिक उपासना परम्परा वा जनजीवन वोधिसत्वको उपासनामा केन्द्रित भएको देखिन्छ । त्यसमा पनि अवलोकितेश्वर र मञ्जुश्रीलाई बढी महत्व दिने चलन यहाँ चल्दै आएको छ । तान्त्रिक उपासना चाहिँ प्रायः हेरुक, चक्रसंवर, बज्रवाराही, हेबज्र नैरात्माका मण्डल आदि माथि केन्द्रित भएको देखिन्छ । स्मरणीय छ, यी सबै देवी-देवताका परिकल्पना उत्तरभारतमा नै आँठौ शताब्दीताका र त्यसपछिका शताब्दीमा भैसकेको थियो

आठ महायानसूत्रहरू र एउटा तान्त्रिक ग्रन्थ मध्यकालिक नेवार बौद्ध परम्पराका आधार ग्रन्थ हुन् जसमाः प्रज्ञापारमिता, गण्डव्यूह, दशभूमि, समाधिराज, लङ्कावतार, सदर्मपुण्डिरिक सूत्र, ललितविस्तर, सुवर्णप्रभास तथा तथागत गूह्य (गूह्य समाज तन्त्र) पर्दछन् (Locke 1982: 44-45) नेपालका महायानी बज्रयानका अत्यन्त चर्चित र आवश्यक ग्रन्थहरूमा चाहिँ अष्टसाहस्रिका प्रज्ञापारमिता, करण्यव्यूह, पञ्चरक्ष आदि पर्दछन् ।

नेपाली बज्रयानी बौद्ध परम्पराको अर्को नौलो पन भनेको यहाँको भिक्षुसंघ हो, जुन पारिवारिक जीवनमा प्रवेश गरेका अधिअधिका भिक्षुहरूका सन्ततिहरूको समुदायले बनेको देखिन्छ । यहाँ पन्ध्रौ सोह्रौं शताब्दीदेखि पछि 'ब्रह्मचर्य' भिक्षुहरू एक/दुई व्यक्तिगत उदाहरण वाहेक पुरै हराईसकेको आभाष हुन्छ ।

ठूलाठूला वहा (विहार) हरूको समाजमा उच्चस्थान हुन्थ्यो जसमा 'ब्रह्मचर्य विनय तथा पुराना परम्पराको गुञ्जायस नै थिएन । सन्साना वहीहरूमा केही पछिसम्म पनि पुरानुपरम्परा बचाउने र भिक्षुव्रतंमा बसेका बौद्धहरू थोरै संख्यमा हुन्थे तर तान्त्रिक साधनाको नाममा विकसित सहजयानले विस्तारविस्तार त्यस्ता वहीहरूलाई पुरै विस्थापित गरिदियो र तिनीहरू पनि ठूला वहाहरूमा समाहित हुन पुगे । कतिपय अवस्थामा ठूला वहाका शाखाको रुप वहीहरूले लिन पुगे ।

यस सन्दर्भमा नेवार भिक्षुसंघका विशेषताका वारेमा पनि संक्षेपमा चर्चा गर्नु सन्दर्भिक हुन्छ, जुन निम्न लिखित छन्: (क) सबै भिक्षुहरू विवाहित हुनु, (ख) भिक्षुसंघमा प्रव्रज्यित भएका भिक्षुका छोराहरूले मात्र प्रवेश पाउनु (ग) प्रव्रज्यित भिक्षुहरू बन्द्य तथा तान्त्रिक गुरुसँग सम्बन्धित उच्चपरिवारका (शाक्य र बज्राचार्य) मात्र हुनु (घ) कथित भिक्षुहरू भिक्षुव्रत र विनय मानेर वास्तविक विहार पद्धतिमा नरही सांसारिक व्यवसाय अपनाउँदै पारिवारिक जीवनमा विहारकै परम्परागत भौतिक संपत्ति उपभोग गरेर बस्नु ।

यसरी नेवार बौद्ध परम्परामा उच्च पुरोहित वा भिक्षु परिवारमै पनि तल्लो जातिका आईमाईबाट जन्मिएका (शाक्य, बज्राचार्य) सन्ततिहरूले प्रवज्या वा विहारमा प्रवेश नपाउने एउटा कट्टर जातीय परम्परा चल्न पुगेको देखिन्छ । शाक्य र बज्रचार्यका पूर्वजहरू अघि-अघि वन्द्य, वा ब्रह्मचारी भिक्षु हुन्थे र विहारमै वसेर दान दातव्व लिएर वा पौरोहित्यको कामबाट मात्र जीवनयापन गर्दथे । 'वाडे छुयेगु', 'गुँलाधर्म', 'पञ्चदान' आदि धार्मिक चलन (ritulas) हरू उहिलेको विहार अनुशासन र भिक्षुव्रत परम्पराका अवषेशको रूपमा हाल पनि रहेकाछन् । गुँलाधर्म वास्तवमा बुद्धकालको वर्षावासको र (ति-यार्ने) को अवेशेष हुनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चदानले भिक्षाटन र वाडेछुयेगुले सन्यास वा भिक्षुव्रतको प्रवेशलाई सम्बन्धित प्राचीन परम्परालाई जनाउँछ । अहिले पनि प्रव्रज्यित हुने कार्यलाई 'वाडे छुयेगु' (वन्द्य वा भिक्षु बनाउने) भनिन्छ, जो ऐतिहासिक रूपमा अत्यन्त अर्थपूर्ण छ । अर्को विल्कूल नौलो कुरा के भने, ब्रह्मचर्य वा वास्तविक भिक्षुव्रत त्याग गरेपनि नेवार बौद्ध परम्परामा पहिले जस्तै सम्मान दिने र पौरोहित्य काममा चलाउने व्यवहारप्रधान चलन चल्यो यसमा पनि हिन्दूको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव रहेको हो कि भन्नसकिन्छ । यही कुरा हिमाली बौद्ध परम्परामा काठमाडौं उपत्यकामा जस्तो एकछत्र रूपमा चलेको थिएन र अझैं छैन । स्त्रीसंग शारीरिक सम्पर्क हुने ढावा -लामालाई गेलुग्, साक्या आदि सम्प्रदायमा विहारबाट बाहिर निकाल्ने र 'ढालोग्' भिक्षुबाट कलङ्कित रूपमान्ने चलन छ । यहाँ चाहिँ आश्चर्यको कुरा केछ भने कापालिकको प्रभावका बौद्ध कुसुलेहरू भने भिक्षु वा ब्रह्मचर्य वा सन्यासव्रत त्यागे पछि तल्लो जातिमा (पानीसमेत नचल्ने) मा पुगे बज्राचार्य र वन्द्य (वाँडे) हरू चाहिँ भिक्षु वा तान्त्रिक गुरुकै स्थानमा सम्मानित भैरहे ।

नेपालमा विकसित महायान मूलधाराका बारेमा चर्चा गर्दा अलिकति वर्णन यहाँका ऐतिहासिक स्रोतले देखाएका विभिन्न उपमतका बारेमा पनि गर्नु सान्दर्भिक हुन्छ । अभिलेखमा देखिएका केही नेपाली महायान परम्पराका नामहरू विश्व बौद्ध समुदायका निम्ति नै नौलो लाग्ने खालका पनि छन् । चतुर्विंश महायान सम्प्रदायलाई यस सन्दर्भमा ठोस उदाहरणको रूपमा लिनसकिन्छ । यस सम्प्रदायको नाउँको एउटा भिक्षुणीसंघ नै पूर्वमध्यकालमा नेपालमा भएको उल्लेख पाइएको छ (रेग्मी २०३९:१३४) । त्यसैगरी महायानका माध्यमिक र योगाचार मतहरू पनि यहाँ प्राचीन (लिच्छविकाल) देखि मध्यकालसम्म नै चलेका प्रमाण पाइएका छन् । माध्यमिक रत्नावली नामक एउटा छुट्टै बौद्ध ग्रन्थको रचनासमेत यहाँ भएको थियो (Roerich 1976:55) । महायानका प्रसिद्ध आचार्य वसुवन्धुका मौलिक ग्रन्थ नेपालमा मात्र पाइएको प्रसंग पनि यहाँ उल्लेखनीय छ ।

हिमाली बौद्ध परम्परा

नेपालमा महायान बौद्ध परम्पराका बारेमा चर्चागर्दा उपत्यकामा विकसित बज्रयान वा नेवार बौद्ध परम्पराका विषयमा मात्र उल्लेख गरेर पुग्दैन यद्यपि बज्रयानको तान्त्रक पद्धति र हिमाली बौद्ध परम्पराको स्रोतको रूपमा रहेको तिब्बेति बुद्धधर्म बीच गहिरो सम्बन्ध रहेकोछ । अर्को शब्दमा भन्दा हिमाली बौद्ध परम्परा नेपाली महायन बौद्धधर्मको एउटा महत्वपूर्ण फाँट भएको कुरालाई स्वीकार गरेपछि त्यसको फेद पहिल्याउने क्रममा तिब्वेति बौद्ध परम्परा र पश्चिम नेपालका चल्ल/मल्ल वा खस शासक भएको याचे अधिराज्यका ऐतिहासिक तथ्यहरूलाई पनि त्यत्तिकै ध्यान दिनु पर्दछ ।

उपत्यकामा र आसपासका विकसित महायान परम्पराले खडा गरेका धार्मिक साँस्कृतिक केन्द्रहरू स्वयंभू, बौद्ध, फर्पिङ, नमोबुद्ध, साँखु, करविरी मसान, पाटनका धेरै बौद्ध तीर्थस्थलहरू, चावेल, आदि तिव्वती बौद्ध परम्पराको निम्ति व्यूत्पत्तिस्थलका बौद्ध मार्गीहरूभन्दा पनि महत्वपूर्ण भएको कुरा स्पष्टै छ । नेपालको हिमाली क्षेत्रका लगभग १००० भन्दावढी गोन्पाहरू सबै महायान अन्तर्गत ञिङ्म, कर्ग्यु, सक्य तथा केही गेलुग् जस्ता तिव्वती बौद्ध परम्परासँग सम्वन्धित छन् । यसमध्ये कतिपयले ७/८ सयवर्ष पुराना बौद्ध साँस्कृतिक धरोहरहरू वचाई राखेको पनि पाइएका छन् । उपत्यकाका बज्रयानी तान्त्रिक परम्पराका विहार (वहा) हरूमा जस्तै गोन्पाका उपास्य देवता (diety) को रूपमा काल्पनिक विश्वाशका आधारमा विकसित (transcendental) विविध आकार र स्वरुपका बौद्ध देवी-

CC-0. In Public Domain. Digitization by eGangotri

देवताहरू हुन्छन् । जसमा चक्रसंवर (तिब्वतिः देछोग् खोर्लो) गुरु ढग् पो, दोर्जे च्वेपादेखि लिएर बज्रधर (दोर्जे छयाङ) सम्म मातृ र पितृ शक्ति आलिङ्गन वा मैथुन मुद्रा (याव्-युम्) मा देखाइएका हुन्छन् । हिमाली गोन्पाहरूमा यस्ता महायानी तान्त्रिक मतका थाङ्का, भित्तेचित्र, मूर्ति र सम्बन्धित ग्रन्थहरू सुरक्षित रहेका पाइन्छन् । यस किसिमले महायानी र तन्त्रयानी परम्पराका हिसावले नेपाल हिमालय पनि उपत्यकाभन्दा कम महत्वको छैन । ४/५ शय वर्षभन्दा पुराना तान्त्रिक मण्डल तथा अन्य भित्तेचित्रका अध्ययनका हिसावले उपत्यका जत्तिकै धनी नेपाल हिमालय रहेको छ । उदाहरणतः मुस्ताङ्का चुग्लाग्खाङ, केही गुफाहरू, डोल्पा, मुगु , गोरखा, मनाङ् र ताप्लेजुङ्ग तर्फका हिमाली क्षेत्रका केही गोन्पाहरू उल्लेखनीय छन् ।

हिमाली बौद्ध परम्परामा नेवार बुद्धधर्म भन्दा विल्कूल फरक विशेषता हो, बौद्धधर्मको प्रवेश पूर्वको वोन परम्पराको प्रभाव । तिब्वती वा हिमाली बुद्धधर्मका खासगरी ञिङ्मप, कर्ग्युप, साक्यपमा धेरै र केही गेलुग्पमा समेत वोन परम्पराको गहिरो अभेद्य प्रभाव रहेका पाइन्छ । पछि यो प्रभाव बौद्ध परम्पराबाट वोनमा समेत जाँदा यी दुवैथरी मिश्रीत हुनसमेत पुगेका छन् । यो एउटा नौलो (unique) विशेषता हो हिमाली बौद्ध परम्पराको ।

यस विषयमा चर्चा गर्दा अर्को एउटा विर्सन नहुने कुरा हो पश्चिम नेपाल र पश्चिम तिब्वत माथि शताब्दीयौंसम्म शासन गर्ने याचेपा अर्थात् खस सम्राज्यका शासकहरूसँग सम्बन्धित इतिहास । बाह्रौ, तेह्रौ र चौधौ शताब्दीमा यिनीहरूको साम्राज्य उत्कर्षमा पुगेको थियो, पश्चिम नेपालको सिंजा केन्द्रबाट । यी याचेका शासकहरू मध्ये धेरै महायानी त्यसमा पनि तिब्वती बौद्ध परम्पराका खासगरी कर्ग्यु र साक्यपा मतको प्रभावमा रहेका थिए । अशोक चल्ल जस्ता शासकले लिएका 'प्रवरमहायानुयायीपरमोपासक', 'हेवज्रचरणारविन्दुमकरन्दमधुकर' आदि र पुण्यमल्लले लिएका परमसौगत आदि उपाधिले उनीहरू महायानी तान्त्रिक बौद्ध थिए भन्न सकिन्छ । यस वंशका कतिपय राजा र राजकुमारहरू तिब्वतका प्रख्यात गोन्पामा गएर लामा भिक्षु भै अध्ययन गरेका उदाहरण पनि पाइएका छन् । खसराजा प्रताप मल्लको नाम यस प्रसङ्गमा उल्लेखनीय छ ।

उपसंहार

महायान बौद्ध परम्परा बुद्धधर्मको पतन गराउने माध्यम बन्यो कि बौद्ध धर्मको निरन्तरता तथा देशकाल परिस्थिति अनुकूल चल्नसक्ने धार्मिक बाटो बन्यो भन्ने विद्वत् छलफलको निम्ति विचारणीय कुरा हो । व्यवहारिकता र व्यापकतालाई दृष्टिदिदैं सुधारात्मक सहज बाटाको सिद्धान्त प्रतिपादन हुनु र त्यसै अनुरुप व्याख्या हुनुलाई कसरी सर्वथा नराम्रो बाटो भन्ने ? मूल उद्देश्य त आखिर प्राणिमात्रको भलाईका लागि आर्यसत्यको ज्ञान र निर्वाणको बाटो पहिल्याउनु नै हो । त्यसैले धेरै फराकिलो अर्थात् भक्ति, उपासना संपन्न सांसारिक र सहज मार्ग महायानले पहिल्यायो ।

विस्तारविस्तार हिन्दू धर्म र दर्शनको दवदवा बढ्दै जाँदा वा दुवै धर्म बीच प्रतिस्पर्धा वढ्दै जाँदा धर्म निरन्तरता र विकासका निम्ति सहजबाटो लिने क्रममा नै तान्त्रिक प्रभावयुक्त बज्रयानको विकास भयो । मानिसले सजिलै अपनाउन सक्ने धर्मको प्रतिपादन गर्नु आखिर बुद्धका उद्देश्यमध्ये एक त थियो नै । त्यसैले वस्तु वा अस्तित्वलाई अस्वीकार गर्ने धर्म नैरात्म्य वा शून्यताको सिद्धान्त अगाडि बढ्यो ।

तान्त्रिक बाटोमा फड्को मार्ने क्रममा शैव (पाशुपत) हरूसँग एकरुपताको भावना बढ्न पुग्यो । शैव वा पाशुपतका पशुपति पनि बज्रयानीका उपास्य बने । अगमवादी बौद्धका गुह्यदेवी, जसको उपासना तान्त्रिक विधिबाट बौद्ध तान्त्रिक आचार्यहरूबाट मात्र हुन्छ को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना गर्ने कामसमेत हिन्दू राजाहरूबाट भएका अचम्मको ऐतिहासिक परम्परा यहाँ छन् । प्रतापपुर र अनन्तपुरको स्थापनाको इतिहास यस सन्दर्भमा स्मरणीय छ । त्यस्तै किसिमले एकै व्यक्तिले शैव तथा बौद्ध आगमशास्त्रको राम्रो मननगरी त्यसका रहस्य भक्तजनमा गुह्यरूपमा पुऱ्याउने परम्परा समेत यहाँ चल्यो । यस्तो परम्परा चल्ने बाटो खुलाउनेमा महायानी बौद्ध मार्गीका ८४ सिद्धमध्येका केही सिद्धहरू बौद्ध आचार्यका चेलाभई पछि हिन्दूको शैव तान्त्रिक वनेका पनि छन् जस्तै जालन्धरपाद र गोरक्षनाथ आदि (बज्राचार्य, २०३३:९९) । एकै मत्स्येन्द्रनाथ बौद्धका आर्यावलोकितेश्वर पनि हुन् र शैवमार्गीका गोरक्षनाथका गुरुपनि । आगमवादी तान्त्रिक दार्शनिकहरू (निर्वाण र महासुखको दावा गर्ने दार्शनिकहरू) बज्रयोगिनी र गुह्यकालीलाई अभेद्यमानी दुवैको उपासना गर्दछन् । दुवैथरिको दृष्टिमा तान्त्रिक साधनामा अभेद देखिन्छ । प्रताप मल्लका समयसम्ममा वज्रयोगिनीलाई हरप्रेयसी भवानीसमेत मान्न थालेको उल्लेख पाइएकोले तान्त्रिक बौद्ध र शैव एकात्मकताको विकास यहाँ भएको झल्को पाइन्छ । यहाँ निर अगमवादी बौद्ध तान्त्रिकहरूले गुह्येश्वरीलाई आफ्नो धर्मकी रहस्यमय देवी 'नैरात्मा' मान्ने गरेको कुरा उल्लेखनीय छ (बज्राचार्य २०२३: १०१) । कापालिक कुसुले र बौद्ध परम्पराको प्रसंग यस सन्दर्भमा त्यत्तिकै उल्लेखनीय छ ।

यसरी हेर्दा नेपालमा बज्रयानी तान्त्रिक परम्परा पनि लोकप्रिय बन्नुमा यसमा अन्तर्निहित धार्मिक- सामाजिक, सहजपन तथा व्यवहारवादी र अनुकूलता हेरी परिवर्तनीय चरित्र (जसलाई dynamism पनि भन्न सकिन्छ) हुनु पनि हो ।

यसले गर्दा बौद्धलाई केही परिवर्तित रूपमा भएतापनि बचावट गर्ने तथा विस्तार र निरन्तरता दिने काम भयो । फलस्वरुप मध्यकालमा यहाँ वन्द्य (शाक्य) भिक्षु तथा बज्रचार्यहरूको संख्या हिन्दू ब्राह्मणको भन्दा धेरै गुणा बढी हुन पुगेको थियो । यस तान्त्रिक परम्पराको विकासले गर्दा एउटा स्थायी बौद्ध समुदायको सिर्जना गऱ्यो, जसले बौद्धधर्म र संस्कृतिको पूर्ण अन्त्य कहिल्यै पनि नहुने वातावरणको निर्माण गरिदियो ।

भौगोलिक अवस्थितिका कारण पहिलेदेखि नै उपत्यकाको र तिब्वतको बौद्ध परम्परा बीच घनिष्ट सम्वन्ध रह्यो । वज्रयानी परम्पराले तिब्वती बुद्धधर्ममा ठूलो प्रभाव पारेको छ । मध्यकालमा खासगरी उच्च मध्यकालतिर आइपुग्दा तिब्वत र काठमाडौं उपत्यका बीच बुद्धधर्मको क्षेत्रमा reciprocal रुपको सम्बन्ध रहेको समेत देखिन्छ । पहिले यताका कलाकार, तान्त्रिक आचार्यहरू तिब्वत जान्थे भने पछिपछि उताका ठूला तान्त्रिक तथा योगी, लामा-भिक्षुहरूलाई यहाँ आमन्त्रण गर्ने परम्परा पनि चल्यो । त्यसैले तिब्वती वा हिमाली बुद्धधर्म पनि नेपालको महायान, बज्रयान परम्पराको अभिन्न अङ्गजस्तै बनेको छ ।

अन्त्यमा कुन चाहिँ बौद्ध परम्परा मूल परम्परासँग नजिक छ हिनयान (स्थविरवादी) वा बज्रयान भन्ने प्रसङ्ग पनि उत्तिकै महत्वपूर्ण भएकोले एकदम संक्षेपमा उल्लेख गर्नु सान्दर्भिक होला । हुन त यस विषयलाई छुनासाथ Genealogy of Buddhist Studies in the World भन्ने विषयमा चर्चा गर्नु पर्ने हो । तर त्यो कुरा आजको सन्दर्भमा अलिक व्यापक (Vast) हुन्छ तर ढिलो /चाँडो यस विषयमा चर्चा गर्नु पनि अत्यावश्यक भने भैसकेको छ ।

आज यस सन्दर्भमा एउटा सानो बुँदामात्र उल्लेख गर्नु उचित होला; त्यो हो, आजको स्थविरवाद (थेरवाद) पनि एकपल्ट लोप भैसकेको हिनयानको हजारौं वर्ष पछि त्यो पनि यूरोपका Olcott जस्ता पादरीहरूको नेतृत्वमा यताउता छरिएर रहेका तर पूर्णरुप भने नभएका (fragmented) सामग्री र सूचनाका आधारमा यूरोपीय हेतुवादमा मुछिएर काल्पनिक रूपमा थपथाप गरिएका व्याख्या तथा परम्परा (invented tradition) का भरमा चलेका हुन भन्ने पनि Obeyesekere जस्ता विद्वानहरूको जोडदार तर्क (Obeyesekere and others

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

1972) रहेको छ । यसो हो भने महायान परम्पराबाट विकसित तान्त्रिक पद्धति र बज्रयानमा ता पहिलेदेखिकै निरन्तरता कायम भएकोले स्थानीय संस्कृति र हिन्दू शैवहरूको प्रभाव भएतापनि यसमाथि Eurorationality त अवश्यै पसेको छैन । तसर्थ कुन चाहिँ खास पुरानो बौद्ध परम्परा हो र कुन चाहिको मूल (original) सँग नजिकको सम्बन्ध छ भन्न गाह्रो नै छ । यी सबैकुरा फेरि (Genealogy of Buddhist Studies) अन्तर्गत मन्थन हुनुपर्ने विषय हुन । जुन आज संभव नभएपनि भविष्यमा हामीबाट हुन संभव छ । अस्तु

सन्दर्भसामग्री (References)

आचार्य, नरेन्द्रदेव, वि.सं. २०२८ *बौद्धधर्म दर्शन.* पटनाः विहार राष्ट्रभाषा परिषद ।

गुरूङ्ग, जगमान, वि.स. २०५१ *"महायानी एवं बज्रयानी बौद्ध दर्शन-एक विवेचना"*.पोखरा अर्घौं सदनद्वारा आयोजना गरिएको गोष्ठीमा प्रस्तुत पत्र ।

रेग्मी, जगदीशचन्द्र वि. सं. २०३९ *नेपालको धार्मिक इतिहास.* काठमाडौंः रत्नपुस्तक भण्डार ।

पाण्डे, गोविन्द चन्द्र ई.सं. १९७६. *बुद्धधर्म के विकास का इतिहास.* लखनऊः हिन्दी समिति ।

बज्राचार्य, धनबज्र, वि.सं. २०३०, *लिच्छविकालका अभिलेख,* काठमाडौंः ने.ए.अ.सं त्रि. वि. कीर्तिपुर ।

बज्राचार्य, मनबज्र, वि.सं. २०२३ *"शैव र बौद्ध तान्त्रिकहरूको धार्मिक संगमस्थल" युगप्रेरणा.* काठमाडौंः श्री ५ को सरकार, प्रचार-प्रसार मन्त्रालय, प्रसार विभाग ।

सिंह, अवधेश, ई.सं. १९८७ः *चीनी यात्रों के यात्रा विवरण में प्रतिबिम्बित बौद्धधर्म एक अध्ययन,* दिल्लीः रमानन्द विद्याभवन ।

Dhungel, Remesh 1999.***"Nepal-Tibet Cultural Relations and the ZHVA- dmar-pa (Shyamarpa) Lamas of Tibet" Contributions to Nepalere studies*** VoL. 26, No, 2, pp. 183-209.

----1989. **"Tibetan Inscription of the Teuth Zhva-dmar-pa Lama and its Translation"** ***Nepal Economist*** VoL.25 1-11"

Humphreys, Christmas 1969. ***Buddism***. reprint, Maryland: Penguin Books

Ikeda, Daisaku 1993. ***Mahayana Buddhism and Twenty–first-Ceutury Civilization***. Boston: Harvard University.

Locke, John K. 1986. ***"The Vajrayana Buddhism in the kathmandu Vallay"*** Paper presented at the 15th World Buddhist Conference held in Kathmandu from Nov. 27 to Dec. 2, 1986, pp. 43-72.

Obeyesekere, Gananath and others, eds. 1972. ***The Two Wheels of Dharma: Essay's on the Theravada Tradition in India and Ceylon***, Chambersburgo, pa: American Academy of Relision.

Robinson, Richard H. and Willard L. Johnson 1977. ***The Buddhist Religion*** Massachasetts: Duxbury press .

Roerich, G. N. tr.. 1976 (1949). ***The Blue Annals:*** second Ed. DelHi: Motilal Banarasidass Shastri, H. p., 1905. ***Descriptive Catalogue of Skt. Mss***---Calcatta: Rayal AsiaticSociety.

Slusser, M. S., 1982. ***Nepal Mandala*** Vols. I and II. Princeton: Univ press.

Vajracarya, N. M. 1998. ***Buddhism in Nepal***. Delhi: Eastern Book Linkers.

Watters, Thomas, 1961.***Onyuan-Chwang's Travels in India***. reprim. Delhi: Munshiram Manoharlal.

***

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उच्चशिक्षामा बौद्ध अध्ययनको प्राज्ञिक महत्व

डा.नरेशमान वज्राचार्य*

उच्चशिक्षा

शिक्षाको शुभारम्भ घरबाट हुन्छ। घरमा बाल-बालिकालाई आमा बाबुबाट शिक्षाको आरम्भ गराइन्छ। यसरी घरमा बालबालिकाले प्राप्त गर्ने शिक्षालाई आधुनिक शिक्षा प्रणालीले अनौपचारिक माने पनि शिक्षाको सुरुवात घरबाट नै हुन्छ। त्यसपछि औपचारिक रूपमा शिक्षाको केन्द्र मानिने विद्यालयमा औपचारिक तवरबाट बालबालिकालाई शिक्षा दिइन्छ। विद्यालयमा दिइने शिक्षालाई तहको दृष्टिकोणले प्राय: गरेर क्रमश: प्राथमिक तह (Primary Level), निम्नमाध्यमिक तह (Secondary Leval), माध्यमिक तह (Higher Level) र उच्चमाध्यमिक (Higher Secondary Leval) गरी चारतहमा विभाजन गर्ने चलन छ।

उच्चमाध्यमिक तहको शिक्षा हासिल गरिसकेका विद्यार्थीहरूलाई विश्वविद्यालय अन्तर्गत दिइने शिक्षालाई उच्चशिक्षा (Higher Education) भन्ने प्रचलन छ। उच्चशिक्षा अन्तर्गत स्नातक (Graduation) र स्नातकोत्तर (Post-Graduation) तह र उच्च सेतु कक्षाहरू (Bridge Courses) जस्तै Post-Graduate Diploma, M. Phil (Master in Philoslphy) जस्ता कक्षाहरू पनि पर्न आउँदछन्। यसरी विद्यालयदेखि विश्वविद्यालयमा प्राथमिक तहदेखि उच्च तहसम्म दिइने शिक्षालाई प्राज्ञिक शिक्षा (Academic Education) भन्ने गरेको पाइन्छ। त्यसपछिमात्र विशुद्ध अनुसन्धान कार्यको थालनी हुन्छ। विश्वविद्यालय अन्तर्गत विद्यार्थीका रूपमा अनुसन्धान (शोधकार्य) गरेवापत सफल शोधकर्ताहरूलाई विद्यावारिधि (Ph.D.=Doctor in Philosophy, D. Lit =Doctor in Literature) जस्ता उपाधिबाट विभूषित बनाइन्छ।

यही परम्पराअनुसार विश्वमा विद्यालय र विश्वविद्यालयहरू चल्दै आइराखेका छन्। ती विद्यालय र विश्वविद्यालयहरूमा विभिन्न विषयहरूको पठनपाठन हुन्छ। ती विभिन्न विषयहरू मध्ये "बौद्ध अध्ययन" (Biddhist Studies) विषयले पनि पठनपाठन योग्य छुट्टै विषयको रूपमा संसारका प्रसिद्ध विश्वविद्यालयहरूमा स्थान ओगट्न सफल भैसकेका छन्। यहि तथ्यबाट नै उच्चशिक्षामा बौद्ध अध्ययनको प्राज्ञिक महत्वलाई सहजै बुझ्नसकिन्छ। वर्तमान समयमा मात्रै होइन अतीतकालमा पनि बौद्ध अध्ययनका कारण स्थापना हुन पुगेका नालण्डा, बलभि, विक्रमशिला, जगद्दल र ओदन्तपुरी जस्ता बौद्ध विश्वविद्यालय (Buddhist Monastic Universities) हरूको इतिहासले वर्तमानमा पनि उच्चशिक्षामा बौद्ध अध्ययनको आवशयकता र र प्राज्ञिक महत्वलाई दर्शाइरहेको छ। त्यसकारण उच्चशिक्षामा बौद्ध अध्ययनको आवश्यकता र प्राज्ञिक महत्व एक निर्विवाद विषय हो। त्यसो हुँदाहुँदै पनि बौद्ध अध्ययन भन्नाले विशेष गरेर नेपालको उच्चशिक्षामा यस विषयको अध्यापन कार्यको प्राज्ञिक महत्वलाई संक्षेपमा मात्रै भएतापनि विद्वत्‌वर्गको सामु राख्नेप्रयास गरिन्छ।

बौद्ध अध्ययन

यस सभामा ऐतिहासिक बुद्ध-शाक्यमुनि गौतमको जीवनी, व्यक्तित्व, योगदानलाई प्रकाश पार्नु पर्ने जरुरी म ठान्दिन। त्यसकारण सिधै "बौद्ध अध्ययन" विषयमा प्रवेश गर्न

---

* यो कार्यपत्र श्री नरेशमान वज्राचार्य (पिएच.डी., उप-प्राध्यापक, विभागिय प्रमुख/ बौद्ध अध्ययन विभाग, त्रि.वि.कीर्तिपुर) ले ASEED-South Asia द्वारा मिति २०५८ साल जेष्ठ १२ गते त्रि.वि CNAS को Meting Hall मा आयोजित विचार गोष्ठिमा प्रस्तुत गर्नुभएको हो। यस कार्यपत्र माथि प्रा.डा. प्रेमकुमार खत्रीले टिप्पण गर्नु भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहन्छु । छोटकरीमा भन्नुपर्दा बौद्ध अध्ययन भनेको बुद्धसँग सम्बन्धित विषयहरूको अध्ययन हो । ऐतिहासिक दृष्टिकोणले हेर्दा सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नु भएपछि वहाँलाई बुद्ध भन्न थाले र वहाँको आचार, विचार, उपदेश, क्रियाकलापहरू समष्टिगत रूपमा बुद्धधर्मको संज्ञाले चिनिए । त्यसर्थ बुद्धधर्मको अध्ययन नै बौद्ध अध्ययन हो भन्ने अर्थ पनि निस्कन्छ । तर अतीतदेखि वर्तमान सम्ममा बौद्ध अध्ययन कम्तिमा पनि दुई भिन्नाभिन्नै प्रकारबाट भइरहेको पाइन्छ । एकातिर विगतका नालण्डा आदि विश्वविद्यालयमा बौद्ध अध्ययनको पठनपाठन हुन्थ्यो भने वर्तमान समयसम्ममा पनि प्राय: बौद्ध विहार, मन्दिर, गुम्बामा पनि बौद्ध अध्ययन भइरहेको पाईन्छ । अर्कातिर वर्तमानका थुप्रै आधुनिक विश्वविद्यालयहरूमा पनि बौद्ध अध्ययन चलिआइरहेको छ ।

यसरी नालण्दादेखि वर्तमानको बौद्ध विहारहरूमा बौद्धधर्मसम्बन्धी गराइने बौद्ध अध्ययनलाई विहारगत शिक्षा (Monastic Education) भन्न सकिन्छ भने वर्तमानको आधुनिक विश्वविद्यालयहरूमा गराइने बौद्ध अध्ययनलाई प्राज्ञिक शिक्षा (Academic Education) भन्न सकिन्छ । बौद्ध विहारमा गराइने बौद्ध अध्ययनको र आधुनिक विश्वविद्यालयमा गराइने बौद्ध अध्ययनको उद्देश्य, लक्ष्य, शिक्षण प्रणालि आदि एक आपसमा भिन्नहूनु स्वभाविक हो । बौद्ध विहारमा बौद्ध अध्ययन धार्मिक, दार्शनिक र अभ्यासगत दृष्टिकोणमा सांप्रदायिक-परम्परागत ढंगबाट गरिन्छ भने आधुनिक विश्वविद्यालयमा बौद्ध अध्ययन बुद्धधर्मको उत्पतिका पृष्ठभूमिदेखि लिएर बुद्धधर्मको विकास, विनाश, परिणाम, योगदान यावत् विषयहरूको धार्मिक, दार्शनिक, ऐतिहासिक, कला तथा सांस्कृतिक, पुरातात्विक, साहित्यिक, सामाजिक, प्रादेशिक आदि पक्षहरूको वैज्ञानिक अध्ययन अर्थात आलोचनात्मक विश्लेषणात्मक, तुलनात्मक आदि ढंगबाट अध्ययन गरिन्छ । माथि उल्लेखित बौद्ध अध्ययनका विविध पक्ष तथा विधाहरुका अतिरिक्त बौद्ध अध्ययनको दृष्टिकोणले प्राणिवाद (प्राणिमात्रको समान हक, हित र अधिकार), पर्यावरण, अर्थशास्त्र, कानूनशास्त्र, तर्कशास्त्र, संगठन, व्यवस्थापन, बजारशास्त्र, मनोचिकित्सा विधि आदि अन्य पक्षहरूको पनि अध्ययन, अध्यापन र अनुसन्धान गर्नसकिन्छ । तसर्थ बौद्ध विहारमा गराइने बौद्ध अध्ययन र आधुनिक विश्वविद्यालयमा गराइने बौद्ध अध्ययनको अर्थ, उद्देश्य, क्षेत्र, उपयोगिता, महत्व आदि भिन्नभिन्न हुन्छन् । बौद्ध अध्ययनका प्राज्ञिक पक्षहरू (Academic Aspects of Buddhist Studies) धेरै छन् र ती विभिन्न प्राज्ञिक पक्षहरूको अध्यापनका लागि उच्चशिक्षाको कुनै एकमात्र तह पर्याप्त देखिदैन । बौद्ध अध्ययनको छुट्टै शीर्षकले उच्चशिक्षाको सम्पूर्ण तहहरूमा क्रमबद्ध रूपमा बौद्ध अध्ययन समावेश गर्नुपर्ने आवश्यकता देखिन्छ ।

बौद्ध अध्ययनको प्राज्ञिक महत्व

वर्तमान समयमा एशियाका विभिन्न विकसित तथा विकासोन्मुख देशहरू जापान, कोरिया (दक्षिण), थाईलाण्ड, ताइवान, श्रीलङ्का, भारत आदि देशहरूमा आधुनिक बौद्ध विश्वविद्यालयहरू विद्यमान छन् । यी बाहेक एशिया, युरोप तथा अमेरिकाका प्रतिष्ठित विश्वविद्यालयहरूमा कैयौं दशक अघिदेखि बौद्ध अध्ययनको व्यवस्था भइसकेको छ । बौद्ध अध्ययनलाई प्राज्ञिक जगत् (Academic World) ले महत्वपूर्ण स्थान दिइसकेको छ । बौद्ध अध्ययन प्राज्ञिक दृष्टिकोणले अन्तराष्ट्रियकरण भइसकेको छ । त्यसकारण विषेश गरेर बुद्धको जन्मभूमि नेपालमा बौद्ध अध्ययनको आवश्यकताका कारणहरू तथा प्राज्ञिक महत्वलाई निम्नलिखितरूपमा प्रस्तुत गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१. बुद्धको जन्मभूमि नेपाल

गौतम बुद्धको समानताको दृष्टि मानव समाज भित्रमात्र सिमित नरही सम्पूर्ण प्राणी मात्रको विश्व समाजसम्म पुगेको छ। जुनकारणले विश्वले बुद्धलाई एक महान् व्यक्तिको रूपमा सत्कार गरेको पाईन्छ। विश्वमा शान्तिको ध्वजा गाड्नमा गौतम बुद्धको योगदान अद्वितीय छ। जीवन र जगत्को वास्तविक सत्यको खोजीमा गौतम बुद्धको पद्धतिमा वैज्ञानिकता पाइएको छ जसले गर्दा वहाँको धर्म-दर्शन विश्व व्यापक छ। यसरी विश्वव्यापक व्यक्तित्वका धनी गौतम बुद्धको जन्मभूमिको गौरवता नेपालले पाएको छ। राष्ट्रविभूति एवं विश्वविख्यात गौतम बुद्धको मातृभूमि नेपाल हुनुको एकमात्र कारणले पनि नेपालमा प्राज्ञिक बौद्ध अध्ययनको व्यवस्था हुनुपर्ने देखिन्छ।

२. नेपाल संस्कृत बौद्ध ग्रन्थको अद्वितीय भण्डार

गौतम बुद्धको नाम लिनासाथ वहाँबाट प्रतिपादित धर्म तथा दर्शनको नाम आउँछ। वहाँको धर्मोपदेश तथा दर्शनलाई संग्रह गरी बौद्ध ग्रन्थको निर्माण भएको छ। ती बौद्ध ग्रन्थहरू मूलरूपमा दुई भाषा संस्कृत र पालि भाषामा निहित छन्। यसरी बौद्धधर्मको मूलग्रन्थ भन्नासाथ बौद्ध संस्कृत ग्रन्थ र बौद्ध पालि ग्रन्थलाई लिइन्छ। ती दुई मूल ग्रन्थहरूमध्ये बौद्ध संस्कृत ग्रन्थको अद्वितीय भण्डार नेपाल रहेको छ। बौद्ध पालि ग्रन्थको संरक्षणको श्रेय श्रीलंकाले पाएको छ भने बौद्ध संस्कृत ग्रन्थको संरक्षणको श्रेय नेपालले पाएको छ। कम्तीमा पनि नेपालभित्र उपलब्ध प्राचीन बौद्ध संस्कृत ग्रन्थको उचित संरक्षण, सम्वर्धन अध्ययन, अनुसन्धान र प्रकाशनको दृष्टिले पनि नेपालमा बौद्ध अध्ययनको व्यवस्था हुनु आवश्यक देखिन्छ।

३. संस्कृत बौद्ध ग्रन्थहरू बौद्ध अध्ययन, अनुसन्धानका एक प्रमुख मूल श्रोत तथा विषय

नेपाल बुद्धको जन्मभूमि भनेर स्वयं नेपाल र विश्वले चिन्नुभन्दा अगाडि इ.सं. १८२४ मा विश्वले नेपाललाई बौद्ध संस्कृत ग्रन्थको भण्डारको रूपमा चिनेका थिए। लगभग उही समयमा तिब्वतमा पनि तिब्वती भाषामा अनुदित बौद्ध ग्रन्थहरू रहेको जानकारी भयो। फेरि केही समयपछि श्रीलंकामा पाली बौद्ध ग्रन्थहरू भेटाइएको कुरा विश्व सामु आए। अन्तमा इ.सं. १८९६ मा बुद्धको जन्मभूमि लुम्बिनी फेला परेको विश्वमा प्रचारप्रसार भयो।

एक ब्रिटिस नागरिक वि. एच. हग्सनको इ.सं. १८२१-१८४३ सम्मको नेपाल बसाइँको अवधिमा नेपालमा अवस्थित बौद्ध संस्कृत ग्रन्थहरूको विषयमा विश्वलाई जानकारी दिनुमात्र होइन उसले भेटाए जति ती ग्रन्थहरू विभिन्न देशका अध्ययन तथा अनुसन्धान केन्द्रमा बाँडिदिए। फलस्वरुप विश्वले नेपाललाई बौद्ध संस्कृत ग्रन्थहरूको अद्वितीय भण्डारको रूपमा चिन्नुका साथसाथै ती ग्रन्थहरूको अध्ययन, अनुसन्धान, प्रकाशन र अध्यापन पनि सुरु भयो। यसरी विदेशी राष्ट्र एवं विद्वानहरूलाई नेपालको बौद्ध संस्कृत ग्रन्थहरू अध्ययनको विषय बन्नपुग्यो। तर यतिका समय वितिसक्दा पनि स्वदेशमा सरकारी स्तरबाट त्यस्ता ग्रन्थहरूको अध्ययन, अनुसन्धान, प्रकाशनमा केही पहल भएको पाइदैन। यस सम्बन्धमा पनि यथाशीघ्र नेपालमा पनि बौद्ध अध्ययनको व्यवस्था हुनुपर्नेमा कसैको विरोध नहोला।

४. नेपालको सबभन्दा पुरानो पुरातात्विक अवशेष-बौद्ध पुरातात्विक अवशेष

इतिहासका श्रोतहरूमध्ये पुरानो पुरातात्विक अवशेष बौद्ध पुरातात्विक अवशेषहरू हुन्। सिद्धार्थको जन्मस्थल लुम्विनीमा भेटाइएका अवशेष, लुम्विनी, गोटिहवा, निग्लिहवामा अवस्थित अशोकको अभिलेखसहितको शिलास्तम्भहरू त्यस्तै प्राचीन नेपालको अवस्था दर्शाउने बौद्ध धर्मसँग सम्वन्धित थुप्रै अवशेषहरू नेपालमा यत्रतत्र भेटाइएको छ। यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको इतिहास निर्माणमा बौद्ध पुरातात्विक अवशेपहरूवाट ठूलो सहयोग पुग्न गएको छ। ती बौद्ध पुरातात्विक अवशेषहरूको सही विवरण र महत्वको लागि पनि सुनियोजित ढंगबाट बौद्ध अध्ययनको व्यवस्था हुनुपर्दछ भनेमा अत्युक्ति नहोला।

५. नेपालको लिखित इतिहास बौद्ध अभिलेख-शिलालेखबाट प्रारम्भ

इतिहासका विभिन्न स्रोतहरूमध्ये एक प्रमुख स्रोत "अभिलेख" हो। हालसम्मको अनुसन्धानबाट प्राप्त भएको तथ्य अनुसार नेपालको लिखित इतिहास बौद्ध अभिलेख शिलालेखबाट आरम्भ भएको छ। त्यतिमात्र होइन प्राचीन नेपालदेखि आधुनिक नेपालको प्रामाणिक इतिहास निर्माणमा बौद्ध अभिलेखहरूको ठूलो योगदान रहेको छ। तर बौद्ध अध्ययन विना ती बौद्ध अभिलेखहरूको यथार्थ बुझ्नमा केही कमि कसर रहनेछ। त्यसकारण बौद्ध अभिलेखहरूलाई यथार्थमा बुझ्न र बुझाउनको लागि नेपालमा बौद्ध अध्ययनको व्यवस्था हुनु आवश्यक छ।

६. प्राचीन नेपाल बौद्ध अध्ययनको एक केन्द्र

बौद्ध अध्ययन तथा अध्यापनको सम्बन्धमा प्राचीन भारतको नालण्दा, वलभि, विक्रमशील, जगडल, ओदन्तपुरी बौद्ध विश्वविद्यालयको रूपमा उल्लेखनीय छ। जहाँ भारतीयहरूले मात्र होइन थुप्रै विदेशीहरूले बौद्धधर्म दर्शनको अध्ययन गरेका थिए। तिव्वतको इतिहासले प्राचीन भारत मात्रै बौद्ध अध्ययन केन्द्र होइन कि प्राचीन नेपाल पनि बौद्ध अध्ययनको एक केन्द्र थियो भन्ने पुष्टि गरेको पाइन्छ। तिब्वतमा बौद्धधर्मको प्रवेश पश्चात् पटक पटक थुप्रै तिब्वती बौद्ध शिक्षार्थीहरू नेपाल आएर नेपालका बौद्ध आचार्यहरूसँग बौद्ध अध्ययन गरेका थिए। ती तिंब्वती बौद्ध शिक्षार्थी नै पछि गएर तिब्वतमा प्रकाण्ड बौद्ध विद्वान् पंक्तिमा पुगे। त्यतिमात्रै होइन भारतीय बौद्ध विद्वान् तथा साधकहरू नेपाल प्रवेश गरेर सिद्धि प्राप्त गरेको वर्णन पनि पढ्न पाईन्छ।

नेपालले प्राचीन नेपाल बौद्ध अध्ययनको एक केन्द्रको रूपमा प्राप्त गरेको गरिमालाई वर्तमानमा पनि कायम राख्नुपर्ने र त्यस सम्बन्धमा नेपालमा बौद्ध अध्ययनको व्यवस्था हुनुपर्ने कुरा निर्विवादै होला।

७. राष्ट्रिको पहिचानका प्रमुख पक्षहरूमध्ये बौद्ध जाति, संस्कार, संस्कृति, कला, विहार, स्तूप, चैत्य, मन्दिर चाडपर्व जात्रा आदि एक प्रमुख पक्ष

सिंगो राष्ट्रिको परिचय कुनै एक धर्म, जाति, संस्कार, कला आदिले पर्याप्त हुँदैन, अपूर्ण हुन्छ। नेपाल राष्ट्रको सन्दर्भमा नेपालको पहिचानका दुई प्रमुख पक्षहरू हिन्दू जाति र बौद्ध जाति र तिनीहरूका संस्कार, संस्कृति, कला, मन्दिर, चाडपर्व र जात्रा आदि हुन्। ती दुई प्रमुख पक्षहरू मध्ये बौद्ध जाति, संस्कार, संस्कृति, कला, धार्मिक तथा साँस्कृतिक धरोहरका रूपमा रहेका स्थलहरू जस्तै लुम्बिनी, गोटिहवा, निग्लिहवा, रामग्राम, देवदह, स्वयम्भू चैत्य, पाटनको अशोक स्तूपहरू इत्यादिका साथै यत्रतत्र विद्यमान विहार, गुम्बा, मन्दिर, चाडपर्व, र जात्रा आदिको महत्व र तिनीहरूको सुनियोनित ढंगबाट संरक्षण, संवर्धन आदिका लागि पनि स्वदेशमै बौद्ध अध्ययनको व्यवस्था अपरिहार्य छ। बौद्ध अध्ययन विना यथार्थमा राष्ट्रिको परिचय जोगाउन र दिन सक्दैन।

८. नेपालको दुई प्रमुख बहुसांख्यिक जातिहरू एक बौद्ध जाति

जनताले परम्परागत रूपमा अपनाई आएका धर्मका आधारमा नेपालको दुई बहुसांख्यिक जातिहरूमध्ये बौद्ध एक जाति हो। त्यो बौद्ध जातिको जीवन पद्धति, संस्कार, संस्कृति, कला बौद्धधर्म-दर्शनमा आधारित छन्। यसरी देशको दई बहसांख्यिक जातिहरूमध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक जाति बौद्ध जनताको संस्कार, संस्कृति, कला आदिको अध्ययन, संरक्षण, सम्बर्धन गर्नु राष्ट्रको दायित्व हो । यो दायित्व पूरा नभएसम्म सिंगो राष्ट्रको सर्वाधिक विकास हुनसक्दैन । त्यसकारण बौद्ध जनता र तिनीहरूको संस्कार, संस्कृति, कला आदिको उचित संरक्षण, सम्बर्धनको लागि नेपालमा बौद्ध अध्ययनको व्यवस्था हुनु आवश्यक देखिन्छ ।

९. नेपालको बौद्ध परम्परामा श्री ५ महाराजाधिराजको स्थान

शायद नेपाल एकमात्र राष्ट्र होला जहाँको बौद्ध परम्परामा राष्ट्रनायकको सम्मान हुन्छ । यो परम्परा अनवरत चलिआइरहेको छ । नेपालको वाह्रवर्षे बौद्ध धार्मिक कार्यहरूमा वर्तमान समयमा पनि श्री ५ महाराजाधिराजको अनिवार्य सहभागिताको प्रमुखस्थान रहँदै आएको छ । वाह्रवर्षे सम्यक्मा श्री ५ महाराजाधिराजको सवारीले एक प्रमुखस्थान ओगटेको छ । त्यस्तै श्री ५ महाराजाधिराजको जुनाफमा नेपालको बौद्ध परम्परा अनुसार भद्रकाली र पचली भैरव खड्कसिद्धि चढाउँदै आएको परम्परा पनि उल्लेखनीय छ । रातो मत्स्येन्द्रनाथको वार्षिक भोटो जात्रामा राष्ट्रनायकको सवारी सर्वविदितै छ । यसको अलावा बौद्ध स्तूप, मन्दिर आदिको निर्माण तथा जीर्णोद्धारको सन्दर्भमा श्री ५ महाराजधिराजको जुनाफमा इन्द्रकलश, प्रसाद आदि चढाउने परम्परा पनि कायमै छ । एकातिर नेपालको बौद्ध परम्परामा श्री ५ महाराजधिराजको महत्वपूर्ण स्थानको परम्पराले गर्दा राजा माथि बौद्ध जनताको अगाढ विश्वास, श्रद्धा सम्मान रहेको पुष्ठि हुन्छ भने अर्कातिर राजको सहभागिताले बौद्ध परम्परामा निरन्तरता प्रदान गरेको र राजकीय संरक्षण पाइरहेको पनि पुष्टि हुन्छ । यसरी नेपालको बौद्ध परम्परामा श्री ५ महाराजाधिराजको स्थान र सहभागिताको विषय अनुसन्धान, अध्ययन एवं अध्यापन गर्न गराउन सकेमा बौद्ध जनता र राजाको बीचको सम्बन्ध अझ सुदृढ हुन जानसक्ने तथ्यमा दुई मत नहोला । यस अर्थमा पनि नेपालमा बौद्ध अध्ययनको व्यवस्था हुनु समयसापेक्ष हुनेछ ।

१०. नेपालमा धार्मिक सहिष्णुता र समन्वयमा बौद्ध धर्मको योगदान

कुनै पनि समाज एवं देशमा शान्तिको वातावरण बनाउनमा सहिष्णुता तथा समन्वयको प्रमुख भूमिका रहन्छ । विविध समुदायका बीच सहिष्णुता तथा समन्वयको भावना भएमा मात्र समाज एवं देशमा शान्ति बनिरहन्छ । सर्वविदितै छ बौद्धधर्मको मूल आधारशीला सहअस्तित्वको सिद्धान्त, मैत्रीभाव, शान्तिको मार्ग, अहिंसाको नीति, संयम जस्ता शील सदाचार आदि हुन् । ती कारणले गर्दा बौद्ध जनताहरूको हृदयमा धार्मिक सहिष्णुता र समन्वयको भावले जड लिएको छ फलस्वरुप देशमा शान्तिको वातावरण बनाइराख्नमा मद्दत मिलेको छ भनेमा अत्युक्ति नहोला ।

यसरी देशको शान्तिको सवालसँग सम्बन्धित बौद्ध शिक्षा अध्ययन अध्यापनको माध्यमले राष्ट्रव्यापी बनाउन सकेमा भविष्यमा पनि देशको शान्ति सुव्यवस्थामा बौद्ध शिक्षाको ठूलो योगदान हुन सक्ने भएकोले नेपालमा बौद्ध अध्ययनको व्यवस्था हुनुपर्ने देखिन्छ ।

११. बौद्ध पुरातात्विक स्थलहरू प्रमुख पर्यटकीय स्थल

नेपालको विभिन्न राष्ट्रिय आयस्रोतहरूमध्ये पर्यटक पनि प्रमुख आयस्रोत हो । नेपालको पर्यटन स्थानहरूमा पुराना बौद्ध विहार, मन्दिर, स्तूप र अन्य बौद्ध पुरातात्विक अवशेषहरूले एक महत्वपूर्णस्थान ओगटेको छ । कतिपय नेपालको बौद्ध पुरातात्विकस्थलहरू त विश्वसम्पदामा सूचीकरण भैसकं जुन नेपालको लागि गरिमाको विषय हो । त्यसकारण पनि नेपालका बौद्ध पुरातात्विकस्थलहरू राष्ट्रियमात्र नभई अन्तराष्ट्रिय मामिलासँग पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्बन्धित छन् । अरु कति बौद्ध पुरातात्विक स्थलहरूको उत्खनन् नै गर्न बाँकी छ होला । नेपालको पर्यटन विकासको सन्दर्भमा हाम्रा पर्यटकहरूलाई ती सम्बन्धित स्थलहरूको तथ्य जानकारी दिनु, व्याख्या गर्नु एक अति महत्वपूर्ण दायित्व हो । बौद्ध मन्दिर, विहार, स्तुप र अन्य बौद्ध पुरातात्विक अवशेषहरूको तथ्य जानकारी र व्याख्याको लागि सबभन्दा पहिले बौद्धधर्मको इतिहास, दर्शन, साहित्य, कला, संस्कृति आदि विभिन्न दृष्टिकोणबाट अध्ययन हुनु आवश्यक छ जुनकुरा बौद्ध अध्ययनको व्यवस्थाबाट मात्र सम्भव हुन्छ ।

१२.बौद्ध धर्मको प्रचारले वैदेशिक सम्बन्ध सुदृढ

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय इतिहासका पाना पल्टाएको खण्डमा बौद्धधर्मको माध्यमबाट एक देशको अर्को देशसँग सुमधुर वैदेशिक सम्बन्ध रहन गएको पढ्न पाउछौं । नेपाल, तिब्बत, चीन, भारत, जापान, कोरिया, मंगोलिया, थाइलायण्ड, श्रीलंका, भूटान, बर्मा आदि देशहरूको एक आपसमा प्राचीन कालदेखि आपसीसम्बन्ध कायम तथा सुदृढ हुन गएकोमा बौद्धधर्म पनि एक प्रमुख कारणको रूपमा लिन सकिन्छ । भारतको इतिहासमा “चण्डाल अशोक” को नाममा चिनिने सम्राट अशोक बौद्धधर्ममा दीक्षित भइसकेपछि “देवताहरूको प्रिय सम्राट अशोक” को रूपमा साम्राज्य हासिल गर्ने सम्राट अशोकले विभिन्न देशहरूमा आफूले पठाएका बौद्ध धर्मदूतहरूको माध्यमले धर्म विजय (साम्राज्य) प्राप्त गरे, साथै थुप्रै देशहरूसँग सुमधुर सम्बन्ध राख्न सफल भए ।

नेपालकी सुपुत्री भृकुटीले तिब्वतमा दाइजोको रूपमा बोकेर गएकी बुद्धमूर्तिको कारण तिब्वतमा बौद्धधर्म प्रचारप्रसार हुन पुग्यो । त्यही समयदेखि नेपाली बौद्ध विद्वानहरूलाई तिब्वतमा निमन्त्रणा, तिब्वति बौद्ध शिक्षार्थीहरूको नेपाल आगमन, नेपाली बौद्ध कलाकार अरनिकोलाई चीनमा निमन्त्रणा, भारतका बौद्ध विद्वानहरूको नेपाल आगमन एवं तिब्वत प्रस्थान आदि ऐतिहासिक विवरणहरू अध्ययन, अनुसन्धान योग्य छन् । बौद्ध संस्कृत ग्रन्थहरू चिनिया भाषामा अनुवाद हुनु, तिब्वती भाषामा अनुवाद हुनु, चिनी अनुवादलाई जापान, कोरिया आदि देशले आधार ग्रन्थको रूपमा अपनाउनु, त्यस्तै बौद्ध पालि ग्रन्थहरू सिंहली, थाई, वर्मेली आदि भाषामा अनुवाद हुनु पनि उल्लेखनीय छ ।

माथि उल्लेखित केही ऐतिहासिक तथ्यबाट यही पुष्ठि हुन्छ कि प्राचीन कालदेखि बौद्धधर्मको प्रचारले विभिन्न देशहरूको एक आपसमा वैदेशिक सम्बन्ध सुदृढ हुन गएको छ । वर्तमान समयमा पनि नेपालले बौद्ध अध्ययनको व्यवस्था मिलाई विदेशी राष्ट्रलाई आकर्षित गरी वैदेशिक सम्बन्धमा एक आयाम थप्नसकिन्छ ।

१३. विश्वभ्रातृत्व तथा विश्वशान्तिमा बौद्धधर्मको योगदान

प्राचीन भारतको इतिहासले सम्राट अशोक बौद्ध धर्ममा दीक्षित भइसकेपछि हिंसामार्गलाई त्यागी शान्तिमार्ग अपनाइ वरपरका देशहरूसँग भ्रातृत्व एवं शान्तिपूर्ण दौत्य सम्बन्ध राख्न सफल भएको तथ्यलाई बताउँछ । जुनजुन देशमा बौद्धधर्मको प्रवेश भयो त्यहाँ जातिभेद, वर्णभेद र रंगभेद हिंसा जस्ता अन्य पाशविक, अमानुषिक व्यवहारलाई त्यागी समानता, नम्रता, सहअस्तित्व, बाँचौं र बँचाऔं जस्ता प्राणीवादको सिद्धान्त तथा व्यवहारलाई अपनाए । जसको फलस्वरुप समाजमा, देशमा शान्तिको वातावरण बनाई राख्नमा धेरै सहयोग पुगेको थियो ।

वर्तमान विश्वमा समानता, सहअसितत्व, बाँचौं र बचाऔं जस्ता प्राणीवादको सिद्धान्त तथा व्यवहारको अभावले गर्दा मानवाधिकार, स्त्री-पुरुष समानता, बाल अधिकार, पशु अधिकार, पर्यावरणको सुरक्षा, विश्व भ्रातृत्व तथा विश्वशान्तिको माग भइरहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विश्व भ्रातृत्व तथा विश्वशान्ति जस्ता आध्यात्मिक कुराको मागको पूर्ति विज्ञान तथा प्रविधिको फल भौतिक विकासमात्रले नहुने तथ्य सर्वविदितै छ। पूर्वकालमा भातृत्व तथा शान्ति बनाई राख्नमा बौद्ध धर्मको योगदान रहेको इतिहासबाट पुष्टि भएको हुनाले वर्तमान विश्वमा पनि भ्रातृत्व तथा शान्तिको वातावरण बनाई राख्नमा बौद्ध अध्ययनको व्यवस्थाले योगदान दिन सक्ने कुरामा विद्वानहरू एकमत भएको पाउँछौं ।

उपसंहार

विश्वमा विभिन्न देशहरूमा बौद्ध अध्ययनको व्यवस्था कैयौं दशक अघिदेखि भइसकेको छ । एशियाका विकसित तथा विकासोन्मुख राष्ट्रिहरू जापान, कोरिया, थाइल्याण्ड, ताइवान, श्रीलंका, भारत आदि देशमा सिंगै विश्वविद्यालयहरू नै विद्यमान हुनुका साथसाथै ती देशहरूका धेरै जसो अन्य विश्वविद्यालयहरूमा बौद्ध अध्ययन विभागको व्यवस्था भइसकेको छ । यी बाहेक एशिया, यूरोप तथा अमेरिकाका थुप्रै विश्वविद्यालयहरूमा कैयौं दशक अघिदेखि बौद्ध अध्ययन व्यवस्था भइसकेको छ । हामी प्राय: हरेक कुरामा विदेशको अनुकरण गर्दै आइरहेका छौं । तर बौद्ध अध्ययनको व्यवस्थामा अनुकरण भइरहेको छैन । अनुकरण गर्नुपर्ने हाम्रो वाध्यता होइन, हुनु पनि हुदैंन । बुद्धको जन्मभूमि मातृभूमि नेपाल भएको र अन्य माथि उल्लेखित कारणहरूले विश्वविद्यालयअन्तर्गत विभागीयस्तरमा नेपालमा बौद्ध अध्ययनको व्यवस्था गर्न श्री ५ को सरकारको शैक्षिक संस्थाहरूको राष्ट्रिय दायित्व हुन आउँछ । त्यो राष्ट्रिय दायित्वलाई पूरा गर्ने कार्यक्रमलाई समर्थन गर्नु, सघाउनु, जनताको र सम्पूर्ण राजनैतिक दलहरूको कर्तव्य हो भनेमा दुई मत नहोला ।

अतीत कालमा धार्मिक तथा दार्शनिक दृष्टिकोणबाट बौद्ध अध्ययनको विशेषस्थान थियो । तत्कालीन समाज यसबाट लाभान्वित भएका थियो । अहिले पनि लाभान्वित भइराखेको नै छ । तर आधुनिक कालमा बौद्ध अध्ययनको क्षेत्र धर्म र दर्शनमा मात्रै सिमित नभई अन्य क्षेत्र जस्तै साहित्य, इतिहास, कला, संस्कृति, नीति, अनुशासन, समान हक हित र अधिकार, व्यवस्थापन, संगठन, उपायकुशलता, अति आध्यात्मिकवाद र अति भौतिकवादबाट उब्जेका समस्या समाधान, मनोचिकित्सा विधि आदि विविध क्षेत्रमा बौद्ध अध्ययनको महत्व र उपयोगिता दिन प्रतिदिन बढ्दै गइराखेको हुनाले मानव समाज प्राज्ञिकस्तरको बौद्ध अध्ययनवाट पहिले भन्दा बढी लाभान्वित हुन सकिनेछ । ✹✹✹

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

यस समकालीन मातृभूमि नामक बौद्ध अध्ययन सम्बन्धी जरनल बुद्धका महान् सन्देशहरु जन-जनमा फैलाउन सफल रहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गजेन्द्र लामा
बौद्ध नाथ गेष्टहाउस प्रा.लि.
बौद्ध काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्य शान्तरक्षित र उनको तत्वसंग्रहः एउटा असंभव लोकोत्तर कृति

डा. काशीनाथ न्यौपाने*

आचार्य शान्तरक्षित एवं उनका सुयोग्य शिष्य कमलशीलको विद्वत्ता पूर्वीयदर्शनमा कति गम्भीर छ भन्ने तथ्य 'तत्वसंग्रह' र त्यसको 'पञ्जिकाटीका' को अध्ययनबाट थाह हुन्छ। आचार्य शान्तरक्षित ७ औं शताब्दीका प्रसिद्ध विद्वान् हुन् र उनका शिष्य कमलशीलले 'पञ्जिका'को रचना गरेका हुन्। 'तत्वसंग्रह' यस्तो अतिशय गंम्भीर दार्शनिक कृति हो जसमा समग्र पूर्ववर्ती र समकालिक अन्य दार्शनिकहरूका सबै नै महत्वपूर्ण विचारहरू त्यहाँ उल्लिखित छन् र त्यसंपछि तिनको खण्डन पनि त्यहीं गरिएको छ। 'कमलशील' को टीका 'पञ्जिका' मा ग्रन्थमा सूत्ररूपमा उपस्थापित पूर्वपक्ष र त्यसको संक्षिप्तरूपमा गरिएका खण्डनको विस्तृत विवरण सप्रमाण उपस्थापित गरिएको छ। अचार्यशान्तरक्षितको ऐतिहासिकताका विषयमा यहाँ चर्चा गर्न लागिएको छैन किनकि ऐतिहासिक विवरण अन्यत्र पनि उपलब्ध छन् र तिनको महत्व छुट्टै छँदैछ तर दार्शनिक जगत्मा र धार्मिक जगत्मा समेत शान्तरक्षित अपरिचित जस्तै छन्। त्यसमा कारण उनको अतिशय गम्भीर विद्वत्ता ही जुन विद्वत्ताले अन्य सबै दार्शनिकहरूका मत खण्डित हुन पुगे, त्यसैले उनीहरूका अनुयायीहरूले शान्तरक्षितको नामनै लिने भएनन् र बौद्ध दार्शनिकहरूले यदा कदा नाम लिने गर्दछन् तर शान्तरक्षित पछि (लगभग-१००-२०० वर्ष भित्रै) बौद्धदार्शनिकहरू, जसले उनका कृतिहरूको अध्ययन गरेर त्यसको सातत्यमा उनका कृतिहरूका महत्वलाई बाहिर ल्याउने काम गर्ने थिए, (तर इसाको) ९ औं शताब्दीमा आएर ज्ञानश्रीमित्रका शिष्य रत्नकीर्ति पछि दार्शनिक धरातलबाट बौद्धविद्या भारतभूमिबाट विलुप्त प्रायः भयो। त्यसैले यस्ता अतिशय गंभीर, लोकोत्तर, महत्वशाली ग्रन्थहरूको वास्तविक रहस्य समाजमा आउन सकेन। साथै समयको क्रूरप्रवाहमा यी महत्वपूर्ण ग्रन्थहरू अध्येताहरूबाट टाढा हुन पुगे। अहिले, जब यी ग्रन्थहरू मुद्रित भए, यो वेलामा पनि अतिशय दुरूहताका कारण सामान्य धार्मिक व्यक्तिका पँहुचबाट टाढा हुनु र असाधारण विद्वान्हरूको पनि पक्षपातपूर्ण दृष्टि र यसको दुरुहता साथै लोकमा ग्राहकको कमी पनि हुन पुगेको हुनाले यस महवपूर्ण ग्रन्थले समाजमा ठाउँ बनाउन सकेन। यो ग्रन्थ आफ्नै प्रकारको पहिलो र अन्तिम ग्रन्थ हो भन्न सकिन्छ। यसको लेखनपछि लगभग १४०० वर्षसम्म पनि यस्तो प्रकारको ग्रन्थ लेखिएको छैन भने त्यो भन्दा पहिला पनि लेखिएको देखिँदैन।

यस पुस्तकमा अन्य विषयका अतिरिक्त साङ्ख्यवादीहरूको प्रकृतिपरीक्षा गरिएको छ। ईश्वरको परीक्षा गरिएको छ। यहाँ परीक्षा गर्न भनेको उनीहरूको मत उठाएर राख्ने र त्यसको यथार्थ खण्डन गर्ने हो, त्यसरी नै ईश्वरमा सबै ईश्वरवादीहरूका मतको खण्डन गरिएको छ जस्तै-अविद्धकर्णको मत, उद्योतकरको मत, प्रशस्तदेवको मत, ईश्वरको सर्वज्ञता आदिमतहरू सबै उठाएर तिनको खण्डन गरिएको छ। एउटा विषय यहाँ विचारयीय छ ईश्वरवाद मूल रूपमा पूर्वीय दर्शनहरूमध्ये केवल नैयायिकहरूको मात्र हो भन्नसकिन्छ किनकि साङख्यहरू निरीश्वर छन्, योगमा केवल 'ईश्वर प्रणिधानाद्वा' भनेर वैकल्पिकरूपमा उठाइएको हुनाले योगमा इंश्वर स्वीकृत छ भन्ने हो र साङ्ख्य र योगलाई एकै ठाउँमा

---

* श्री काशीनाथ न्यौपाने, पिएच.डी., उप-प्राध्यापक बौद्धदर्शन विभाग, वाल्मिकी विद्यापिठ, महेन्द्र संस्कृत विश्व विद्यालय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिलाउनुको उद्देश्य पनि 'सेश्वर' बनाउनु नै हो । त्यसैले योगलाई पनि पूर्ण ईश्वर वादी दर्शनको रूपमा लिन सकिँदैन । वैशैषिक दर्शनमा शैवदर्शनको प्रभाव छ र उनीहरू पनि सर्वज्ञ, सर्वकतृव ईश्वरतिर उन्मुख देखिदैनन् । परमाणुवादी वैशेषिकहरूमा विशेष पदार्थको धेरै महत्व छ । प्रत्येक परमाणुमा केही विशिष्टता छ त्यसैले उनीहरू वैशैषिक कहलाउँदछन् । मीमांसकहरू कर्मवादी हुन् । उनीहरूको ईश्वरसँग कुनै सम्बन्ध छैन । वेदान्तहरूमा ईश्वर पनि मायासंवलित भएको हुनाले हामी जस्तै हो । त्यसैले उसको कुनै सर्वकर्तृत्व सर्वज्ञत्व स्थापित हुँदैन । त्यसैले मूलरूपमा ईश्वरवादी दर्शन भनेको न्याय दर्शन नै हो र फाट्ट फुट्ट अन्य दार्शनिकहरूले पनि ईश्वर स्वीकारेका छन् । मीमांसकहरूमा कमलाकर भट्ट आदि नव्यमीमांसक छन् भने साङ्ख्यदर्शनमा पनि सेश्वर साङ्ख्य छन् । वेदान्तीहरूमा विशिष्टाद्वैतहरूले 'वासुदेव' लाई परमतत्त्व, ईश्वर जे भने पनि आफ्नो सर्वस्व मान्दछन् । शैवदार्शनिकहरूमा शिवलाई मूलभूत पदार्थ मान्ने निश्चयनै छ । अब यहाँ ईश्वरको चर्चा परिचर्चा भन्दा पनि तत्त्वसंग्रहकारले ईश्वरका सबैपक्षको खण्डन गर्नु भएको तथ्यमात्र प्रष्ट पार्न खोजिएको हो । यसरी ईश्वरको खण्डन गरेर प्रकृति र ईश्वर दुवैको खण्डन,जुन सेश्वरसाङ्ख्यवादीहरूको मत हो को पनि निराकरण गर्नु भएको छ ।

स्वाभाविक-जगद्वादपरीक्षा प्रकरणको अवतरण, त्यसपछि अत्यन्त महत्वपूर्ण वैयाकरणहरूको मत शब्दब्रह्मवादको खण्डन गरिएकोछ । पुरुषपरीक्षाको अवतरण, वेदवादीहरूका मतको खण्डन । आत्मपरीक्षा, जस अन्तर्गत नैयायिक-वैशेषिक-अविद्धकर्ण, शङ्करस्वामी, उद्योतकर, अविद्धकर्णको खण्डन एवं जगत् कर्तृत्व भोक्तृत्व खण्डन । मीमांसापरिकल्पित आत्मखण्डन । कुमारिल मतको उपस्थापन, त्यसको खण्डन आदि विषयहरू, कपिल मतको उपस्थापन एवं खण्डन, दिगम्बर परिकल्पित आत्माको खण्डन । उपनिषद प्रतिपादित आत्माको खण्डन । वात्सी पुत्रीय परिकल्पित आत्माको खण्डन । यसरी जति पनि दार्शनिकहरूले आत्मवादी चिन्तन गरेका छन् तिनका सबै मतहरूको उपस्थापन एवं खण्डन । यसरी नै अन्य विषयहरूमा स्थिरभावपरीक्षा, कर्मफलसम्बन्धपरीक्षा, द्रव्यपदार्थपरीक्षा, कर्मपदार्थपरीक्षा, सामान्यपदार्थपरीक्षा, विशेषपदार्थपरीक्षा, समवायपदार्थपरीक्षा, शाब्दार्थपरीक्षा, शाब्दविचार, उपमानविचार, अर्थापत्तिविचारः अभावविचार, युक्त्यनुपलब्धिविचार, सम्भवविचार, ऐतिह्यार्दिविचार श्रुति परिक्षा एवं समस्त दार्शनिक विचार एवं सिद्धान्तको खण्डन गरिएको छ । सर्वप्रथम ग्रन्थको प्रारम्भमानै प्रतीत्य समुत्पादको रहस्यलाई अगाडि सारेर त्यसैमा सबै विषयहरूको वर्णन संक्षेपमा प्रस्तुत गर्नु भएको छ । अनुबन्ध चतुष्टयात्मक मङ्गलाचरणमा निम्न रूपमा उपस्थापित गर्नु भएका विषयहरूलाई यसरी प्रकट गर्नु भएको छ –

प्रकृतीशोभयात्मादिव्यापाररहितं चलम् ।
कर्म तत् फलसम्बन्धव्यवस्थादिसमाश्रयम् ॥ १॥
गुणद्रव्यक्रियाजातिसमवायाद्युपाधिभिः ।
शून्यमारोपिताकारशब्दप्रत्ययगोचरम् ॥२॥
स्पष्टलक्षणसंयुक्तप्रमाद्वितयनिश्चितम् ।
अणीयसापि नांशेन मिश्रीभूतापरात्मकम् ॥३॥
असंक्रान्तिमनाद्यन्तं प्रतिविम्बादिसन्निभम् ।
सर्वप्रपञ्चसन्दोह निर्मुक्तमगतं परैः ॥४॥
स्वतन्त्रश्रुतिनिःसङ्गो जगद्वितविधित्सया ।
अनल्पकल्पासंङ्ख्येयसात्मीभूतमहादयः ॥५॥
यः प्रतीत्यसमुत्पादं जगाद गदतांवरः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तं सर्वज्ञं प्रणम्यायं क्रियते तवसंग्रह: ॥६॥

प्रकृति=साङ्ख्यसिद्धान्त=सत्व-रजस्तमरूप प्रधान, ईश=ईश्वर, उभयम्=ती दुवै, आत्मा= सृष्टि, संहार कारक एक पुरुष त्यसबाहेक संसारीजीव, आदि=कालको ग्रहण, तिनीहरूको व्यापार=कारण समूह, तेन रहितम्= त्यसले रहित= व्यापार शून्य, यसविषयलाई स्वय भगवान्ले यसरी व्यप्त गर्नुभएको छ- "स चायमङ्कुरो न स्वयं कृतो न परकृतो नोभयकृतो नेश्वर निर्मितो न प्रकृतिसंभूतो नैव कारणणाधीनो नाप्यहेतुसमुत्पन्नः" (शा.सु १०२) ं यस्तो प्रकारको प्रतीत्यसमुत्पाद के अक्षणीक छ ? होइन- चलम् =क्षणिक छ, यसरी यहाँ स्थिरभाव परीक्षणको उपस्थापन गरिएको छ। कर्म र उसका फलआदिको सम्बन्ध प्रतीत्यसमुत्पादसँग छैन, गुणद्रव्य-क्रिया-जाति-समवाय आदि उपाधिले युक्त पनि प्रतीत्यसमुत्पाद होइन, शून्यम्= उपर्युक्त सबै प्रकारका पदार्थहरूले रहित, प्रतीत्यसमुत्पाद हो, प्रतीत्यसमुत्पादमा यदि कुनै उपाधि न हुने हो भने त्यसको अस्तित्वनै कसरी संभव हुन्छ त ? शब्दको आकारद्वारा आरोपित छ= विकल्पयुक्त छ=व्यवहार दशामा, परमार्थरूपमा शब्दद्वारा बोध हुन्न किनकि त्यहाँ सबै विकल्प अस्त छन्, जसरी अविचारित रमणीयता जागतिक शब्दसन्दोहमा रहन्छ। त्यसरी नै भगवान्ले पनि उपेक्षित तत्वार्थद्वारा गजनिमीलन जस्तै गरेर परमार्थको उपस्थापन हेतु शब्द प्रयोगद्वारा प्रतीत्य समुत्पादको व्याख्या गर्नु भएको हो। अरु कुनै उपाय थिएन, शब्द प्रयोग विना संभव न देखेरनै यसो गरिएको हो। स्पष्ट लक्षणले युक्त दुई प्रमाण-प्रत्यक्ष, अनुमानद्वारा पदार्थको विवेचना गरिन्छ, कारण आदिका स्वभावद्वारा अति थोरै चीजले पनि कार्यरूपपदार्थमा कुनै मिश्रण भएको छैन, स्कन्धादिस्वभावको कुनै संक्रमण छैन, आदि-अन्तरहित, प्रतिबिम्बादिसन्निभम्=चित्तमात्र-स्वभावयुक्त, सबै प्रकारका प्रपञ्चसमूहले पूर्णरूपमा रहित भएको, अरुवादीहरूले र भगवान् भन्दापूर्व कसैले न जानेको, वेद आदि श्रुति ग्रन्थद्वारा निर्देशन नगरिएको र तिनको पनि निराकरण गरिएको प्रतीत्यसमुत्पाद जगत्को हित गर्ने इच्छाले=महाकरुणा वशीभूत भएर, असङ्ख्य कल्पहरूमा आफुभित्र एकद्वा भएको ठूलो दया करुणाका वशमा भएर भगवान्ले बोल्नेहरूमा सर्वश्रेष्ठ हुनाले नै प्रतीत्य समुत्पादको उपदेश गर्नु भयो, त्यस्ता सर्वज्ञलाई प्रणाम गरेर तत्व संग्रह नामक ग्रन्थको रचना गर्दछु।

यसरी मङ्गलाचरणमा नै आफ्नो उद्देश्य स्पष्ट गर्नु भएर ग्रन्थकारले बौद्धदर्शनको मूलमर्म पनि देखाइदिनुभएको छ। त्यो हो प्रतीत्य समुत्पाद, प्रतीत्य समुत्पादलाई केन्द्रविन्दु बनाएर लेखिएको अर्को ग्रन्थ हो मध्यमकशास्त्र-आचार्य नागार्जुन कृत, त्यसमा र यसग्रन्थमा पनि मूलभूतरूपमा प्रतीत्य समुत्पादलाई अगाडि सारिएको छ। नागार्जुनले प्रतीत्यसमुत्पादलाई आठ विशेषणले युक्त वनाएका छन् भने यस ग्रन्थमा त्यो शैली छैन तर त्यसको महत्व र विशेषता अन्यत्र कही पनि छैन भन्ने स्वत: देखाइएको छ। त्यसैमा केन्द्रित भएर ग्रन्थको रचना पनि गरिएको छ।

अर्को प्रश्न उठ्छ यो ग्रन्थ कुन सम्प्रदायको हो ? अर्थात् वैभाषिक-सौतान्तिक-योगाचार अथवा माध्यमिक (शून्यवाद) सम्प्रदायको हो ? यसमा विमति या सन्देहको कुनै पनि ठाउँ नै छैन। यो ग्रन्थ माध्यमिक शून्यवादी परम्पराको प्रतिनिधि ग्रन्थ हो। यद्यपि यहाँ त्यसको चर्चा गरिएको छैन तर प्रकृत्या त्यो तत्व नै यहाँ सिद्ध हुन्छ। शून्य तत्व नै प्रतीत्यसमुत्पाद हो। यो प्रतीत्यसमुत्पाद के हो ? बाह्य-अर्थात्मक हो अथवा चित्तमात्र हो ? जसरी 'प्रतिबिम्ब'-'आलातचक्र' 'गन्धर्वनगर' 'मृगमरीचिका' आदि चितद्वारा कल्पित वाह्यपदार्थ हुन, नकि वास्तविक बाह्य पदार्थ त्यस्तै प्रतीत्यसमुत्पाद पनि चित्कल्पित बाह्य जस्तो भएतापनि बाह्यपदार्थ हुँदै होइन। यो त नितान्त चित्तमात्रमा भासित हुने वैशिष्ठ्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो । 'प्रतीत्यसमुत्पाद' शब्दको अर्थ यसरी गर्न सकिन्छ-हेतु प्रत्ययहरूलाई=अंकुरको बीजनै हेतु प्रत्यय हो, समाश्रित्य=आश्रय बनाएर स्कन्ध-आयतन धातु आदिको उत्पत्ति नै प्रतीत्य समुत्पाद शब्दको अर्थ हो । कारण सामग्रीका आधारमा उत्पन्न स्कन्ध आदिको व्याख्या गर्ने भगवान् नै पहिलो व्यक्ति हुनुहुन्छ भन्ने ग्रन्थकारको आशय हो । ग्रन्थको कस्तो प्रकृति छ वर्णनको, त्यसलाई यथार्थरूपमा जान्नका लागि पहिलो परिच्छेदका केही पदार्थहरूको अर्थ सहित यहाँ व्याख्या गर्नु अत्यन्त महत्वपूर्ण प्रतीत हुन्छ । त्यसैले 'तत्वसंग्रह' को प्रथम परिच्छेदको नै अनुशीलन गरौं –

प्रकृतिपरीक्षा

अशेषशक्तिप्रचितात् प्रधानादेव केवलात् ।
कार्यभेदाः प्रवर्तन्ते तद्रूपा एव भावतः ॥७॥

अशेषशक्तिप्रचितात्=महदादिकार्य समूहलाई उत्पन्न गर्ने आफ्नो विशिष्ट शक्तिले युक्त भएका प्रधानादेव=सत्त्व- रजस् र तमोगुण को साम्यावस्था नै प्रकृति हो र त्यही नै प्रधान हो त्यसबाट मात्र, केवलात्=त्यसैबाटमात्र अन्य ईश्वरवादी साङ्ख्यहरूका अनुसार ईश्वरको सहयोगको यहाँ आवश्यकता छैन, केवल प्रधान नै यसो गर्न आफैं समर्थ छ, कार्यभेदाः=कार्यभेद- जगतिक पदार्थ समूह उत्पन्न हुन्छन् त्यसैका (प्रधान) गुणलाई आत्मासात् गरेर, भावतः=वस्तुतः, कार्यभेदको प्रक्रिया प्रारंभ हुन्छ, त्यो कस्तो छ त ? प्रधान–बुद्धि (महत्)-अहङ्कार-पञ्चतन्मात्र (पञ्चभूत), एकादश इन्द्रीय यसलाई ईश्वरकृष्णले यसरी व्यक्त गरेका छन्-

प्रकृतेर्महान् ततोऽहङ्कारस्तस्मात् गणश्च षोड्शकः ।
तस्मादपि षोडशकात् पञ्चभ्यः पञ्च भूतानि" (सां.का)

१) मूल प्रकृतिः (प्रधान)
▼
२) महत् (बुद्धिः)
▼
३) अहङ्कारः
▼
(१६ पदार्थहरू)

(१) पञ्च ज्ञानेन्द्रिय (श्रोत्र, चक्षु, घ्राण, रसना, स्पर्श)
(२) पञ्च कर्मेन्द्रिय (वाक्, पाणि, पाद, पायु, उपस्थ)
(३) १४ मनस्
(४) पञ्च तन्मत्रा
पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश)
(शब्द, स्पर्श, रस, रूप, गन्धतन्मात्रा)

२५) पुरुष

महान् भनेको बुद्धि हो 'यो घर' हो 'यो पुस्तक' हो आदि निश्चयात्मिका बुद्धि हो । म राम्रो छु, म स्थूल छु, म कृश छु आदि अहङ्कार हो । संकल्प-विकल्पात्मक मन हुन्छ । अन्य पदार्थहरू स्वतः जान्न सकिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी सबै पदार्थहरू प्रधानबाट अवतरित हुन् र सबैमा प्रकृतिका गुण विद्यमान छन् । जस्तो-लोकमा जुन कारण हुन्छ कार्य त्यस्तै रूपमा हुन्छ । काला तन्तुबाट प्रारब्ध कपडा कालो हुन्छ र सबै कार्यहरू कारणमा पहिला विद्यामान रहन्छन्, त्यसैले सबै तैलार्थीहरू तिल या तत्सरह तेलविद्यमान पदार्थमा प्रवृत्त हुन्छन् । नकि बालुवा आदिमा । अथावा जुन असत् छ त्यसको निर्माण कसैले पनि गर्दैन, जस्तै गगनकुसुम । यसरी नै साङ्ख्य मतानुयायीहरू सत्कार्यवादी सिद्ध हुन्छन् ॥८॥

किन व्यक्तिहरू धान आदि अन्न उत्पन्न गर्न तिनकै बीजको वपनमा प्रकृत हुन्छन् ? असमान अन्य पदार्थमा प्रवृत्त हुँदैनन् ॥९॥ त्यस्तै यदि कारणमा कार्य पहिला नै निश्चित रूपंमा न रहने हो भने सबै पदार्थ सबै चीजबाट उत्पन्न हुनुपर्दथ्यो तर त्यस्तो संभव नै छैन । त्यसैले 'शक्य' कार्य 'शक्त' हेतुबाट नै संभव हुन्छ । र, अर्कातिर जुन असत् हो त्यो निरूप छ=निःस्वभाव छ, निःस्वभाव शशविषाण जस्तै अकार्य हुन्छ, अग्राह्य हन्छ, त्यो अग्राह्य अविकारी अकाश जस्तै हुनुपर्दथ्यो । तर त्यस्तो अतिशय विशेषरूप कसले निर्माण गर्न सक्तछ र !! त्यसैले जति पनि व्यक्त महत् आदिकार्यहरूछन् ती सबै नै कारणजन्य छन्, त्यसमा हामी प्रसन्नता, ताप, दीनता आदिको प्राप्ति पनि गर्दछौं । त्यसैले त्यही प्रधान प्रकृतिले अन्वित सबै तत्सम्भूत घट पट मठादि भेद हुन् त्यही प्रधान नै यसरी व्यक्त भएको हो भनेर कपिलमतानुयायीहरू भन्दछन् । यहाँ सत्कार्यवादी सिद्धान्तको पूर्वपक्षका रूपमा उपस्थापन आचार्यले गर्नु भएको छ ॥१०-१५॥

ती पूर्व पक्षका प्रतिपादक पद्यहरू निम्नरूपमा लेखिएका छन्-

यदि त्वसद्भवेत्कार्यं कारणात्मनि शक्तितः ।
कर्तुं तन्नैव शक्येत नैरूप्याद् वियदब्जवत् ॥८॥
कस्माच्च नियतान्येव शालिबीजादिभेदतः ।
उपादानानि गृह्णन्ति तुल्येऽसत्वेऽपरं न तु ॥९॥
सर्वं च सर्वतो भावाद् भवेदुत्पत्तिधर्मकम् ।
तादात्म्यविगमस्येह सर्वस्मिन्नविशेषतः ॥१०॥
शक्तीनां नियमादेषां नैवमित्यप्यनुत्तम ।
शक्यमेव यतः कार्यं शक्ता :कुर्वन्ति हेतवः ॥११॥
अकार्यातिशयं यत्तु नीरूपमविकारि च ।
विकृतावात्महान्याप्तेस्तत्क्रियेत कथं नु तैः ॥१२॥
कार्यस्यैवमयोगाच्च किं कुर्वत्कारणं भवेत् ।
ततः कारणभावेऽपि बीजादेर्नावकल्पते ॥१३॥
सुखाद्यन्वितमेतच्च व्यक्तं व्यक्तं समीक्ष्यते ।
प्रसादतापदैन्यादिकार्यस्येहोपलब्धितः ॥१४॥
ततस्तन्मयसम्भूतं तज्जात्यन्वयदर्शनात् ।
कुटादिभेदवत्ताच्च प्रधानमिति कापिलाः ॥१५॥

यी सांख्यमतानुवादपरक पद्यहरू पूर्वपक्षका रूपमा यहाँ उपस्थापित गरिएका हुन् ॥१५॥

उत्तरपक्ष

यहाँ सत्कार्यवादका विषयमा जुन दोषहरू बौद्ध विद्वान्द्वारा उपस्थापित गरिन्छन् त्यसमा जुन उत्तर सत्कार्यवादीद्वारा उत्तर दिइनेछ ती समान हुनेछन् अर्थात ती बौद्धहरूका लागि हुनेछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्धहरू असत्कार्यवादी हुन र त्यसमा उपस्थापित गरिने दोषहरू बौद्धहरूले स्वीकार्दछन् (त्यसको उत्तर पछि ग्रन्थद्वारा दिइनेनै छ)।

यदि कारणमा कार्य पहिलानै विद्यामान छन् भने दूधबाट किन दही बनाउने, दही पहिलानै सिद्धछ। कारणमा नै कार्य छ, कार्य र कारणको भेद पनि नहुने भयो। पहिलानै अवस्थित पदार्थलाई कसरी बनाउन सकिन्छ !! अब समस्या पनि त्यही उपस्थित हुन्छ त्यो दही रूप कार्य दूधरुप हेतुबाट उत्पन्न नै नमानिने भयो यहाँ हेतु दूध= प्रधान, वित्तिः=चैतन्य, ती दुवैमा वरावर स्थिति देखिन्छ, जुन सर्वाकारका रूपमा स्थित छ। त्यो केहीवाट पनि जन्म=उत्पाद्य हुँदैन, जस्तो प्रकृति अथवा चैतन्य। यहाँ सवै पदार्थको मूलकारण प्रकृति =प्रधान हो र दही दूधका परिवेषमा दूध प्रकृति हो र महद् आदि उसका कार्य र यहाँ दहि आदि, त्यसैले जब प्रधान नै कहींबाट उत्पन्न छैन भने त्यसबाट उत्पन्न पनि सबै अनुत्पन्न बराबर हुन्छन् दूधबाट दहीले कसरी उत्पन्नद हुने ? जस्तो कि चैतन्य पनि अनुत्पाद्य छँदैछ त्यसरी नै महद् आदि कार्य पनि उत्पाद्य हुँने संभावना नै छैन। हेतु र हेतुजन्य दुवै नै एक हुनाले न त्यहाँ कारण न कार्य नै संभव हुन्छ दुवै एकै हुन्छन्।

फलितार्थ मूलप्रकृति आदि बीज दूध आदि अभिमत पदार्थ विवक्षित महदादि र दर्ध्यादिको हेतु हुन सक्दैन, किनकि साध्यको अभाव भएको हुनाले। साथै अकारण अभिमत पदार्थ स्वभाव युक्त हुनाले पनि। अभिद्यमान साध्यं कारण हुँदैन जस्तो कि चैतन्य।

त्यसो भए हेतु =कारण =प्रधान = दुग्ध आदि अतिशयात्मकहेतु = प्रकट गर्ने, देखाउने उपलब्ध गर्ने अदिरूपमा लिन सकिन्छ नि !! किन त्यसलाई हेतु नमान्ने त ? हामीले[१] 'शक्तिमत्वेन' कारण मानेकाछौं न कि अभिव्यक्तिरूपेण। अथवा निर्विशेष सामान्यरूपमा हेतु स्वीकृत गर्दा ? अनैकान्तिक दोष हुन्छ, र त्यसो गर्दा सवैको कार्यत्व हुन संभव हुँदैन। त्यहाँ पनि साध्य विद्यमान छँदैछ। त्यसैले 'नाभिमतो हेतुसाध्यत्वात्' यो दोष यहाँ हुँदैन[२]।

त्यसो भए यहाँ अर्को प्रश्न यसरी गरिन्छ– यो 'अतिशय' हेतु अभिव्यक्ति भन्दा पूर्व थियो कि थिएन ? यदि थियो भने तपाई साङ्ख्यहरूले दुवै पूर्वोक्त हेतुको 'असिद्धत्व' आदि उत्तर केही किन दिनु भएन ? यदि पहिलादेखि नै त्यो थियो भने त्यो 'अतिशय' ती हेतुहरूवाट प्रादुर्भूत किन त्यसै वेला हुनसकेन ? त्यसैले 'असद् अकरणात्' आदि साङ्ख्यहरूको न्याय युक्तियुक्त हुन सक्तैन।

अव साध्यको नै अभाव भएको हुनाले 'उपादान' ='कारण' को ग्रहण संभव नै छैन, त्यो साध्यरूप फलेच्छाद्वारानै वुद्धिमान्हरूद्वारा त्यसपदार्थको ग्रहण गरिन्छ। निश्चितपदार्थको (क्षीरादि) ग्रहण सम्वन्ध पनि ठीक छैन, किनकि साध्यको नै संभावना छैन। अथवा साध्य असंभव हुनाले=सत्कार्यवादमा साध्य को अभाव हुने हुनाले पनि 'सर्वसंभवाभावात्' हेतुपनि सिद्ध हुँदैन। 'शक्तस्य शक्यकरणात्' यो हेतु पनि साध्यको अभावहुनाले नै संभव छैन। यदि कसैले केही जन्माउछ भने जन्माउनेको शक्ति व्यवस्थित मानिन्छ र निर्वर्त्य=उत्पाद्यको कारण पनि त्यहाँ अवस्थित हुन्छ, अन्यथा हुँदैन। त्यसैले यहाँ न कुनै शक्ति उत्पादक छ न क्रिया नै, पहिला नै सबै विद्यमान भएको हुनाले।

त्यसैले निष्पन्न पदार्थको कार्य त यहाँ संभव हुँदैन र कार्य न हुँदा कारण कसरी रहन सक्त छ र ? यसरी न कार्य न त कारण नै यहाँ संभव हुन्छ।

---

[१] साङ्ख्यवादीहरूले

[२] यो साङ्ख्यका तर्फबाट उठाइएको तर्क हो र यसपछि फेरि त्यसको खण्ड गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कारणको संभावना पनि पदार्थहरूको उत्पत्तिमा संभव हुँदैन किनकि साध्य =उत्पादन = कार्यको अभाव हुँनाले, सबै नै साधन=कारणद्वारा आफ्ना विषयमा प्रवृत्त भएपछि दुईवटा काम गरिन्छन्- प्रमेयार्थविषमा प्रवृत्त भएर संशय र विपर्यासलाई निवर्तन गर्दछ साथै उसको विषयमा निश्चयको उत्पादन पनि गर्दछ । तर सत्कार्यवादमा यो संभावना नै देखिन्न । न यहाँ सन्देह -विपर्यास =भ्रमको निवारण हुन्छ किनकि कार्य सधै नै निश्चयात्मक रूपमा रहेक्रो हुन्छ कारणमा, न यसले कार्यको निश्चयात्मक उत्पत्ति गर्छ किनकि पहिलानै त्यहाँ भएको हुनाले निश्चयात्मक उत्पत्ति गर्ने काम नै छैन । त्यसैले यो सबैकारण समुह पूर्णरूपमा निष्फल देखिन्छ ।–

जस्तो कि सन्देह र विपर्यास तपाईं साङ्ख्यहरूको मतमा चैतन्यात्मक होइन अथवा बुद्धिमनस्स्वभावले युक्त नै, दुवै पक्षमा पनि तिनको सन्देह र विपर्यासको निवारण संभव हुँदैन, चैतन्य बुद्धि-मनहरू नित्य छन् र त्यसै ती पनि नित्य नै हुने भए । निश्चयको उत्पत्ति पनि साधनद्वारा संभव छैन, त्यहींबाट नै सधैं कारणको अवस्थिति भएको हुनाले । त्यसैले सबै कारण जुन तपाईहरूले भन्नु भएको छ त्यो व्यर्थ छ । यसरी स्ववचन विरोध दोष उपस्थापित गरियो, निश्चयको उत्पादनका लागि साधनको वयान गर्नेले निश्चयको अभावमा उत्पत्तिको स्वीकार गरेर 'सत्कार्यम्' (कार्य कारणमानै छ) यस्तो प्रतिज्ञाको निषेध गरेर स्ववचन व्याघात गरिरहेका छन् ।

अथवा 'अभूत' को निश्चयोत्पत्ति हुन्छ- साधनद्वारा भन्ने हो भने 'असद अकरणात्' इत्यादि सबै हेतुसमूहको अनैकान्तिक दोष उत्पन्न हुन्छ । किनकि निश्चयवान् असत्को पनि उत्पत्तिमा विरोध हुन्न । त्यसैले निश्चय असत्को पनि करण उसको निष्पत्तिका लागि हुन्छ जस्तै विशिष्ट साधनको परिग्रहण गरिन्छ । त्यसैले सबै हेतुहरू व्यभिचारात्मक हुन्छन् । पहिला अव्यक्त पदार्थ ती ती कारणस ्द्वारा व्यक्त हुन्छन् भन्ने हो भने ती व्यक्तिहरू कसका हुन् त ? किनकि व्यक्तिहरूनै असिद्ध छन् । त्यो 'अतिशय' असत्को हो अथवा सत्को ? असत्को पक्षमा व्यभिचार दोष छँदैछ, सत्का पक्षमा साधनको व्यर्थता स्वतः सिद्ध हुन्छ । अभिव्यक्तिको विषयमा पनि यो अभिव्यक्ति के हो ? यसरी यहाँ पनि अनवस्थादोष उपस्थित हुन्छ ।

अभिव्यक्तिको अर्को अर्थ पनि हुन सक्छ त्यो हो 'ज्ञानोत्पत्तिरूप अभिव्यक्ति' त्यसो भए त्यो पनि संभव छैन क़िनकि 'ज्ञान' नित्य छ र नित्यको उत्पत्ति संभव हुँदैन । तपाईंहरूको मतमा 'संवित्' =ज्ञान एउटै मात्र छ, 'सृष्टिदेखि प्रलयसम्म एउटै बुद्धि हुन्छ' यो पनि तपाईंहरूकै सिद्धान्त हो । त्यसैले अर्को 'उपलम्भ' =प्राप्तव्य कुनै पदार्थ नै छैन (=उत्पाद्य =प्राप्य कुनै विषय छैन) जसलाई साधनले उत्पादन गरोस्, ज्ञान नित्य हुनाले त्यसको क्षयपनि संभव छैन, साथै आवरण क्षय (कारणगत आवरण) पनि यहाँ संभव छैन त्यो निःस्वभाव भएको हुनाले । साथै सत्कार्यवादीपक्षमा कारणमा पहिला नै कार्य अवस्थित = सिद्ध भएको हुनाले बन्ध-मोक्षको र सर्वलौ.किकव्यवहारको पनि उच्छेद हुने निश्चय नै अवस्था देखिन्छ । किनकि प्रधान र पुरुषको मिलनद्वारा तत्त्व ज्ञानको उत्पत्ति हुन्छ र त्यसपछि कैवल्य (मोक्ष) हुन्छ यो तपाईंहरूको मत हो, तर त्यो तत्त्वज्ञान सधै नै अवस्थित छ,त्यसैले सबै प्राणीहरू सधै नै मुक्त छन् , त्यसैले बन्धन संभव नै छैन । मिथ्याज्ञानका कारणले गर्दा बन्धन हुन्छ र त्यो पनि सधैं अवस्थित हुनाले कसरी बन्धनबाट छुट्ने ? त्यसैले मोक्ष संभव छैन । सारा संसारको प्रवृत्ति चाहिँ हित र अहितको प्राप्ति र परिहारमा देखिन्छ । यसरी सत्कार्यवादमा कुनै वस्तु अप्राप्य पनि छैन अहेय पनि छैन त्यसैले सारा जगत् निरीह हुने पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संभावना देखिन्छ । अन्ततः सबै व्यवहार नष्ट हुन्छन् । सत्कार्यवादमा, तीन गुणको अविभागद्वारा पनि सबैबाट (प्रत्येकपदार्थमा तीन गुण छन्) सबैको उत्पत्ति संभव हुँदैन, त्यसरी नै असत्कार्यवादमा पनि त सबैबाट सबैको उत्पत्ति संभव हुँदैन । कुनै पनि पदार्थको एउटै कारण हुन्छ, धेरै या सबै सबैका कारण हुन सक्तैनन् ।

त्रिगुणको साम्यावस्थारूप प्रकृतिमा एउटैको एकै ठाउँमा एकै समयमा हेतुता - अहेतुता परस्पर विरुद्धता सम्भावित हुन्छ कारण र कार्यको भेद हुँदा कुनै कारण हुन संभव छ । अभेदमा क्रिया र अक्रिया कार्य र कारणमा ठूलो विरोध उपस्थित स्वतः हुन्छ ।

अब असत्कार्यवादी बौद्धको मतमा कारणहरूका नियत शक्तिहरू घटित हुँदैनन्, किनकि कार्यभूत अवस्थाको निष्पत्ति नै हुँदैन । अवधिविना अवधिमा प्रकट हुने पदार्थको 'भाव' संभव हुँदैन । जुन पदार्थहरू सद्भूत कार्यावधि शुन्य हुन्छन् ती नियतशक्ति युक्त हुँदैनन् जस्तो शश-विषाण, सद्भूतकार्यावधिरहित शाली (धान्य) बीजादि पदार्थहरू छन् यसरींव्यापकानु पलब्धि दोष हुन्छ -असत्कार्यवादी पक्षमा भनेर साङ्ख्यद्वारा उठाइएको यो प्रश्न हो ।

ती कारण समूहहरूको अनिष्पत्ति भएमा दूधबाट दही उत्पन्न हुन्छ भन्ने शक्तिको व्यापदेश (ज्ञान =शब्द प्रयोग) नहुँदा पनि त्यस्तो प्रकारको सबै उपाधि (कारणात्मक) शून्य पदार्थको अनुपस्थितिद्वारा पनि जुन अन्तर अदृष्य पूर्ववस्त्वन्तरको उदय हुन्छ त्यसको कुनै निषेध छैन, त्यसले हाम्रो पक्षमा कुनै दोष छैन ।

त्यसो भए शब्दविकल्पहरूको अप्रवृत्ति हुनाले वस्तु स्वभावको पनि निवर्तन हुन्छ ? त्यसो होइन-स्वभाव नै व्यपक हो र स्वयं निवृत्त हुँदा आफ्नो व्याप्यलाई पनि निवर्तन गर्दछ । त्यो कारण होस् अथवा कार्य, प्रतिबन्ध भएको हुनाले । 'दुधको दहीमा शक्ति' यस्तो प्रकारको व्यपदेश पदार्थको स्वभाव हुँदैन, जसले आफू निवर्तन हुँदा त्यस्ता निवर्तन गरोस् । त्यसैले वाचक शब्दहरू अनेक प्रकारका निरंशक वस्तुहरूमा यथाभ्यास प्रवर्तित हुन्छन् । एउटै शब्दादिपदार्थ नित्यादिरूपले भिन्न समयमा रहने वस्तु प्रवादहरूसँग विकल्पित हुन्छ र प्रयुक्त पनि हुन्छ ।

पदार्थहरूको पूर्वापरकोटि शून्य क्षणमात्र स्थायी स्वभावलाई नै 'उत्पाद' भनिन्छ । कल्पित बुद्धिद्वारा कर्तृभूत अथवा कारण भूतनै किन नहोस् केवल असत् कर्ताद्वारा सम्बन्धित हुन्छ, त्यस्तो कुनै 'असत्' छैन जुन उत्पत्तिपरक होस्, तर काल्पनिक व्यवहार हुन्छ जस्तो कि न भएको उत्पन्न हुन्छ भन्ने ।

फेरि यहाँ कल्पनाको बीज के हो ? जसद्वारा यो व्यवहार प्रवर्तित हुन्छ ? पहिला थिएन, पदार्थ पछि पनि हुनेवाला छैन (नष्ट हुन्छ) त्यसैले भूत र भविष्यको मध्यमा हुनु - 'प्रकट' रूपमा देखिनु नै कल्पनाको बीज हो । मध्यावस्था भन्दापहिला थिएन र मध्यावस्थामा आउनलाई नै 'उत्पन्न' हुन्छ भनेर कल्पना गरिएको हो । यदि पहिला पनि भएको भए मध्यावस्थामा आउनेलाई लिएर यस्तो कल्पना हुने थिएन । किनकि सर्वदा स्थित आकाश जस्तो पदार्थको विषयमा यस्तो कल्पना गरिदैन । अन्यथा 'सर्वदा सबै चीज हुन्छ' यस्तो व्यापदेश गर्नु पर्दथ्यो ॥३३॥

'कारणमानै कार्य छ' यस्तो साङ्ख्यावादीको जुन मत छ त्यसको के अर्थ हो ? त्यो व्यक्ति रूपमा हो ? त्यो संभव हुँदैन ,क्षीरादि अवस्थामा पनि दहिको पछि उपलब्धि हुनुपर्ने हुन्छ तर त्यस्तो देखिदैन । के शक्ति (उत्पादन क्षमता) रूपले ? त्यसमा पनि दहीको कार्यरूपले उपलब्धि क्षणबाट अन्य हो अथवा त्यही ? यदि त्यही हो भने पहिला झैं उपलब्ध हुनपर्थ्यो तर त्यस्तो देखिदैन । अथवा अर्को पक्ष हो भने 'कारणात्मनि कार्यमस्ति' यो पक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्याग्नु पर्ने हुन्छ । कार्यका अतिरिक्त 'शक्ति' नामको कुनै भाव पदार्थको अवस्थिति नै संभव छैन । जुन आविर्भूत विशिष्ट रसवीर्यविपाक आदि गुण विशिष्ट स्वरूप नै दध्यादि हो त्यही कार्य हो, त्यो चाहिँ दुध आदि अवस्थामा उपलब्ध हुन योग्य हुँदा पनि अनुपलब्ध भएको हुनाले असद्व्यवहारको विषय भएको छ । यदि अर्कै शक्तिरूप हो भने त्यो कार्य नै होइन । अर्को को अवस्थितिमा अर्को हुने पनि कुरो भएन । 'अनुपचार' मा 'आयुर्घृतम्' आयु नै घिउ हो यस्तो प्रसङ्ग पनि मिल्दैन, त्यहाँ त घिऊले आयु बढाउछ त्यसैले घिऊलाई नै आयु भनियो तर आयु र घिऊ एक होइनन् , यहाँ त्यस्तो प्रसङ्ग पनि घट्दैन । यदि तपाईहरू 'उपचार' द्वारा नै कारणमा कार्य छ भन्नुहुन्छ सत्यतया होइन भने कुनै दोष छैन है । तर मुख्य वृत्तिद्वारा विरोध छ, गौणद्वारा होइन । जुन प्राणीहरूको स्वरूप छ त्यही नै दुःख मोह हो भन्ने यहाँहरूको चिन्तन चाहिँ मिल्दैन किनकि तिनीहरू परस्पर भिन्न लक्षणले युक्त छन् ।

शब्द आदिद्वारा व्यक्त सुख दुःख आदि हामीहरूको सिद्धान्तमा सिद्ध छैनन् किनकि ती त बाह्य होइनन् 'संवित्' रूप मात्र हुन् । शब्द आदि अचेतन भएको हुनाले यी कसरी सुख दुःखसँग सम्वन्धित हुन सक्तछन् ? सक्तैनन् । "ये संविद्रूपा न भवन्ति न ते सुखादिमयाः यथापरोऽपगतोऽचेतनः पूरुषः । संविद्रूपरहिताश्च शब्दादयः शक्तिव्यापकानुपलब्धिः" ।

यदी यसरी व्यक्त त्रिगुणात्मक पदार्थ सिद्ध भएपनि प्रधान = प्रकृति सिद्ध हुँदैन जुन साङ्ख्यहरूको सर्वस्व हो । त्यस्ता प्रकारका कारणद्वारा कंही पनि हेतुको अन्वय असिद्ध भएको देखिएकोले, त्रिगुणात्मक, एक व्यापक, कुनै चीज छ त्यस्तो कारण सिद्ध गर्नुपर्दछ !! तर यस्ता प्रकारका कारणद्वारा कंही हेतुको प्रतिबन्ध सिद्ध भएको देखिदैन । साथै जस्तो गुणयुक्त कार्य देखिन्छ त्यस्तै तै कारण पनि अवस्य हुन पर्थ्यो कार्य र कारणको अभेदभएको हुनाले, हेतुमत्व-अनित्यत्व-अव्यापि आदिधर्महरूले युक्त भएको व्यक्त आदि कार्य यहाँहरूको सिद्धान्त हो, तर (ती दुबैको) कारणको त्यस्तो स्वरूप देखिदैन । त्यसैले यो हेतु अनैकान्तिक = व्यभिचरित छ ।

कारण भूत धर्म चाहिँ एक, नित्य, तथा त्रिगुणात्मक छ तर व्यक्त त्रिगुणात्मक, एक आफ्नो जातिले युक्त देखिदैन । बल्कि अनेकत्व अनित्यत्व आदि धर्मयुक्त देखिन्छ । व्यक्त जस्तो छ त्यसको कारण पनि त्यस्तै हुनपर्ने हो, त्यो छैन , कारणमा अरु गुण छन् कार्यमा अन्य भिन्न गुण छन् । त्यसैले नित्य एक प्रधानको सिद्धि हुँदैन । यदि अनित्य, अनेक रूप कारणलाई प्रधान मान्ने हो भने केही दोष छैन ।

यदि प्रधान नै व्यक्तको कारण हो भने त्यसैले सम्पूर्ण विश्व त्यस्तो स्वरूपवान् एउटै द्रव्य हुन्छ , त्यसवाट एउटै बुद्धि, एउटै अहङ्कार, पञ्चतन्मात्रा आदि परिमाण विभाग संभव हुँदैन । त्यसबाट समग्रजगत् निष्परिमाण नै होला । त्यस्तै कुलाल आदिको घट आदि निर्माणमा शक्तिद्वारा हुने प्रवृत्ति प्रधान कारण विना नै हुने भयो, कारण हुँदा नहुने भयो । कार्यकारण विभाग पनि सिद्ध नहुने भयो । विश्वव्यवस्था पनि प्रधानलाई मान्दा निष्पन्न हुँदैन । किनकि प्रधानमय समग्र जगत् हुन्छ र एउटै पिण्ड हुन्छ । भेद व्यवहार कतै कंही केही हँदैन । कुनै पदार्थको उत्पत्ति आदि बन्धमोक्ष आदि, निर्माण आदि पनि संभव हुँदैन । त्यसैले प्रधान =प्रकृति जस्तो केही छैन ।

उपर्युक्त संक्षिप्त साराशंलाई निम्न पद्यहरूको आधारमा लेखिएको हुनाले यहाँ उल्लिखित गरिँदैछ-

तदत्र सुधियः प्राहुस्तुल्या सत्वेऽपि चोदना ।
यत्तस्यामुत्तरं वःस्यात् तत्तुल्यं सुधियामपि ॥१६॥
यदि दध्यादयः सन्ति दुग्धाद्यात्मसु सर्वथा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेषां सतां किमुत्पाद्यं हेत्वादिसदृशात्मनाम् ॥१७॥
हेतुजन्यं न तत्कार्यं सत्तातो हेतुवित्तिवत् ।
अतो नाभिमतो हेतुरसाध्यत्वात् परात्मवत् ॥१८॥
अथास्त्यतिशयः कश्चिदभिव्यक्त्यादिलक्षणः ।
यं हेतवः प्रकुर्वाणा न यान्ति वचनीयताम् ॥१९॥
प्रागासीद्यद्यसावेवं न किञ्चिदत्तमुत्तरम् ।
नो चेत्सोऽसत्कथं तेभ्यः प्रादुर्भावं समश्नुते ॥२०॥
नातः साध्यं समस्तीति नोपादानपरिग्रहः ।
नियतादपि नो जन्म न च शक्तिर्नच क्रिया ॥२१॥
सर्वात्मना च निष्पत्तेर्न कार्यमिह किञ्चन ।
कारणव्यपदेशोऽपि तस्मान्नैवोपपद्यते ॥२२॥
सर्वं च साधनं वृत्तं विपर्यासनिवर्तकम् ।
निश्चयोत्पादकं चेदं न तथा युक्तिसङ्गतम् ॥२३॥
न सन्देहविपर्यासौ निवर्त्यौ सर्वदा स्थितेः ।
नापि निश्चयन्जन्मास्ति तत एव वृथाऽखिलम् ॥२४॥
अथापि निश्चयोऽभूतस्समुत्पद्येत साधनात् ।
ननु तेनैव सर्वेऽमी भवेयुर्व्यचारिणः ॥२५॥
अव्यक्तो व्यक्तिभाक् तेभ्य इति चेद्व्यक्तिरस्य का ।
न रूपातिशयोत्पत्तिरविभागादसङ्गतेः ॥२६॥
न तद्विषयत्तसंवित्तिर्नोपलम्भावृतिक्षयः ।
नित्यत्वादुपलम्भस्य द्वितीयस्याप्यसम्भवात् ॥२७ ॥
त्रैगुण्यस्याविभेदेऽपि न सर्वं सर्वकारकम् ।
यद्वत् तद्वदसत्वेऽपि न सर्वं सर्वकारकम् ॥२८॥
अवधीनामनिष्पत्तेर्नियतास्ते न शक्तयः ।
सत्वे तु नियमस्तासां युक्तः सावधिको ननु ॥२९॥
नैवं तेपामनिष्पत्त्या मा भूच्छब्दस्तथा परम् ।
सर्वोपाधिविविक्तस्य वस्तुरूपस्य न क्षतिः ॥३०॥
न नामरूपं वस्तूनां विकल्पा वाचकाश्च यत् ।
विश्वकल्पाः प्रवर्तन्ते यथाभ्यासमभेदिनि ॥३१॥
उत्पादो वस्तुभावस्तु सोऽसता न सता तथा ।
सम्बध्यते कल्पिकया केवलं त्वसता धिया ॥३२॥
यदिदं वस्तुनो रूपमेकानन्तरमीक्ष्यते ।
प्रागासीन्नेति तद्बीजं प्राग्भूते त्विदमस्ति न ॥३३॥
क्षीरादिसु च दध्यादि शक्तिरूपेण यत्र सत् ।
का शक्तिस्तत्र दध्यादि यदि दृश्येत दुग्धवत् ॥३४॥
अन्यच्चेत् कथमन्यस्य भावेऽभक्त्यान्यदुच्चते ।
न हि स त्वस्य सद्भावः सद्भावो दुःखमोहयोः ॥३५॥
स त्वाद्यनुगतं व्यक्तं नसिद्धं नः कथञ्चन ।
आन्तरत्वात् सुखादीनां व्यक्तत्वातत्स्वसंविदः ॥३६॥
एकत्रैव च शब्दादौ भावनाजातिभेदतः ।
सङ्गादयः सम्भविनो लक्ष्यन्ते नियताः स्फुटम् ॥३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एकवस्त्वनुपातित्वे चित्रा संवित् प्रसज्यते ।
अदृष्टादिवशान्नो चेन्न स्याद्वस्त्वनुयायिनी ॥३८॥
त्र्याकारं वस्तुनो रूपमेकाकाराश्च तद्विदः ।
ताः कथं तत्र युज्यन्ते भाविन्यस्तद् विलक्षणाः ॥३९॥
प्रसादोद्वेगवरणान्येकस्मिन् पुंसि योगिनाम् ।
जायन्ते न च तद्रूपः पुमानभिमतः परैः ॥४०॥
सिद्धेऽपि त्रिगुणे व्यक्ते न प्रधानं प्रसिद्ध्यति ।
एकं तत्कारणं नित्यं नैकजात्यन्वितं हि तत् ॥४१॥
अयःशलाकाकल्पा हि क्रमसङ्गतमूर्तयः ।
दृश्यन्ते व्यक्तयः सर्वाः कल्पनामिश्रितात्मिकाः ॥४२॥
मृद्विकारादयो भेदा नैकजात्यन्वितास्तथा ।
सिद्धा नैकनिमित्ताश्च मृत्पिण्डादेर्विभेदतः ॥४३॥
चैतन्याद्यन्वितत्वेऽपि नैकपूर्वत्वमिष्यते ।
पुरुषाणाममुख्यं चेत् तदिहादि समं न किम् ॥४४॥
प्रधानहेत्वभावेऽपि ततःसर्वं प्रकल्पते ।
शक्तेर्भेदेन वैचित्र्यकार्यकारणतादिकम् ॥४५॥

महाविद्वान् शान्तरक्षितद्वारा विरचित यो ग्रन्थ अत्यन्त महत्वशाली,पौढिप्रकर्ष-संयुक्त, समस्तदार्शनिक विषयहरूको उपयुक्त उत्तर र आफ्नो मतको परिपोषक, पूर्वीय दर्शनमा न भूतो न भविष्यति भन्न सिकिने यस ग्रन्थको महत्व अति धेरै छ । यस ग्रन्थको पूर्णरूपमा आलोडन नगरी, यसलाई आत्मसात् नगरि कसैले पनि म दर्शनको विद्वान् हुं भन्नु बालजल्पना जस्तै हो, त्यसले दर्शन अथवा बौद्धदर्शनको मूल भीत्ति देखेको छ भनेर भन्न सकिंदैन, त्यसले पौराणिक कथा वुद्धका गुणको ख्यापन गरेर सामान्य जनताको मन जित्न सक्ला तर त्यससंग दर्शन शास्त्रको, चिन्तन परम्पराको के लिनु दिनु छ र !! ❋❋❋

नेपाल उद्योग वाणिज्य महासंघ
स्थापित :वि.सं.२०२२

सदस्यता विवरण	सदस्यता संख्याः वि.सं.२०२३	वि.सं. २०५८ (अशोज)
क.सधारण सदस्यः -जिल्ला तथा नगर स्तरिय उद्योग वाणिज्य संघहरु	२१	८५ (६९ जिल्ला स्थित)
-वस्तुगत संघहरु	२	५०
ख.एशोसिएट (प्रतिष्ठान, कम्पनि, कर्पोरेशन, बैंक, उद्योग)	२१	४२३
ग.द्विराष्ट्रिय उद्योग वाणिज्य संघहरु		९
जम्मा सदस्य संख्या	४४	५६७

नेपाल उद्योग वाणिंज्य महासंघ
पोप्ट बक्स नं. : २६९, पचलि शहीद शुक्र एफएनसिसिआई मिलन मार्ग, टेकू काठमाडौ
फोन नं :२४४७५८, २६२२१८, २६२०६१, २६४८८९ फ्याक्स नं : २६१०२२, २६२००७ तार :फेहरेशन, काठमाण्डौ E-mail : fncci@mos.com.np, website :http://www.fncci.org

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा थेरवादी बौद्ध सम्प्रदाय, एक अध्ययन

डा. भद्ररत्न वज्राचार्य*

विषय प्रवेश

अहिंशा र शान्तिका अग्रदूत तथा सत्य, सदाचार, सहिष्णुताका प्रतीकका रूपमा भगवान बुद्ध विश्व जनसमुदायको हृदयमा प्रतिष्ठापित छन् । रोग-व्याधि, जरा-मरण आदि कारणले सताएको यो दु:खमय संसारबाट छुटकारा पाउने निर्वाणमार्ग यिनले देखाएथे । यसैले बुद्धधर्ममा दु:ख, दु:खसमुदाय, दु:खनिरोध र दु:खनिरोधमार्ग यी चार कुरालाई चतुरार्यसत्य भनिन्छ । साँच्चै भन्ने हो भने बुद्धधर्मको मूल सार यिनै कुराहरूमा समाहित छन् । तर, भगवान बुद्धको परिनिर्वाण पश्चात निर्वाणमार्ग बिषयमा दुई बेग्ला बेग्लै मत देखा पर्न आएपछि भिक्षुहरू नै दुई खेमामा बिभाजित भए । भगबान बुद्धद्वारा प्रतिपादित धर्म र विनयलाई यथावतरूपमा निरन्तरता दिएर लैजानु पर्छ भन्नेहरू थेरवादी (स्थविरवादी) तथा देश, काल र परिस्थिति अनुरुप बुद्धधर्ममा परिवर्तन गर्दै लानुपर्छ भन्नेहरू महासांघिक कहलिए । पछि गएर थेरवादीहरू हिनयानी तथा महासांघिकहरू महायानीका रूपमा चिन्न थालिए । यी कुराहरूका आधारमा बुद्धधर्मको इतिहास यहाँ लेख्नखोजिएको होइन, नेपाली जनमानसमा बुद्धधर्मको थेरवादी शाखाले कसरी प्रश्रय पाए भन्ने कुरालाई नेपालमा थेरवादी बौद्ध सम्प्रदाय, एक अध्ययन शीर्षकअर्न्तगत आफुले बुझेका एक दुई कुरा यहाँहरूसमक्ष प्रस्तुत गर्ने जमर्कोसम्म गरेको हुँ । आशा छ यस सम्बन्धमा यहाँहरूबाट अरु थप कुराहरू जान्ने अबसर मलाई प्राप्त हुने छ ।

थेरवादी बुद्धधर्मको अभ्युदयबारे एक छोटो चर्चा

बुद्धधमं विश्व जनसमुदाय बीच मानव धर्मकारूपमा प्रतिष्ठापित छ । बुद्ध वचनका आधारमा परिचालित यो धर्म पछि गएर लोप नहोस, बौद्ध विनयमा कुनै प्रकारको विकृति नआउन् तथा यो धर्म ठीक ठीकसंग चलोस भनेर नै बुद्धले यस (धर्म) लाई संघ पद्धतिमा ढालेका थिए । तर, बुद्धको महापरिनिर्वाण पछि छन्ना, सुबुद्ध जस्ता भिक्षुहरूले खुल्लेआम बौद्ध विनयहरू उल्लंघन गरी हिंड्न थाल्दा बुद्धधर्ममा अनेक प्रकारका विसंगतिहरू आउने सम्भावना बढन थाल्यो जसले महाकाश्यप, आनन्द, उपाली, पूरण जस्ता तात्कालिक संघका वरिष्ट भिक्षुहरू (थेरहरू)लाई चिन्तित तुल्यायो । अत: बुद्धको महापरिनिर्वाण भएको तीन महिना नवित्दै पहिलो सांघायनको आयोजना गरी धर्म र विनयसम्बन्धी बुद्धवचनहरू संग्रह गरी त्यसका आधारमा बुद्धधर्मलाई निरन्तरता दिने उनीहरूले प्रयास गरे । बुद्ध द्वारा प्रतिपादित धर्म र विनयलाई संग्रहित गर्न अपनाएको यो सिद्धान्त थेरवादी सिद्धान्त (Doctrine of the elders) को रूपमा पनि प्रसिद्ध छ[1] ।

ऐतिहासिक दृष्टिकोणबाट भन्ने हो भने थेरवादी सिद्धान्त अनुरुप बौद्धशासन लामो समयसम्म सुचारु रुपले परिचालन हुनसकेन । बुद्धको महापरिनिर्वाण भएको १०० बर्ष नबित्दै

---

* यो कार्यपत्र श्री भद्ररत्न बज्राचार्य (पिएच.डी., सह-प्रध्यापक, इतिहास केन्द्रीय विभाग, त्रि.वि कीर्तिपुर) ले मिति २०५८ साल श्रावण ९ गते त्रि.वि. CNAS को Meeting Hall मा ASEED-South Asia र WAFI द्वारा संयुक्तरुपमा आयोजित विचार गोष्ठिमा प्रस्तुत गर्नु भएको हो । यस कार्यपत्र माथि उप-प्राध्यापक श्री मिनवहादुर शाक्यले टिप्पणी गर्नु भएको थियो ।

1 *द सिकरस् ग्लोसरी: बुद्धिजम* शुत्र अनुवाद प्रकाशन पृ.६२२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्षुहरू बीच विनयसम्बन्धी विवद चर्कियो तथा वैशालीमा दोश्रो सांघायन बोलाईयो[2] । वैशालीमासम्पन्न भएको उक्त दोश्रो सांघायनमा भिक्षुहरू बीच एक्यता कायम हुनसकेन । उनीहरू दुई खेमामा विभाजित भए । धर्म र विनयमा परिवर्तन ल्याउनु हुन्न भन्नेहरू अथवा संग्रहित बुद्धवचनका आधारमा बुद्धधर्मलाई निरन्तरता दिन्दै लाने तर्फका पक्षधरहरू थेरवादी (स्थविरवादी) तथा देशकाल र परिस्थिति अनुरुप बुद्धधर्ममा क्रमिक सुधार गर्दै लानुपर्छ भन्नेहरू महासांघिक कहलिए[3] । बुद्धधर्म भित्र देखापरेको यो मतमतान्तरले अन्ततः बौद्धभिक्षुहरूलाई विभिन्न १८ मतका खेमामा विभाजित गरे ।

भनिन्छ, भिक्षुहरू बीच देखा पर्न थालेको यो मतमतान्तरले बुद्धधर्मलाई अवनतितर्फ दोऱ्यायो । भिक्षुहरूको बदला ढोंगीहरूले संघमा बढी प्रश्रय पाउन थाले तथा उपोषढ उनीहरूको मागी खाने भांडो बन्न पुग्यो । यस्ता विकृतिबाट जोगाई थेरवाद बुद्धधर्मलाई पूर्नजीबन दिन मगध सम्राट अशोकको शासनकालमा तेश्रो सांघायनको बोलावट भयो । सांघायनसम्पन्न भएपछि अशोकले थेरवाद बुद्धधर्मको प्रभाव सर्वत्र फैलियोस भनेर श्रीलङ्का, थाईलैण्ड, बर्मा, कम्बोडिया जस्ता तात्कालिक टाढाटाढाका राज्यहरूमा आफ्ना धर्मदूत मण्डलहरू दौडाए । थेरवाद बौद्धधर्मको केन्द्रको रूपमा परिचित यी देशहरूमा लोकप्रिय सावित भएको थेरवाद बौद्धधर्मलाई दक्षिणी बौद्धधर्मको नामबाट चिनाईन्छ ।[4] पछि, निर्वाण मार्गसम्बन्धी अरु लचिला अवधारणाहरू प्रचारमा आएपछि थेरवादीहरू हीनयानी तथा महासांघिकहरू महायानी कहलिन थाले । तर इतिहासकारहरूले थेरवाद बुद्धधर्मलाई नै बुद्धकालीन अथवा बुद्धद्वारा पहिल्याईएको प्राचीन धर्मको रूपमा मान्यता दिई आएका छन् ।[5]

नेपालमा बुद्धधर्मको प्रवेश

नेपाल विश्व-जनसमुदाय बीच भगवान बुद्धको जन्मभूमिको रूपमा प्रसिद्ध छ । राजधानी काटमाडौबाट झण्डै ३०० कि.मि. दक्षिण-पश्चिम भेकमा अवस्थित रुपन्देही जिल्लाको लुम्बिनीमा आजभन्दा करीब २६०० बर्ष अगाडि यी महामानब भगवान बुद्धको जन्म भएको थियो । तात्कालिक भौगोलिक तथा राजनैतिक पृष्ठभूमिका आधारमा उल्लेख गर्ने हो भने लुम्बिनी त्यसबेला कपिलबस्तु तथा कोशलराज्यको बीच भागमा पर्थ्यो तथा नेपालको तराई भेक र त्यसको आसपासमा त्यसवेला लिच्छवि, बृजिक, कोली, शाक्य, मल्ल आदि सभ्य र सुसंस्कृत जातिका अन्य संघराज्यहरू खडा थिए । त्यस्ता राज्यहरू बीच कपिलवस्तुका शाक्य राजा सुद्धोदनका पुत्ररत्नका रूपमा बुद्धको अभ्युदय भएको थियो । यातायातको दृष्टीकोणले हेर्ने हो भने बुद्धकालिक समयताका तराई भेकबाट नेपाल उपत्यका आइपुग्नु त्यति सजिलो काम भने देखिदैन । यो कुरा नेपाल पुग्नेबाटो भनेको भिक्षुहरूको लागि ऊँटको पिठ जस्तो थियो भन्ने उखानबाट पनि पुष्टिन्छ । तर, त्यसबेलाको यथार्थतालाई केलाएर हेर्ने भरपर्दा सामग्रीहरू भने हामीसित छैन । यसैले नेपालको एक भेकमा जन्मनु भएका भगवान बुद्धले नेपाल उपत्यकाको भ्रमण गरे वा गरेनन् भनेर किटानसाथ उल्लेख गर्नसम्म पनि सकिन्दैन । आनन्द र अशोकको नेपाल भ्रमणबारे चर्चा गर्दा पनि यहीं समस्या आइपर्छ ।

---

2 एन दत्त *बुद्धिस सेक्ट्स इन इन्दिया* (दिल्ली: मोतिलाल बनारसीदास, १९९८) पृ. १५-२५

3 ऐजन ।

4 पि. भि. वापत (सम्पादक) २५०० यर्स अफ बुद्धिजम *(भारत सरकार १९९७)* पृ. ७५ ।

5 पूबोक्त पाद टिप्पणी न १ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस अवस्थामा नेपाल अधिराज्यको मुटुका रूपमा चिन्दै आएको नेपाल उपत्यकामा बुद्धधर्मको प्रवेश कहिले भयो भनेर प्रश्न उठनु आश्चर्यको कुरो होईन् ।

यसको अर्थ नेपाल उपत्यकामा बुद्धधर्मको प्रवेश निकै पछि भयो भन्न खोजिएको होइन् । मूलसवास्तिवाद विनयमा बुद्धकै जीवनकालमा ऊन किन्न आएका ब्यापारीहरूसँग बौद्ध भिक्षुहरू यहाँ पसेको वर्णन परेको छ । तर, यहाँको अति चिसो हावापानी उनीहरूको वसोवासको निमित्त भने उपयुक्त हुनसकेन । यो कुरा भिक्षु आनन्दसित सम्बन्धीत नेपाल भ्रमण प्रसंगबाट पनि पुष्टिन्छ ।[6] बुद्धको अन्तिम समयतिर कोशलराज विडूडभको आक्रमणबाट कपिलवस्तु छाडेरे नेपाल उपत्यकामा शरण लिन आइपुगेका शाक्यहरूमध्येका केही आनन्दका नातेदारहरूको अनुरोधमा उनीहरूलाई भेटन आनन्द यहाँ आएको वर्णन मूलसर्वास्तिवाद विनयमा परेको छ । यहाँको प्रतिकुल हावापानीको कारणले गर्दा आनन्दको खुट्टाबाटामा हिउँले खाएको कुरा त्यसमा उल्लेख गरिएको छ । भनिन्छ, यस घटना पश्चात बुद्धले भिक्षुहरूलाई हिउँमा जुत्ता लाउने अनुमति दिए । मूलसर्वास्तिवाद विनयमा उल्लेख परेका यी वर्णनहरूले बुद्धको जीवनकालमा नेपाल उपत्यकामा बौद्ध भिक्षुहरू प्रवेश भएको संकेत दिन्छ । यसैले नेपाल उपत्यकामा बौद्धधर्मको प्रवेश भिक्षुहरूको आगमन सँगसगैं भयो भनेर चर्चा गरिएको पाईन्छ ।

थेरवादी बौद्ध सम्प्रदायको उदय

यसरी नै बुद्धको अन्तिम समयतिर कपिलवस्तुबाट शाक्यहरू समुहगत रूपमा नेपाल उपत्यकामा वसोवास गर्न आएको वर्णन मूलसर्वास्तिवाद विनयमा परेको छ । त्यस समयताका नेपालमा किराँत राजाहरू राज्य गर्थे । किराँतकालीन नेपालको तराई भेक र त्यसका आसपासका ईलाकाहरूमा त्यसबेला लिच्छवि, बृजिक, कोलि, शाक्य, मल्ल आदि सुसंस्कृत तथा सभ्य जातिहरूका संघ राज्यहरू खडा थिए । किराँतकालको अन्यतिर शाक्य, कोलीहरू निकै संख्यामा वसोवासको लागि नेपाल उपत्यकामा पसेको देखिन्छ । लिच्छविकालका अभिलेखहरूमा शाक्य र कोलीहरूको उल्लेख भेट्टिने हुनाले उक्त वर्णन सत्य थियो भन्ने देखिन्छ । लिच्छविकालीन काठमाडौंको निकै ठूलो भाग "कोलिग्राम" कहलाएको थियो । त्यसको दक्षिण भाग "दक्षिणकोलीग्राम" अझ बढ्ता आवाद थियो । यसबाट किराँतकालको अन्त्यतिरनै कोलीहरू पनि यहाँ बस्न आएको देखिन्छ ।[7] पछि भारतमा मगध साम्राज्यको विस्तार हुन थालेपछि त्यहाँका संघ राज्यका बासिन्दाहरूमध्ये लिच्छवि, मल्ल, बृजक, गुप्त आदिहरू पनि आफ्नो अस्तित्व जोगाउन नेपाल उपत्यका पस्न बाध्य भएथे भन्ने कुरा माथिका प्रसंगबाट स्वतः पुष्टिन्छ ।

समष्ठिगत रुपबाट हेर्ने हो भने बौद्ध भिक्षुहरूको भ्रमण तथा यहाँ स्थायी वसोवास गर्न आइपुगेका शाक्य, कोली, बृजिक, लिच्छवि, मल्ल आदिको प्रवेशले नेपाल उपत्यकामा थेरवादी बौद्ध वातावरण सिर्जना गर्न सघायो भनेर उल्लेख गर्दा सायद दुईमत नहोला । यिनीहरू सभ्य र सुसंस्कृत तथा कालिगढी, कृषि, व्यापारिक कार्यमासमेत निपूर्ण भएका हुनाले तत्कालिक समाजमा आफ्नो प्रभाव जमाउन उनीहरूलाई खास कठीनाई आई परेन । विस्तार विस्तारै शाक्य, कोली, बृजिक, लिच्छवि, मल्ल आदिको यहाँका स्थानीय

---

6 धनवज्र वज्राचार्य *सितु* (व्देमासिक) (केल, काठमाडौं पृ. ११ ।

7 धनवज्र वज्राचार्य *लिच्छविकालका अभिलेख* (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, २०३०) पृ. १७२-१७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वासिन्दाहरूसँगको हेलमेल र सहवासले एउटा नयाँ सम्प्रदायको जन्म भयो । त्यो सम्प्रदाय हो थेरवादी सम्प्रदाय । सम्भवत बौद्ध भिक्षुहरूको अनुपस्थितिमा थेरवादी बौद्धधर्मलाई विशुद्ध ढंगबाट अगाडि बढाउन उनीहरूलाई आवश्यकता अनुरुपको निर्देशनप्राप्त हुनसकेन । यसको निमित्त उनीहरूले लामो समय प्रतीक्षामा बिताउनु पऱ्यो ।

थेरवादी बौद्धधर्मलाई निरन्तरता दिने कार्यमा अशोकको देन

बौद्धधर्ममा भिक्षु-भिक्षुणी, उपासक-उपासिकाहरूलाई एउटै रथका चार पाङ्ग्रा मानिन्छ । भिक्षु-भिक्षुणीको अनुपस्थितिमा उपासक-उपासिकाहरूले मात्र थेरवादी बौद्धधर्मलाइ अगाडी बढाउने कुरो भएन । फेरि, भिक्षु-भिक्षुणीहरूको उपस्थिति विना प्रवज्जीत हुने प्रश्न नै उठेन । यो समस्या त्यसवेलाको मात्र थिएन । केहीसमय अगाडिसम्म पनि भिक्षुणीहरूको संघ खडा गर्न त्यस्तै समस्या यहाँ विद्यमान थियो तर त्यसबेला भने तात्कालिक मगध सम्राट अशोकको धार्मिक नीतिले यहाँको समस्या सुल्झाउन ठूलो मद्दत मिल्यो भन्ने कुरा पुष्टिन्छ । भनिन्छ मगध सम्राट अशोकले नेपाल उपत्यकाको भ्रमण गरी स्वयम्भू धर्मधातुको दर्शन गरे, आफ्नी छोरी चारुमतीको विवाह यहाँका एक स्थानीय राजकुमारसँग गरिदिए, ललितपुरका चार दिशामा चारस्तूप निर्माण गर्न लगाई अशोकपत्तन नामक शहर बसाए तर यी कुराहरू पुष्टाउन ऐतिहासिक श्रोतहरूको अभाव छ भन्ने हाम्रा इतिहासकारहरूको तर्क रहिआएको छ ।

तर मगध सम्राट अशोकको नेपाल उपत्यकाको भ्रमण तथा उपत्यकाको भ्रमण समयताकाका उनका क्रियाकलापहरूबारे प्रश्न चिन्ह रहे तापनि हिमवतखण्डमा धर्म प्रचार गर्न आएका मज्झिम थेर तथा उनका सहयोगीहरूले यहाँ थेरवाद बौद्धधर्मको जरो हाल्न सघायो भन्ने कुरा इतिहाससम्मत ठहरिन्छ । यो कुरा साँचीको स्तूप उत्खनन् गर्दा कनिंघमले फेलापारेको अभिलेख, सोनारीया स्तूपमा सुरक्षित भेट्टाईएको अस्तिधातु सहितको भाँडोबारे महाबंश आदिको वर्णनहरूबाट पुष्टिन्छ । मज्झिम थेर र उनकासाथमा आएका अन्य भिक्षुहरूको नेपाल उपत्यकामा कस्तो क्रियाकलाप रह्यो उल्लेख गर्न भने सकिन्दैन तर एउटा कुरा के स्पष्ट छ भने उनीहरूको आगमन पछि यहाँका बौद्धहरू संगठितरूपमा अगाडि बढन् ठूलो बलमिल्यो । सम्भवतः नेपाल उपत्यकामा आई वसोवास गर्ने अन्य सर्वास्तिवादी, मूलसर्वास्तिवादी, हैमबतहरू पनि एउटै सम्प्रदायिक धारमा प्रवाहित हुँदा थेरवाद बौद्धधर्मले अरु प्रस्फुरण हुने मौका पायो । फलस्वरुप गुंविहार जस्ता विहारहरू एक पछि अरु निर्माण भै नेपाललाई एउटा नयाँ युग तर्फ दोऱ्याउन थेरवाद सम्प्रदायको उल्लेखनीय भूमिका रह्यो । यसैले जुन दिन गुँविहार बन्यो त्यही दिनदेखि बौद्ध सभ्यताको सुरुवात भयो भन्ने कुरामा भिक्षु सुर्दशन विश्वास गर्नुहुन्छ ।[8]

बौद्धधर्मको उत्थान कार्यमा लिच्छवि राजाहरूको भूमिका

बौद्धधर्मको दृष्टिकोणले हाम्रो इतिहासमा लिच्छविकाललाई स्वर्णयुग भनिन्छ । यस युगमा बौद्धधर्मलाई लिच्छवि राजाहरूको भरपूर सहयोग मिल्यो । वैशालीबाट आएका यी लिच्छविहरू बौद्धानुयायी नै थिए । त्यसमाथि उनीहरू आक्रमकका रूपमा एकैचोटी यहाँ पसेका थिएनन् । पहिले प्रजाका रूपमा यहाँ पसेपछि किराँत राजालाई हराई उनीहरूले यहाँ आफ्नो राज्य कायम गरेथे भन्ने कुराको संकेत पशुपति पुराणबाट थाहाहुन्छ ।[9] यस अर्थबाट

8 भिक्षु सुदर्शन *नेपालको बुद्ध धर्म भाग १* (काठमाडौं: प्रेम बहादुर शाक्य र अन्य) पृ. ३१ ।
9 पूवोक्त पाद टिप्पणी नं ८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्ने हो भने प्रजाका रूपमा उनीहरूको शाक्य, कोली, बृजिकहरूसँग राम्रो हेलमेल थियो भन्ने कुराको अनुमान गर्नसकिन्छ । सम्भवत: बौद्धधर्मलाई व्यापक रूपमा फष्टाउन लिच्छवि राजाहरूको उत्तिकै सकारात्मक सहयोगप्राप्त हुनुको पछाडि पनि यहीं मुल कारणरहेको थियो । यसैले बृषदेव, मानदेव, शिवदेव आदिले अरु लिच्छवि राजाहरूले जस्तै विहार निमार्ण, विहारमा बस्न आउने भिक्षुहरूलाई खान-पिनको सुविधा, धारा, पनेरो, मर्मत-सरसफाईको व्यवस्था आदिमा मात्र सहयोग गरी बौद्धधर्मको उन्नति कार्यमा मात्र लागेका थिएनन् आफूहरूसमेत प्रवज्जीत भई भिक्षुचर्या ग्रहण गरी उदाहरणीय बनेर देखाए । यस विषयमा भाषा वंशावलीले निकै कुराको प्रकाश पारेको छ ।[10]

उदाहरणको निमित्त पाटन यागबहाल र पशुपछि बज्रधरको अभिलेखमा उल्लेख भएको श्री शिवदेव विहारलाई लिन सकिन्छ ।[11] यो विहारमा एक समय यताउताका निकै बौद्ध भिक्षुहरू रहन्थे । ती भिक्षुसंघलाई नरेन्द्र देवले निकै अधिकार सहितको विर्ता दिएका थिए । राजोचित श्री शब्दले युक्त यो "शिवदेव विहार" राजा शिवदेवले बनाउन लाएका हुन् भन्ने कुरामा शंक्का छैन । यसरी शिवदेव भिक्षु बनेभन्ने अनुश्रुति चलेर आउनु, शिवदेवले बनाएको विहारको उल्लेख तात्कालिक अभिलेखमा पाउनु, राजकाजसँग अकस्मात उनको सम्बन्धबिच्छेद देखिनु इत्यादि कुरा विचारगर्दा शिवदेवले राज्यत्याग गरेका थिए भन्ने कुरा सत्य देखिन आउँछ । यो कम महत्वपूर्ण कुरो होईन । यस्तो अवस्थामा बौद्ध भिक्षुहरूको संख्या दिनप्रतिदिन बढदै जानु स्वाभाबिक थियो । युआन च्वांगले आफ्नो यात्रासंस्मरणमा नेपालमा २००० भिक्षुहरू छन् भनेर लेखेर गएको कुराबाट पनि यस कुरालाई पुष्टाउन सहयोग मिल्छ ।[12]

धार्मिक क्षेत्रमा अभिप्रेरित गर्ने काममा थेरवादी सम्प्रदायको देन

लिच्छविकालिक समाजलाई धार्मिक क्षेत्रमा अभिप्रेरित गर्ने काममा थेरवादी सम्प्रदायको ठूलो हातरह्यो । उनीहरू यस्ता काम आफैगरी देखाउन्थे । उनीहरूले विहार, चैत्य-स्तूप, शाक्यमुनिका प्रतिमाहरू, तथा विहार र विहार वरपिरकि ईलाकाहरूमा धारा, पाटी-पौवा आदि निमार्ण गरी देखाए । उदाहरणका लागि त्यसबेलाको समाजलाई अनुप्राणित गर्न सघाउने बौद्ध जातक कथा अङ्कित गराई राखेको धटनालाई लिनसकिन्छ । जातक कथाहरूमा सच्चरित्रको असल फल असच्चरित्रको खराब फलप्राप्त हुने कुरालाई रोचक ढंगले वर्णन गरिएको पाईने हुनाले थेरवादीहरू यस्ता कथाहरू समाजमा सुनाएर वा कुँदाएर समाजको मन जित्ने प्रयास गर्थे भन्ने कुरो यताबाट पुष्टिन्छ ।[13] सही अर्थबाट हेर्ने हो भने यस्ता कथाहरूले लोकको उपकारका लागि तन मन धन दिएर असल काम गरेर गएका बोधिसत्वहरूको कथामात्र उजागर हुने होईन उनीहरूको असल कामको अनुशरण गर्ने अभिप्रेरणासमेत समाजलाई मिल्न जाने यथार्थता तर्फ पनि ध्यान दिनु उत्तिकै आवश्यक छ । लिच्छविकालिक चावहिल तथा फर्पिङको अंशुवर्माका अभिलेखले यी कुराहरू बताई रहेको अनुभुति हुन्छ । यस्ता क्रियाकलापहरूले लिच्छविकालमा बौद्ध वातावरण कायम गर्नसघायो

10 विस्तृत विवरणको निमित्त भाषा वंशावली हेर्नुहोस ।

11 पूर्वोक्त पाद टिप्पणी नं ८, पृ. ४९९-५०६ ।

12 विस्तृत विवरणको निमित्त युआन च्वाङ्गको यात्रा विवरण हेनुहोस ।

13 प्रवोर्क्त पाद टिप्पणी नं ८ पृ. ३,४ र ३६९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेर उल्लेख गर्दा दुई मत नहोला ।[14] फलतः राजा र प्रजा मिली साना ठूला कैयन बौद्ध विहारहरू त्यसबेला निमार्ण भए तर प्राचीन र मध्यकालमा निर्माण भएका विहारहरूमध्य थेरवादी विहार कतिवटा थिए उल्लेख गर्न भने सकिन्दैन ।

फेरि, थेरवादी सम्प्रदाय विहारहरू निर्माण गर्नेमात्र होइन निर्माण भएका विहारहरूमा सरसफाई, पूजाआजा नियमित रूपमा संचालन गर्नको निमित्त आर्थिक श्रोत जुटाइदिने त्यसबेलाको व्यवस्था प्रकृया उत्तिकै उल्लेखनीय छ । कतिपय विहारहरूमा चारै दिशावाट आई वसोवास गरिरहेका भिक्षुहरूलाई भोजन गराउन तथा विहारको बिग्रे भत्केको भागमर्मत गर्न गोष्ठीका नाममा आफ्ना जग्गा जिम्मा दिएर गएका प्रशस्त उदाहरण भेटिन्छन् । लिच्छवि अभिलेखहरूमा यस्ता व्यवस्था बाँधिएका उदाहरणहरू ठाउँ ठाउँमा भेटिन्छन् । यसबाट विहारमा बस्न आएका भिक्षुहरूको भोजन तथा अन्य सुविधाहरू व्यवस्थित ढंगबाट जुटाउने तर्फ पनि उनीहरू उत्तिकै जागरुक थिए भन्नेकुरा दर्शाउछ तर यसका निमित्त उनीहरूले कम दुःख झेल्नु परेको थिएन ।

थेरवादी बौद्ध सम्प्रदायले सामना गर्नुपरेका चुनौतीहरू

थेरवादी बौद्धधर्मलाई बिस्तार गर्ने काम फलाम चपाउनुभन्दा कम साह्रो थिएन । बौद्धहरू यज्ञादि पद्धतिको खण्डन गर्ने हुनाले उनीहरूले गुप्तहरूको उदयताका विपक्षीहरूको पनि निकै आलोचना सहनुपर्थ्यो । हाडिगाउँको स्तम्भलेखमा तः बौद्ध भिक्षुहरूलाई नास्तिक, कुतार्किक, मूर्ख, कुमति आदि शब्दको प्रयोग गरी स्पष्टरूपमा निन्दा गरिएको पाईन्छ । वैदिक पद्धतिको समर्थन जुटाउन वौद्धहरूको त्यहाँ निन्दा गरिएको देखिन्छ । तर, अंशुवर्माको उदय र आभीर गुप्तहरूको पतन भएपछि उनीहरूले पनि आफ्ना विपक्षीहरूलाई ज्यादै स्वांठ, गुणको द्वेष गर्ने कलिकालका शासकहरूले पिरिएको आदि विशेषण जोडेर कटाक्ष प्रहार गर्दै अंशुवर्माको स्तुति गाउँदै उनीभन्दा अगाडिका शासकको निन्दा त्यस अभिलेखमा गरिएको पाईन्छ ।[15]

थेरवादी सम्प्रदायका बौद्धहरूले विपक्षीहरूको आलोचनाको प्रतिकार गर्दै अगाडि बढ्न सफल भएतापनि महायानीहरूका तुलनामा तात्कालिक समाजमा उनीहरूको पकड भने शसक्त हुनसकेन । फलस्वरुप महायानी आदर्श तथा दर्शनले नेपाली समाजमा गहिरो जरो हाल्न सफल भयो । विहारहरूमा महायानी क्रियाकलापहरू बढी संचालन हुनथाले । महायानी नवग्रन्थहरू विहार तथा घरघरमा पढन थालिए । वोधिसत्व र अवलोकितेश्वरका महिमाहरू स्त्रोत्र र स्तुतिका रूपमा सार्वजनिकस्थलहरूमा एकल वा सामुहिक रूपमा वाचन हुनथाले । दैनिक, मासिक, बार्षिक पूजाहरू व्यवस्थित तवरबाट परिचालन गर्न बिधि बिधानहरू तर्जुमा गरीए । महायानको यो उर्लन्दो लहरलाई थेरवादी शील र सदाचारलेमात्र थाम्न सकेनन् । यस्तो अबस्थामा महायानीहरूको तुलनामा थेरवादीहरूको स्थिति दिनदिनै कमजोर भै जानु आश्चर्यको कुरो होईन ।

ऐतिहासिक दृष्टिकोणबाट हेर्ने हो भने मध्यकालिक राजनैतिक उतार चढाउ, वैदेशिक आक्रमण, प्राकृतिक प्रकोप आदिले थेरवादी बौद्ध सम्पदायलाई थेरवाद बौद्ध धर्मको विकास कार्यमा अरु बाधा पुऱ्यायो । विशेषगरी खस र डोयहरूबाट वारम्वार हुने आक्रमणले धन, जन लगायत चैत्य, स्तूप, विहार आदि सार्वजनिक स्थलहरू तहस-नहस हुँदा उनीहरूको

---

14 ऐजन ।
15 ऐजन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनोबल कमजोर हुनजानु अश्वभाविक थिएन । त्यसमाथि मध्यकालिक राजा शिवदेवको पालामा पटक पटक भ्रमण गर्न आईपुगेका शंकराचायले थेरवाद बौद्धधर्मलाई अरु ठूलो आघात पुऱ्याये ।[16] भनिन्छ, शास्त्रार्थमा पराजित भएका बौद्ध भिक्षुहरूलाई भिक्षुणीहरूसँग शंकराचार्यले जवरजस्ती विवाह गर्न लगाए । पछि राजा जयस्थिति मल्लले आफु शक्तिमा आएपछि तात्कालिक नेपाली समाजलाई बर्ण व्यवस्थामा बाँधेर गए । यद्यपि बौद्ध सम्प्रदायलाई उनको वर्ण व्यबस्थामा समाहित गरिएन तापनि जात अनुसार काम तोकेर त्यसमा परिवर्तन गर्न नपाईने बन्देज लगाई बौद्ध एकतामा अंकुश लगाउन उनी सफल रहे ।

राणा प्रधानमन्त्री जुद्ध शमशेरको पालामा त: वचेका केही भिक्षुहरूसमेत देश निष्कासन भै भगवान बुद्धको जन्मस्थल नेपालमा थेरवाद बौद्ध धर्मको अस्तित्वनै लौप हुने संकट आईपऱ्यो । यस्तो अवस्थामा धर्मादित्य धर्माचार्य, निष्ठानन्द बज्राचार्य, चित्तधर, नानी काजी ख्वाजु, कुलमान सिंह आदिले बुद्ध शासनलाई जीवन्तता दिन तथा संघ परम्परालाई निरन्तरता दिने काममा महत्वपूर्ण भूमिका निभाए । फलस्वरुप राणाकालीन प्रधानमन्त्रीहरूको दमन नीतिलाई सहेरपनि उनीहरूले विभिन्न संघ-संस्थाको स्थापना, पत्र-पत्रिकाको प्रकाशन तथा बौद्ध सम्मेलनको आयोजना तथा त्यसमा सहभागी भई बौद्ध धर्मलाई जीवनन्तता दिने काममा महत्वपूर्ण भूमिका निभाए । परिणाम स्वरुप नेपाली जनमानसमा थेरवाद बौद्ध धर्म प्रतिको आस्थामा पुनर्जागरण हुन थाल्यो तथा नेपाल अधिराज्यमा अन्तराष्ट्रिय बौद्धसम्मेलनको आयोजना, अस्तिधातु यात्राहरू तथा वैशाख पुर्णिमालाई हिंशा निषेधित दिनका रूपमा सरकारी स्तरबाट मनाउन सफल भए । यो कम उपलब्धिपूर्ण कुरो होईन ।

उपसंहार

समष्टिगत रुपबाट हेर्ने हो भने नेपालमो थेरवाद बौद्धधर्मलाई जीवन्तता दिन थेरवाद बौद्ध सम्पदायले जुन रूपमा गहन भूमिका निभाए त्यसको आशातीत सफलता भने उनीहरूले हासिल गर्न सकिरहेका छैनन् । अहिले नेपालमा थेरवादी बौद्ध सम्प्रदायीहरूको संख्यामा कमी छ भन्ने कुरो होईन । प्राचीन तथा मध्यकालका कतिपय विहारहरू नष्टभएर गैसकेका छन् तापनि भिक्षुहरू वसोवास गर्ने विहारका रूपमा चिनीने वोलचालीमा ललितपुर, काठमाडौका १८, १८ तथा भक्तपुरका ९ बहिलहरूका अलावा ४५ भन्दा बढी थेरवादी विहारहरू तथा झण्डै यत्तिकै संख्यामा उपत्यका बाहिर थुप्रै आधुनिक विहारहरू निमार्ण भैसकेका छन तर त्यसको अनुपातमा बौद्ध भिक्षु-भिक्षुणीहरूको संख्यात्मक बृद्धी भने हुन सकेको देखिदैन । हालसालै प्रकाशित २५४५ औं बुद्धजयन्ती स्मारीकामा छापिएको संख्यात्मक आंकड़ाले नेपाल भरमा भिक्षु र श्रामणेर गरी १६७ तथा अनागारिका र भिक्षुणीहरू गरी जम्मा ११८ जना मात्र भएको संकेत गर्छ । यो सन्तोषपूर्ण कुरो अवश्यमेव पनि होईन ।[17] तर, हाल भारत लगायत एशियाका बर्मा, ताईवान, थाईलैण्ड, युरोपका बेलायत, फ्रान्स एवं अमेरिकामा अध्ययनरत ७० भन्दा बढी श्रामणेर, भिक्षु, अनागारिका, भिक्षुणीहरू नेपाल फर्केपछि थेरवाद बौद्धधर्मले विश्वबौद्ध समुदायको नेतृत्व लिनसक्ने विश्वास नेपाली बौद्धानुयायीहरूले लिईरहेको पाउनु अतिरञ्जित कुरो नठहर्ला । अस्तु ❋❋❋

---

16 भद्ररत्न बज्राचार्यद्वारा प्रस्तुत मध्यकालिक नेपाल मण्डलमा बुद्धधर्म विषयक शीर्षक प्रस्तुत कार्यपत्रमा आधारित (२०५६) ।

17 भिक्षु कौडिण्य २५४५ बुद्ध जयन्ती स्मारीका काठमाडौं सिघ विहार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा बौद्धधर्मः इतिहास, वर्तमान र परिचयको खोजी

प्रा.डा. प्रेमकुमार खत्री*

"चारथ भिक्ववे चारिकं बहुजनहिताय बहुजनसुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सानं । देसेथ भिक्ववे धम्मं आदिकल्याणं मझ कल्याणं परियोसाव कल्याणं सात्थं सव्यञ्जनं केवल परिपुण्णंपरिशुद्धं ब्रह्मचारियं पकासेथ ।" (महावग्ग विनयपिटक)

प्राक्कथन

समाजलाई असल कुरो, सन्मार्गको खाँचो छ तथा मैले समाजलाई असल कुरो दिन लागेको छु र यो कुरो छिटो सकेसम्म पर-परसम्म पुग्नुपर्छ भन्ने बुद्धको अठोट थियो । यसैले उनले आफ्नोसाथका पञ्चभद्रीय ब्राह्मण, उनका धनी व्यापारी मित्र यश, तथा ती सबैका १०।१० अनुयायीसहित जम्मा ६१ जनाको 'संघ' तयार गरे । उनका शिक्षाको गहिराइसम्म पुगेको यो नै पहिलो आधिकारिक 'संघ' थियो । यसैले बुद्धलाई यसको आधिकारितामाथि पूर्ण विश्वास थियो । त्यही विश्वासलाई अगाडि राख्दै उनले भने, "भिक्षु हो सबैको हित र सुखका लागि भ्रमणमा निस्क ।" प्रत्येकले अलग-अलग बाटो लिनुपर्नेछ । अथवा उपदेशको प्रचारको थालनी मै ६० दिशामा उनले भिक्षुहरूलाई पठाएको देखिन्छ ।

धेरै ठूलो परिश्रम, त्याग र निरन्तरको प्रयासपछि आफूले सर्वोच्च सत्य र ज्ञानप्राप्त गरेपछि बुद्ध त्यस सत्य र ज्ञानको ज्योतिलाई सर्वत्र व्याप्त अन्धकार हटाउने माध्यमको रूपमा प्रयोग गर्ने पुनीत कार्यमा लागे । उनका अत्यन्त सरल र व्यवहारवादी उपदेशलाई रुढीग्रस्त धर्म, असमानता र अन्याय तथा अनन्य जटिलताबाट ग्रस्त समाजमा पुऱ्याउनु एक चुनौतिपूर्ण कार्य थियो । वर्ग, जात र विविध तहमा विभक्त र कुरीतिहरूमा जकडिएको समाजलाई सबै तहबाट प्रभावित गर्नु बुद्धको रणनीति थियो । धर्म, संस्कार, राजनीति सर्वत्र आडम्बर हावी थियो । यस्तो अवस्थामा एकातिर अजातशत्रुजस्ता शक्तिसम्पन्न शासक र अर्कोतर्फ साधारण बनिया, कृषक र गृहस्थीलाई प्रकाशमय पार्ने एउटै हतियार बुद्धसित थियो अति तार्किकपूर्ण ढंगले प्रस्तुत उपदेश ।

आडम्बर, हिंसा र अनेक विकृतिजन्य समाजमा परिवर्तन ल्याउन मानौं बुद्धलाई हतार थियो । यही सिलसिलामा उनले आफ्ना भिक्षुहरूलाई माथि उद्धृत शब्दबाट सम्बोधन गर्दै दिग्दिगान्तरमा आफ्ना उपदेशको प्रचार गर्न पठाएको देखिन्छ ।

दुःखमा जेलिएको ईश्वरवादी अन्धविश्वासी समाजलाई मुक्ति (निर्वाण) को मार्ग देखाउनु नै बुद्धको निश्चित उद्देश्य वा कार्य भएकोले यस धर्मले थालनीदेखि नै कार्यमूलक धर्मको स्वरुप लियो । सम्पूर्ण संसारबाट मानवमात्रलाई दुःखमुक्त नगरेसम्म बौद्धधर्मको उद्देश्य पुरा हुँदैन । तर धर्म बुझेर पनि व्यवहारमा त्यसको पालना नगर्नेहरूको भीडबाट पनि समाज मुक्त हुन सक्दैन । यसैले ज्ञान र व्यवहार बीचको खाडल मानिस आफैं सिर्जना गर्छ, आफैं त्यसमा प्रवेश गर्छ । शायद यसलाई नरम अंग्रेजी शब्दमा 'स्पाइरल' भन्दछन् । दुःख नबुझेर जेलिएकालाई बुद्धले बचाए, बुझेर जेलिएकालाई बचाउने शक्ति उनले छोडेर गएका शिक्षामा छ । बुद्धले जोड दिँदै भनेको कुरा पनि 'शिक्षा' नै हो । शिक्षा हरेक परिवेश र समयमा अत्यन्त गहन अर्थ राख्ने एक संस्कार प्रक्रिया हो । हामी शिक्षा क्षेत्रसित सम्बन्धित अर्थात् शिक्षा दिने र लिनेहरू एकै ठाउँ बसेर अघि बढाइएको यस छलफल शृङ्खलाले बुद्धका शिक्षाको अझ बढी र संस्थागत प्रचार-

---

* यो कार्यपत्र श्री प्रेमकुमार खत्री (प्राध्यापक, पिएच.डी., NeHCA विभाग, त्रि.वि.कीर्तिपुर) ले वि.सं. २०५८ साल श्रावण ९ गते ASEED-South Asia र WAFI द्वारा संयुक्त रुपमा त्रि.वि. CNAS को Meeting Hall मा आयोजित विचार गोष्ठि कार्यक्रममा प्रस्तुत गर्नु भएको हो । यस कार्यपत्र माथि डा.रञ्जना बज्राचार्यद्वारा टिप्पणी गरिएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसारमा महत्वपूर्ण कडीको काम गर्ने भन्ने सदाशयसाथ म यस कार्यपत्रलाई अघि बढाउन अनुमति चाहन्छु ।

यो पत्र धेरै विशिष्ठतायुक्त छैन किनभने पत्र लेखक बौद्ध शिक्षाको विशेषज्ञ वा ज्ञाता होइन । आयोजकबाटप्राप्त शीर्षक पनि विशिष्ठभन्दा सामान्य प्रकृतिको भएकोले यहाँ लेखकका विचारभन्दा नेपालको ऐतिहासिक परिप्रेक्ष्यमा बौद्धधर्मको विकासक्रमको संक्षिप्त चित्रमात्र प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

प्राचीनकाल

नेपालको इतिहासमा 'प्राचीनकाल' शब्दले सामान्यतयाः बुद्धकालदेखि लिच्छविवंशको पतनपश्चात, नेपाल सम्बतको थालनी (८७९ ई.) सम्मको करीब डेढ सहस्राब्दीको समयलाई बुझाउँछ । यो समयमा नेपालमा राजनीतिक, सामाजिक, धार्मिक उथल पुथल भयो । नेपालको हिन्दू राजतन्त्रात्मक परम्परा, बहुभाषिक धार्मिक जातीय सामाजिक संरचना र कृषि-पशुपालन र कुटीर उद्योगमा आधारित अर्थतन्त्रको जग यसै कालमा बस्यो ।

उत्तर भारतबाट विभिन्न अवसरमा आएका मानवीय जातीय लहरले यहाँ हिन्दू तथा बौद्ध धार्मिक परम्परालाई प्रवेश गराई समृद्ध गराए भने हिन्दू-बौद्धइतर जातिहरू पूर्व र पश्चिम पहाडी क्षेत्रमा मूलतः सीमित रहे । प्रस्तुत कालको थालनीतिर आफ्नो शिक्षाको/उपदेशको प्रचारार्थ (भगवान) गौतम बुद्ध स्वयम्को नेपाल आगमन भएको अनुश्रुति हामी कहाँ भए पनि त्यो श्रुति परम्परामा सत्यको आभास पाइँदैन । बुद्धले आफ्नो जन्मस्थल कपिलवस्तुको पटक-पटक भ्रमण गरेपनि त्यताबाट त्यसबेलाको कष्टकर मार्गबाट लामो समय खर्च हुने नेपाल उपत्यकाको भ्रमण गरेको प्रमाण भेटिन्न । यसो भए पनि किरातकालीन र किरातशासित नेपाल राज्यप्रति बुद्धको विशेष चाख भएकोले नेपाल-मगध वा तराई आवत जावत गर्ने वणिकहरूका साथ भिक्षुहरू यहाँ आउने गरेको, हिउँबाट बच्न जुत्ता लगाउने अनुमति बुद्धबाटप्राप्त गरेको जस्ता बयान *मूलसर्वास्तिवाद विनयसंग्रह*मा पाइन्छ । गौतम बुद्धपहिल्यै उपत्यकामा मन्जुश्रीलगायत आदि र मानव बुद्धहरूको उपत्यका तथा तराई क्षेत्रसित सम्बन्ध रहेको परम्परा पनि यहाँ विशेष उल्लेख्य छ ।

उत्तर भारतमा वंशगत साम्राज्यहरूको उत्कर्षपछि गणतन्त्रात्मक राज्यपद्धतिको हिमायती रहेका शाक्य, कोलिय, वृज्जि, गुप्त, वर्मन्, सेन आदि बौद्ध तथा हिन्दू दुवै मतावलम्बी घरानाहरूको काठमाडौं उपत्यका प्रवेश हुनथाल्यो । यहाँका आदिवासीको रूपमा रहेका किरातवंशज, आभीर-गोपाल-निप आदि जातिहरूको भीडमा पछि आएका माथिका विभिन्न वंशहरूको आगमनले यहाँको सामाजिक र जनजातीय संरचनाको चित्रमा ठूलो परिवर्तन ल्यायो । धार्मिक दृष्टिकोणले पनि यहाँको जनसमुदाय इतिहासको थालनीकालदेखि नै मिश्रित-हिन्दू, बौद्ध-आदिवासी रुपको रहेको प्रतीत हुन्छ ।

यस पत्रमा इतिहासको गतिका साथै नेपालमा पनि प्रारम्भिक बौद्धधर्म अर्थात् श्रावकयान, महायान र बज्रयानको विकास भएको कुराको चर्चा ऐतिहासिक क्रम तथा परिप्रेक्ष्यमा नै गरिनेछ । तर यी बीचमा देखिने भिन्नताको गहन व्याख्या गर्ने पत्रलेखकको न बौद्धिक दार्शनिक क्षमता छ, न यो स्थान नै त्यसका लागि उपयुक्त छ । तर इतिहासको त्यही क्रमको विकास पहिल्याउन पनि यसबारे थोरै चर्चा ता गर्नैपर्छ ।

श्रावकयानी/थेरावादीहरू आफूले मानेको मतलाई बौद्धधर्मको प्रामाणिक, आदि वा मूल मत मान्दछन् । इतिहास नै उनीहरूको मतको आधार हो । बुद्धले ४५ वर्षसम्म (वोधि प्राप्त गरेपछि) पाली भाषामा आफ्नो शिक्षा वा दर्शन र विनय वा व्यवहारको एक औपचारिक 'संस्था' वा 'धर्म' खडा गर्नुभयो । *'धर्मचक्रप्रवर्त्तन'* का नाउँले त्यो संस्था अग्रगामी भई गुडिरह्यो । तर उहाँको परिनिर्वाणपछि ती आदि शिक्षा, विनयहरूमा समयोचित खुकुलो वा उदारपनाको माग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनथाल्यो । फलतः महायान र त्यसबाट पनि परिस्कृत बज्रयानको विकास भयो । उता महायानीहरू श्रावकयान बुद्धद्वारा प्रतिपादित शिक्षाको प्रारम्भिकस्वरुप मात्र भएको र बज्रयान पनि पछि विकसित दर्शन, उपासना-संस्कारपरम्परामा आधारित नभई बुद्धभाषित धर्म नै भएको तर्क दिन्छन् । इतिहासतिर दृष्टि दिएमा वुद्धको परिनिर्वाणपछि भएका विविध बौद्ध संघायानहरू र तिनमा भएका सहमति-विमतिका कारण नै 'स्थविर', 'थेरावाद' वा श्रावकयान एकातर्फ तथा *'महासंघिक'* (ठूलो संघका धनी) वा पछि महायान भनियो । मगधका मौर्य सम्राट अशोकका पालामा बुद्धको मार्ग स्पष्टरूपमा दुई खेमामा विभक्त भएकोमा केही शताब्दीपछि सम्राट कनिष्कको पालामा यो औपचारिकरूपमा नै दुईटा स्वतन्त्र भन्न सकिने मतमा विभक्त हुनपुग्यो ।

एक बौद्ध विद्वान्‌को विचारमा बौद्धमतहरू स्वतन्त्र होइनन् ।

"यथार्थमा श्रावकयान बौद्ध जगतको त्यो मूल धरातल हो, जसमा महायान र वज्रयान खडा भएका छन्, यसर्थ सम्पूर्ण यानहरू एक अर्कोमा अन्योन्याश्रित छन् । परिपूरक छन् ... बुद्धधर्म भनेको ती सम्पूर्ण यान, ध्यान वा ज्ञानको समूहगत रुप हो जसको नाम हो बुद्धयान ।" महीश्वरराज वज्राचार्य (पृ.११)

अर्थात् लोककल्याण नै बुद्धको एकमात्र अभीष्ट थियो । धर्मलाई बुझ्ने र त्यसलाई जीवनोपयोगी बनाउनेहरूले समय-काल, परिस्थितिअनुसार परिवर्तन हुने मानव आवश्यकतानुसार यस धर्मलाई उपयोगी, वस्तुगत बनाउँदै लगेको हो ।

छलफलका लागि नै मूलतः प्रस्तुत यस पत्रमा सबै चर्चित युगको व्यापक विश्लेषण सम्भव छैन । तर के चाहिँ उल्लेख्य छ भने लिच्छविकाल हिन्दू धर्म, राजसत्ता, जातिप्रथा, वैदिक-उपनिषद्‌कालीन आर्य (हिन्दू) संस्कृतिको पुनर्जागरणको युग थियो । यसो भए पनि मुलुकको जातीय संरचना, धार्मिक संरचना आदि दृष्टिले बौद्धधर्मप्रति कुनै प्रकारको भेदभाव वा असहिष्णुभाव देखापर्नु पनि सम्भव थिएन । लिच्छवि शासकहरू यस तथ्यप्रति सचेत थिए । वेला-बखत कमजोर स्वभावका लिच्छवि शासकलाई उछिनेर शासनको वागडोर हातमा लिएका गुप्त-बर्माहरूका पालामा भने आर्यमर्यादाका नाउँमा बौद्धहरूप्रति असहिष्णु व्यवहार दर्शाइएको हुनसक्ने खालका लेखौटहरू पाइन्छन् । कट्टर हिन्दू-धर्मका पक्षपाती गुप्तहरूको कब्जाबाट राजतन्त्रलाई बचाई शासनसत्ता आफ्नो हातमा लिने (जनप्रेमी) राजा नरेन्द्रदेवले बौद्ध संघ, विहार र धर्मप्रति सद्‌भाव देखाई र बौद्धमार्गीहरूको हृदय जित्ने प्रयास गरेको देखिन्छ । यसका निम्न केही उदाहरण यहाँ प्रस्तुत छन्:

क) धर्मानुयायीहरूले लोकोपकारका लागि गरेका विभिन्न व्यवस्थाहरू,

ख) सम्वत् १०३ को पाटन यांगबहालको राजा नरेन्द्रदेवले आर्य भिक्षुसंघलाई विविध स्रोतबाट प्राप्त धनसम्पत्ति आर्य भिक्षुसंघलाई दानस्वरुप दिएको, मुद्दा मामिला हेर्ने अधिकारसहित

ग) सोही लेखमा निम्न विहारको नाम पर्न आएको (किल्ला बयान गर्दा)–

श्रीमानदेव विहार, खर्जुरिका विहार, मध्यम विहार, अभयरुचि विहार, वार्त्त कल्याणगुप्त विहार, चतुर्भालटनसन विहार, श्री राजविहार आदि, अग्रहार (विर्त्ता) दिइएको ।

राजा नरेन्द्रदेवले जनताको सहयोगवाट गुमेको राज्य प्राप्त गरेका थिए । अतएव, जनाकाँक्षा बुझ्ने र सो अनुसार गर्ने उनको नीति थियो । यस भेकका जनताले उनलाई साथ दिएका, बौद्धमार्गी जनताको वाहुल्य भएको स्थितिमा जनचाहना अनुसार नै यहाँवाट राजदरबारको प्रत्यक्ष शासन हटाई आर्य भिक्षु संघलाई स्थानीय शासनाधिकार र आयस्रोतसमेत सुम्पेको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घ) पशुपति बज्रघरतिर प्राप्त १०३ को अर्को अभिलेखमा पनि सोही प्रकार आर्य भिक्षुसंघलाई केही गाउँ दान दिएको त्यसको आयस्रोत उपभोग गर्न पाउने व्यवस्था गरिएको पाइन्छ। यसको आर्य भिक्षुसंघ शिवदेव विहारको संघ भएको र यसको व्यहोरामा चारैतिरबाट भिक्षुहरू आएर बस्ने भनिएकोले यो हालको बौद्धतिरको हो कि भन्ने अनुमान विद्वान धनवज्र (पृ. ५०४) ले गर्नु भएको छ। यहाँ संघलाई प्रदान गरिएको जग्गामा वागमतीपूर्वको सीमा उल्लेख भएको र अभिलेख पशुपति परिसरमा प्राप्त भएकोले बज्राचार्यको अनुमान सही हुनसक्छ।

जे होस्, यी दुवै एकै प्रकृतिको विवरण भएका लेखौटबाट प्राप्त हुने महत्वपूर्ण सूचना के हो भने राजा नरेन्द्रदेवको पालामा नेपाल उपत्यकामा बौद्धधर्मले फस्टाउने मौका पाएको थियो। यहाँका थुप्रै विहारहरू शिक्षा, स्वास्थ्यजस्ता जनहितका विषयमा चासो राखी राज्यको सहयोगमा सेवा र जनहितका क्रियाकलाप सञ्चालन गर्दथे। यस्ता क्रियाकलापले राज्यलाई नै सहयोग पुग्ने हुनाले तिनमा राज्यबाट हस्तक्षेप नदिने, बरु राज्यका आयश्रोत त्यतैतिर लगाइदिने नीति नरेन्द्रदेवले लिए। यसबाट विहारहरूको बहुआयामिक गतिविधिमा तीव्रता र स्थायित्व आएको हुनुपर्छ। अन्य क्रियाकलापका अतिरिक्त स्थानीय तवरका मुद्दा-मामिला, थिति-बन्देजका कुरा पनि भिक्षुसंघले नै हेर्न र दण्ड जरिवाना गरी आय आर्जन गर्नसमेत द्रिइएको छूट विशेष महत्वको छ।

ङ) काठमाडौंको मुसुबहालस्थित अभिलेखमा 'सर्वसत्वहिताया भिक्षुणीसंघसमर्पित पणा.... लेखिएको छ। त्यस्तै ल.पु. चपटोलमा पनि भिक्षुणीसंघ को उल्लेख भएको अभिलेख पाइएको छ। साँखुको एक अभिलेखमा 'महासांघिक भिक्षुसंघ' को चर्चा छ, जो पछि 'महायानी' भनियो। साँखुमा 'गुँविहार' नामक प्राचीनं विहार पनि थियो।

Acc 28269 2427

मध्यकालीन नेपालमा बौद्धधर्म

शील र ज्ञानमा मूलतः आधारित बौद्धधर्म नेपालमा प्रवेश गर्दा आदि बुद्ध, बोधिसत्व, प्रज्ञोपाय, पञ्चबुद्ध-बोधिसत्व लगायत विविध देव-देवीको कल्पना र तिनका लागि ध्यान, पूजा-उपचारसमेतको विकासले जटिल हुँदै गएको कुरा माथिल्लो खण्डमा नै परिसकेको छ। बोधिसत्वले समस्त मानवको कल्याण गर्ने हुनाले उनको विविध उपायद्वारा भक्ति गर्नु महायान सम्प्रदायको मुख्य निर्देशक तत्व थियो। यही पृष्ठभूमिमा हिन्दूराज्य नेपालमा हिन्दूधर्मको होराहारीमा चर्चित कालमा बौद्धधर्मको विकास र विस्तार भयो। प्राचीनकालमा बौद्धधर्मको विस्तारको थालनीमा थेरावादको प्रचार-प्रसारार्थ स्थापना गरिएका चारुमती आदि विहारहरू पनि क्रमशः महायानको प्रभावमा भएका र यस युगका तीन शहर काठमाडौंका अतिरिक्त फर्पिङ्ग, साँखु आदि स्थानामा स्थापित र विकसित विहारले महायान र क्रमशः बज्रयानकै शिक्षा एवम् संस्कारको संरक्षण र विकास गरेको देखिन्छ।

मध्यकालको थालनीताका पूर्व तथा उत्तर भारतबाट विभिन्न हमलाको शिकार भएका प्रसिद्ध शैक्षिक केन्द्रहरूबाट विस्थापित भएका विद्वानहरूको आगमन नेपालमा भएको र यहाँको धर्मसहिष्णु, शान्त प्रवृत्तिको शैक्षिक-आध्यात्मिक वातावरणले उनीहरूलाई प्रभाव पारेको देखिन्छ। यस समय अर्थात् आठौं-नवौं शताब्दीमा नेपालको उत्तरी छिमेकी तिब्वतमा बौद्धधर्मप्रति अनास्था उत्पन्न हुन लागेको थियो। त्यसवेला (आठौं शताब्दी) नेपालमा वसोवास गरिरहेका ठूला साधन-तान्त्रिक पद्मसम्भव तथा शान्तरक्षित तिब्वतबाट वोन धर्मलाई परास्त गरी बौद्धधर्मलाई प्रतिष्ठित गर्न सफल भए। नेपालमा वज्रयान सम्प्रदायको विकासमा यिनै पद्मसम्भवको मुख्य हात भएको मानिन्छ (ज्ञवाली:२५२)। यस समयमा नागार्जुन नामका अर्का ठूला बौद्ध सिद्ध नेपाल आई वसेको चर्चा इतिहासकार सूर्यविक्रम ज्ञवाली (पृ.२५३) ले गर्नु भएको छ। यसरी नेपाल सम्वत्‌को थालनी हुनुअघि नै नेपालमा तार्किक शक्तिका धनी शान्तरक्षित, भूत-प्रेत-मसान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साधक ठूला तान्त्रिक पद्मसम्भव, गुह्यसमाजका टीकाकार मानिएका नागार्जुनजस्ता बौद्ध विद्वानको प्रयासको फलस्वरुप नेपालमा वज्रयानको विकास हुनसक्यो ? तन्त्र-मन्त्र साधनाको लोकप्रियतामा पनि वृद्धि हुँदै गएको कारण मध्यकालमा नै सहजयान, तन्त्र र मन्त्रयानजस्ता गुह्य र उच्च ध्यान र एकाग्रता आवश्यक पर्ने मतहरूको पनि विकास भयो । यसरी एकातर्फ सामान्य उपासक/अनुयायीको आध्यात्मिक आवश्यकता पूरा गर्न हिन्दूहरूको वैष्णवधर्मको/अनुयायीको आध्यात्मिक आवश्यकता पूरा गर्न हिन्दूहरूको वैष्णवधर्मको 'भक्ति' सम्प्रदायले सम्प्रेषित गरेको सन्देशसदृश भक्तिप्रधान महायान र ध्यान, मुद्रा, विशिष्ट उपचारमा आधारित वज्र तन्त्रयानहरूको निवास हुनुले मध्यकालीन नेपाल बौद्धधर्मको मूलघर हुनसकेको थियो ।

मध्यकालमा बौद्धधर्मले बौद्ध कला र वास्तुकलाको संरक्षण र विकासमा ठूलो भूमिका खेल्यो । यस समयमा लेखिएका वास्तुशास्त्रसम्वन्धी ग्रन्थहरूले विहार चैत्यको निर्माणमा शास्त्रीय निर्देशन प्रस्तुत गरे । करीब आधा शताव्दी पहिले मनाइएको बुद्धको २५०० औं जन्मजयन्तिको उपलक्ष्यमा वितरीत एक पर्चामा तीन शहर काठमाडौंमा भएका विहार-वहीको संख्या यस प्रकार दिइएको छ– पाटन १६७, काठमाडौं १२०, र भक्तपुर २४ भएको कुरा डा. डिल्लीरमण रेग्मीले उल्लेख गर्नु भएको छ (पृ. ७६५, भाग २) । उहाँले वर्तमान समयमा पाटन शहरमा २७, काठमाडौंमा ३६, भक्तपुरमा ४,८ र अन्यत्र ससाना बस्तीहरूमा पनि विहार भएको चर्चा गर्नु भएको छ । (पृ.७६६-७७५) ।

बौद्धकलाको दृष्टिले पनि मध्यकाल विशेष उल्लेख्य रह्यो । पूर्वमध्यकालमा विकसित चित्र-मूर्तिकलाको संरक्षण र विकासमा मल्लकालमा कमी आएन । बौद्ध पर्व-संस्कार, तीर्थस्थल आदिका दृष्टिले पनि मध्य वा मल्लकाल गौरवमय रह्यो । यस समयमा भिक्षुसंघको अस्तित्व नदेखिएको कुरा डा. रेग्मी स्वीकार्नुहुन्छ (७७६) तर बज्राचार्यहरूको आफ्नै प्रकारको संघ विहार र वस्तीहरूको संयुक्त संरक्षकको संचालकको रूपमा कायम थियो ।

उच्च जातीय बौद्धमार्गीहरूको यस व्यवस्थापकीय भूमिकाको कारण मध्यकालमा विहारहरूको नेतृत्वमा बौद्धधर्म र संस्कृतिको खासगरी महायानको अस्तित्व कायम रहिरह्यो ।

मध्यकालमा कर्णालीको खसमल्ल प्रदेशमा विशेष परिस्थितिमा बौद्धधर्मको प्रभाव व्यापक भयो । सर्वप्रथमत: यो राज्य वर्तमान तिब्बतको पुरङ्ग र गुगेप्रान्तसम्म विस्तारित थियो । यो क्षेत्र पूर्वमध्यकालमा एशिया र यूरोपलाई जोड्ने व्यापारिक रेशममार्गसित पनि आवद्ध थियो । यस मार्गको सम्बन्ध पशिचम नेपालदेखि भारतको लद्दाख, तिब्वत अफगानिस्तान हुँदै मध्यएसिया र युरोपसित थियो । यसको एक टुक्रा लुम्विनी र भारतस्थित अन्य बौद्ध तीर्थस्थलसित पनि गाँसिएको थियो । खस शासक रिपुमल्लले यही मार्गबाट लुम्विनीको तीर्थयात्रा गरेका थिए । दोस्रो, खसराज्यमा सवै हिन्दू थिएनन् । वोन र बौद्धधर्म मान्नेहरूको वाहुल्य थियो । बौद्धधर्मको पुनर्जागरणले वोनलाई विस्थापित गर्दै बौद्धधर्मको प्रचार हुँदै थियो । मुलुकको यस वस्तुगतस्थितिलाई हृदयङ्गम गरी खस मल्ल शासकहरू आफूलाई पनि बुद्धका अनुयायी भन्न रुचाउँथे । त्यस परिस्थितिमा शासक कट्टर हिन्दू हुँ भन्न सक्दैनथे । यहाँको बौद्धधर्म, कला र पुरातत्वको समग्रमा अध्ययन हुनु आवश्यक छ ।

आधुनिककाल

नेपाल आधुनिककालमा आएर हिन्दू राज्यको रूपमा घोषित भएपनि यहाँ हिन्दू र बौद्ध दुवै परम्पराले सभ्यताको थालनीदेखि नै राजालाई नागरिक समाजमा सर्वोच्चस्थान दिएको प्रमाण पाइन्छ । बौद्ध अनुश्रुतिमा मन्जुश्री वोधिसत्वले उपत्यकामा नगर बसाएको तथा धर्माकरलाई यहाँका राजा वनाई उनी पुन: आफ्नो स्थल महाचीन गएको चर्चा छ । बौद्धमार्गीहरू राजालाई वोधिसत्वको अवतार मान्छन् । फलत: प्रत्येक नयाँ युग (१२ वर्षको एक युगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवधारणाअनुसार) को थालनी वृहद् सम्यक महोत्सवको आयोजना र विशेष कलश (इन्द्रकलश) ले गद्दीनशीन राजाको अभिषेकबाट गर्ने अद्यापि चलन छ । यो एक प्रकारले मन्जुश्रीले धर्माकरलाई अभिषेक गरी 'सुशासन गर' भन्ने आशीर्वाद दिएको घटनाको पुनरावृत्ति मान्न सकिन्छ । यस महत्वपूर्ण सांस्कृतिक परम्पराले राजालाई बौद्धधर्म र संस्कृतिको संरक्षकको रूपमा प्रतिष्ठापित गरेको छ ।

आधुनिककालमा बौद्धधर्मको विकासको चर्चा गर्दा केही महत्वपूर्ण व्यक्तिहरूको योगदान विशेष उल्लेख्य देखिन आउँछ । राणा शासनकाल बौद्धधर्मको विकासमा निकै अन्धकारयुग थियो । धर्मप्रचारको माध्यमबाट प्रकारान्तरले मानिस चेतनशील हुन सक्ने र शासनको विरोधमा उत्रन पनि सक्छन् भन्ने राणाहरूको डर थियो । यसैले केही थेरावादी भिक्षुहरू निर्वासित भएका थिए । भिक्षु महाप्रज्ञा र प्रज्ञानन्दले बीसौं शताब्दीको पूर्व सन्ध्यामा राणा शासनको कठोर र दमनपूर्ण नीतिका बावजूद पनि धर्मलाई अक्षुण्ण राख्ने काम गरिरहे ।

सन् १९४० को दशकदेखि नेपालको बौद्धधर्ममा अत्यन्त प्रभावशाली र कर्मठ (एक विशिष्ट बौद्ध व्यक्तित्व) देखापर्नु भयो । उहाँ हुनुहुन्थ्यो भिक्षु अमृतानन्द । गहन अध्ययन, अनुसन्धान, धर्म देशना र समाजसेवाका प्रतीक भिक्षु अमृतानन्द धेरै भाषाका ज्ञाता हुनाले उहाँको लेखनीले बौद्ध साहित्य समृद्ध हुनसक्यो । उहाँको संरक्षकत्व र प्रेरणाबाट थेरावादको विकासमा एक लहर नै आएको कुरा बौद्ध मतावलम्बीहरू बताउँछन् । नेपाली, नेवारी र अन्य भाषामा लेखिएका उहाँका कृतिले यस धर्मको गहन अध्ययन, अनुसन्धान र शिक्षण पेशमा समर्पित हुनेहरूलाई ठूलो सघाउ पुऱ्याएको छ भने साहित्य भण्डार समृद्ध भएको छ ।

बौद्ध तीर्थस्थलहरू

मानव जीवनमा धर्मको प्रभावलाई निरन्तर राख्न, विचलित, उद्वेलित, अशान्त र दुःखी मनलाई स्थिर र शान्त राख्न तथा मनका तीव्र वेगमय इच्छा-आकांक्षा बिसाउन र शान्त्वना लिन तीर्थस्थलको भूमिका विशिष्ठ महत्वको हुन्छ । नेपाल तीर्थहरूको भण्डार हो । हिन्दू, बौद्ध तथा हिन्दू-बौद्ध सबै प्रकारका तीर्थहरू यहाँ छन् । अन्य सम्प्रदाय विशेषका विकास-विस्तारसित जोडिएका धेरै प्रसिद्ध तीर्थस्थल पनि नेपालमा छन् ।

बुद्धले मायादेवीको कोखस्थलबाट जन्म लिएको पुण्यस्थल लुम्बिनी, बुद्धको बाल्य तथा युवावस्था व्यतीत भएको कपिलवस्तु, कनकमुनि र क्रकुच्छन्द बुद्धका जन्मस्थल निगिलहवा तथा गोट्हिवा, मायादेवीको माइतिघर देवदह-रामग्रामक्षेत्र नेपालका विशिष्ठ महत्वका तीर्थस्थल हुन् । काठमाडौं उपत्यकाको सभ्यताको उद्गम र विकास त बौद्ध तीर्थस्थलको विकाससितै गाँसिएको छ । आदिवुद्धको पर्यायवाची स्वयम्भू भगवानको उत्पत्ति हुनाको कारण, मन्जुश्रीलगायत सबै आदि बुद्धहरूले तीर्थाटन गरेको स्वयम्भू क्षेत्रको गरिमाको वर्णन एक छुट्टै ग्रन्थ वा ग्रन्थहरूमा मात्र समेट्न सकिने विषय हो । हाल अनियन्त्रित रूपमा भएका आधुनिक निर्माण अतिक्रमणबाहेक यहाँको प्रत्येक इन्च भूमि पवित्र र खुल्ला संग्रहालयको रूपमा छ ।

उपत्यकाका तीन मुख्य शहर तथा अन्य उपनगरीय/ग्रामीण बस्तीहरू विहार, चैत्य, गुफा, मन्दिर-मूर्ति वा अन्य प्रतीकका कारण तीर्थस्थलले पूर्ण छन् । आफ्नो निर्वाण चाहने बौद्ध उपासक-उपासिकाहरू यी स्थानको भ्रमण दर्शन, दान, धर्म, पर्व-संस्कारको आयोजना गरेर जीवन सार्थक बनाउने गर्छन् ।

उपत्यकाबाहिर गुम्बा, मन्दिर तथा प्रसिद्ध ऐतिहासिक स्थलहरूले कालक्रममा तीर्थको रुप ग्रहण गरेका छन् । मुक्तिनाथ यस्तै एक विशिष्ट महत्वको स्थल हो । पूर्वमा हलेसीलाई पनि हिन्दू र बौद्ध दुवैथरिले तीर्थको रूपमा मान्छन् र मेला-पर्वको आयोजना गरेर दर्शन गर्ने गर्छन् । गोसाँइकुण्डको पनि आफ्नै महत्व छ । त्यस्तै कतिपय कुण्डहरू, पर्वतहरू पनि तीर्थको रूपमा मानिन्छन् । तीर्थहरूले नयाँ आध्यात्मिक उर्जा संचार गर्ने हुनाले शास्त्रको ज्ञान गर्नुजस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीर्थाटन गर्नु पनि धर्माचरणको एक प्रभावकारी प्रक्रिया हो र नेपाल यस क्षेत्रमा सौभाग्यशाली छ भन्नुमात्र यस पत्रको आशय हो ।

धर्म र जातीयता (धार्मिक परिचयको खोजी)

नेपालको परिचय दिंदा यो बहुराष्ट्रिय (जातीय), बहुभाषिक, बहुसांस्कृतिक राष्ट्र भनेर दिइन्छ । तर नेपाल 'हिन्दूराज्य' भनेर अन्य धर्म-संस्कृति र हिन्दूइतर जाति-जनजातिको स्वतन्त्र, बहुराष्ट्रिय, बहुधार्मिक-सांस्कृतिक वास्तविकतासित गाँसिएको परिचयलाई गौण मान्ने परिपाटी पनि हामीकहाँ छ । वैदिक-उपनिषद्कालीन हिन्दूधर्मको प्रवेश र विस्तार बुद्धकालमै भयो । लिच्छविकालमा यसले राजकीय स्थान पायो । यसमाथि नै नेपालमा विविध जातिको प्रवेश र तिनका आ-आफ्नो सभ्यताको विस्तार भैसकेको थियो । यसरी ऐतिहासिककालमा बौद्ध तथा हिन्दू धर्मको प्रतिस्पर्धात्मक विकास भयो । राज्यले हिन्दूधर्म र संस्कृतिकै प्रवर्द्धनमा बढी जोड दिएको कारण बौद्धधर्म उपत्यकाबाहिर बसोबास गर्ने जाति-जनजाति बीच व्यापक हुन सकेन ।

अहिले नेपालको पहाड र तराईका जाति-जनजाती बीच बौद्धधर्म लोकप्रिय हुँदो छ । बुद्धका समतामूलक शिक्षा, लोकोपकारी-बहुजनहिताय भावना, धर्मका विशेषज्ञ र अनुयायीहरू बीच दृश्य दूरीको अभाव र अन्य धर्मबाट राहत पाउन नसकेको मानसिकताले गर्दा थारु, गुरुङ, मगर, छन्त्याल, थकाली आदि संख्यात्मक-भौगोलिक दुवै दृष्टिले महत्वपूर्ण जातिहरू र अन्य जाति-जनजाति बीच पनि बौद्धधर्म प्रवाहित भैरहेछ । २०५८ सालको जनगणनाले हिन्दूधर्मको छाताभित्र राख्ने परिपाटीबाट पृथक जनसांख्यिक चित्र प्रस्तुत गर्ने निश्चितप्रायः छ । यो गणितीय सवालभन्दा अलि गहिरिएर हेर्नुपर्ने अरु पनि विषय यहाँ कोट्याउन सकिन्छ, समयाभावले विश्लेषण गर्न चाहिँ सम्भव नहोला ।

माथि उल्लेख गरेभन्दा अरु थुप्रै जाति-जनजाति धार्मिक अन्यौलमा बसेका छन् । धार्मिक (हिन्दू) शोषण, समाजमा निकृष्ट स्थान र आत्मसम्मानको अति नै न्यून वोधका कारण तिनलाई कुनै धर्मले पनि अंगाल्न सकेको छैन । हामीकहाँ बाबासाहेब अम्वेडकरको जन्म भएको छैन । हाम्रा 'हरिजनहरू' (महात्मा गान्धीको शब्द) राजनीतिक दलका भोट बैंक र अन्य वर्गका हली-गोठालामै बाँधिएका छन् । बौद्धधर्मले त्यता किन नहेर्ने ? नेपालजस्तो सामाजिक संरचंना भएको मुलुकमा बौद्धधर्म र दर्शन बढी व्यवहारवादी भई गुम्बा र विहारबाट बाहिर आएमा नेपालका धेरै दलितहरूको सांस्कृतिक उद्धार हुने स्पष्ट छ । उपनिवेशवादी बाज हामीकहाँ पनि पसिसकेको छ । यसले ठूलो उपद्रव गर्नुअघि सबैले गम्भीर भएर सोध्नु आवश्यक छ ।

शताब्दीयौंसम्म उपेक्षित रहेर बसेको बुद्धको जन्मस्थल पवित्र लुम्बिनी उद्यान खड्ग शमशेर र फ्युहररको खोजपछि पनि करीब डेढसय वर्षसम्म उपेक्षित अवस्थामै बस्यो । संयुक्त राष्ट्र संघका तत्कालीन महासचिवको आह्वानमा तत्कालीन श्री ५ महेन्द्रको तत्परताबाट पुनः बौद्धस्थलको रूपमा विकसित हुन थालेको लुम्बिनीलाई तीर्थ लुम्बिनी विकास कोषको स्थापनापछि नै एक अन्तर्राष्ट्रिय केन्द्रको रूपमा यसलाई स्थापित र योजनाबद्ध रूपमा विकास गर्ने प्रयास अघि बढे । त्यस कोषका तत्कालीन अध्यक्ष नै हाल कोषका संरक्षक (श्री ५ ज्ञानेन्द्र) भएबाट लुम्बिनी गुरुयोजनाको पूर्णता, लुम्बिनी विकास र स्थायित्वको अपेक्षा गर्न सकिन्छ ।

लुम्बिनीमा विगत ३ वर्षयता भएका राष्ट्रिय-अन्तर्राष्ट्रिय भेलाहरूमा नेपालमा बौद्ध विश्वविद्यालयको स्थापनाका सम्बन्धमा सारभूत चर्चाहरू भए । यस अनुरुप एक कार्यटोलीले उक्त विश्वविद्यालयको स्थापनाबारे केही रेखाङ्कन गर्ने काम पनि गर्‍यो । यस विषयमा विश्वबौद्ध महासंघ World Federation of Buddhists लगायत अन्य संघ-संस्थाहरूले नेपालमा त्यस्तो विश्वविद्यालय स्थापित गरिएमा उचित सहयोग गर्ने बचनबद्धता प्रकट गरे ।

बौद्ध अध्ययनलाई संस्थागत र उच्च तहमा प्रतिष्ठापित गर्नु के कारणले पनि अपरिहार्य छ भने बौद्धकला, पुरातत्व र इतिहासका वैज्ञानिक अन्वेषण-प्रकाशनका क्षेत्रमा हामी ज्यादै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछाडि छौं । लुम्विनी-कपिलवस्तुदेखि देवदह-रामग्रामका अतिरिक्त लुम्बिनी-मानसरोबर मार्गमा विकास भएका बस्ती-स्थलहरूको खोजी गर्ने अभिभारा पनि बौद्ध अध्ययन संस्थामाथि नै छ। अहिले नेपालमा बौद्धधर्म भन्नाले काठमाडौं र लुम्बिनीकोमात्र वोध हुने अवस्थामा व्यापक परिवर्तन आउनु अहिलेको नेपालमा अत्यावश्यक छ ।

उपसंहार

यस पत्रमा नेपालमा विकसित बौद्धधर्मको ऐतिहासिक विकासक्रमको संक्षिप्त चर्चा प्रस्तुत गरियो । गत शताब्दीमा नेपाल आएर नेपालबारे लेख्ने ओल्डफिल्डजस्ता विदेशी लेखकले भविष्यवाणी गरेजस्तो यो धर्म यस शताब्दीमा नेपालमा विलाएर गएन, बरु यसले परम्परागतरूपमा नेवार, शेर्पा, तामाङ आदि जातिको परिधिबाट बाहिर गएर थुप्रै जनजातिको हृदय जित्न सफल भएको छ । विगत आधा दशकमा तिब्बतमा यस धर्मले खप्नुपरेको अवस्था र नेपाल र एसियामा यसको बढ्दो प्रभावको कारण विदेशमा समेत यसको प्रभाव अति चाँडोरूपमा वढ्दो क्रममा छ । अहिले यस धर्मको लामो इतिहास, यसको प्राज्ञिक महत्व र जनजीवनमा यसको प्रभावको गहन अध्ययन-अनुसन्धान गर्ने संस्थागत पद्धतिको स्थापनाको लागि सबैतर्फबाट सक्दो प्रयास हुनु आवश्यक छ । अस्तु !

सन्दर्भ सामग्री

Dongol, Dr. Shanubhai, 2001. ***Lectures on Buddhism -Basic Concepts of Theravada Tradition.*** Kathmandu: Amen Publisher.

Regmi, D.R, 1965. ***Medieval Nepal Vol.II***. Calcutta: Firma K-C Mukhopadhyaga.

Shakya, Min Bahadur, 1984. ***A Short History of Buddhism in Nepal***. Lalitpur: Young Buddhist Publication.

Ambedkar, Dr.B.R., 1997, ***The Buddha and His Dhamma***. Nagpur: Buddha Bhoomi Publication.

प्रेमकुमार खत्री, पेशल दाहाल, २०५३, *आधुनिक नेपालको सामाजिक इतिहास,* काठमाडौं : साझा प्रकाशन ।

जगदीशचन्द्र रेग्मी, २०५८, *नेपालको धार्मिक इतिहास,* काठमाडौं : साझा प्रकाहन । ✵✵✵

बौद्ध अध्ययनसाग सम्बन्धित यूवा विद्यार्थीहरूले प्रकाशित गर्न लाग्नुभएको समकालीन मातृभूमि नामक यो जरनल समाजमा व्यप्त हिंसा र कलहको अन्त्य गरी भ्रातृत्व, करुणा र मैत्रिको भाव विकसित गर्न भूमिका निभाउन सफलहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

हिराकाजी महर्जन
प्रमुख
कीर्तिपुर नगरपालिका, काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्ध दर्शनको विकासः एक समीक्षा

जगमान गुरुङ*

प्राक्कथन

जगतको दु:खको कारण बुझेको र त्यसदु:खको कारणको निराकरणको उपाय पनि जानेको व्यक्ति बुद्ध कहलाउँदछ । यसैगरी बुद्धसँग सम्वन्धित धर्म र दर्शनलाई बौद्धधर्म र दर्शन भनिन्छ ।

'दृश्यते इति दर्शनम्' यस उक्ति अनुसार दृष्टिगत वस्तुप्रतिको अनुभूत दृष्टिकोण नै दर्शन हो । यसरी वस्तुप्रतिको दृष्टिकोण फरक परेपछि दार्शनिक चिन्तन, मनन र सिद्धान्तमा पनि फरक पर्न आउँछ । यसैले गर्दा विभिन्न दार्शनिक सिद्धान्तहरूको विकास भएको हो ।

'बौद्ध दर्शनको विकासः एक समीक्षा' भनेर यस कार्यपत्रको व्यापक शीर्षक राखिएतापनि यस कार्यपत्रमा भगवान् शाक्यमुनि बुद्धद्वारा प्रतिपादित र त्यसपछि विकशित बौद्ध दर्शनका सिद्धान्तहरू मध्ये बौद्ध दर्शनको दृष्टिकोणमा जगत भनेको के हो र निर्वाणको अवस्था कस्तो हुन्छ भन्ने विषयमा मात्र सिमित रहेर उपरोक्त दार्शनिक सिद्धान्तको विकासक्रमको मात्र संक्षिप्त समीक्षा गरिएको छ ।

भगवान् शाक्यमुनि बुद्धको दृष्टिमा जगत के हो ?

भगवान् शाक्यमुनि बुद्धले यस जगतलाई भौतिक पदार्थहरूको संयोजनवाट बनेको एउटा अनित्य वस्तु मानेका छन् । बुद्धको दृष्टिमा यो अनित्य जगत र यस प्रतिको आशक्तिनै दु:ख हो । प्रतीत्यसमुत्पाद अर्थात् कुनै पनि वस्तु स्वतःस्वयं उत्पन्न नभएर कुनै एउटा वस्तुको उपस्थितिको कारणवाट अर्को वस्तु उत्पन्न हुन्छ भन्ने कार्य-कारण भावको सिद्धान्तनै बौद्ध दर्शनको आधारभूत सिद्धान्त हो । बुद्धले अविद्यालाई दु:खको कारण मानेका छन् । अतः दु:ख कार्य र अविद्या चाहिँ कारण हो अविद्याबाट मोह उत्पन्न हुन्छ र मोहले गर्दा मानिसले शरीरलाई नै आफू भन्ने ठान्दछ । यसरी शरीरको वशमा परेपछि तृष्णा उत्पन्न हुन्छ । तृष्णा तीन प्रकारका छन्–

१) काम तृष्णा : इन्द्रीयजन्य विषय वस्तुलाई भोग गर्ने इच्छा ।

२) भव तृष्णा : जगतमा नै सुख निहित छ भन्ने ठानेर फेरि पनि जगतमा जन्मेर सुख भोग गर्ने इच्छा ।

३) विभव तृष्णा : जगत सुखमय छ तर जगत भने नाशवान् छ भन्ने ठानेर जगत नाशहुनु भन्दा पहिलेनै हर तरहले जगतको सुख भोग गर्ने इच्छा ।

यसरी मानिसले तृष्णाद्वारा प्रेरित भएर कर्म गर्दछ र आ-आफ्नो कर्मको फल भोग्न फेरि फेरि पनि उसले यस जगतमा जन्म लिन्छ । जबसम्म मानिसको तृष्णाजन्य कर्मद्वारा प्राप्त गरेको क्लेशको क्षय हुदैन, तबसम्म जन्मने र मर्ने यो भवचक्रको क्रम चलिनैरहन्छ ।

भगवान् शाक्यमुनि बुद्धले प्रतीत्यसमुत्पाद र चतुःआर्य सत्यको माध्यमद्वारा जगत र अविद्याको विश्लेषण गरेर त्यसबाट पार पाउनको लागि आर्य अष्टाङ्गिक मार्ग देखाउनु भएको छ । भगवान् बुद्धका अनुसार सम्यक् समाधिको अवस्थामा पुगेपछि अर्थात् यो जगत अनित्य

* यो कार्यपत्र श्री जगमान गुरुङ (सह-प्राध्यापक, Dept.of NeHCA/CNAS त्रिभुवन विश्वविद्यालय कीर्तिपुर) ले मिति २०५८ साल भाद्र ८ गते ASEED–South Asia र WAFI द्वारा त्रि.वि CNAS को Meeting Hall मा आयोजित विचार गोष्ठिमा प्रस्तुत गर्नुभएको हो । यस कार्यपत्र माथि प्रा. सुवर्ण शाक्यले टिप्पणी गर्नुभएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र नाशवान् छ भन्ने कुरामा चित्तस्थिर भएपछि त्यसबाट प्रज्ञा उत्पन्न हुन्छ । प्रज्ञा पनि तीन प्रकारका छन्, जस्तै–

१) श्रुतमयीप्रज्ञा : प्राप्त प्रमाणहरूबाट उत्पन्न प्रज्ञा ।
२) चिन्तामयीप्रज्ञा : युक्तिबाट उत्पन्न प्रज्ञा ।
३) भावनामयीप्रज्ञा : समाधि अथवा चित्तको एकाग्रताबाट उत्पन्न प्रज्ञा ।

यसमा पनि श्रुतमयीप्रज्ञा र चिन्तामयीप्रज्ञाबाट भावनामयीप्रज्ञा उत्पन्न हुन्छ र त्यसबाट कामस्राव, भवस्राव र अविद्यास्रावको विनाश हुन्छ । यसरी सम्यक् समाधिबाट प्रज्ञाको उदय भएर इन्द्रीयजन्य विषयवस्तुको भोगगर्ने इच्छा-काम-स्राव; जगतको सुखभोग गर्न फेरि पनि जगतमा जन्मने इच्छा भवस्राव र अज्ञान एवं मोह अविद्यास्रावको विनाश भएपछि निर्वाणप्राप्त हुन्छ र निर्वाणप्राप्त गर्नु नै बौद्ध दर्शनको अन्तिम लक्ष्य हो ।

शाक्यमुनि बुद्धको महापरिनिर्वाण पछि बौद्धदर्शनमा विकशित जगत प्रतिको अवधारण

भगवान् शाक्यमुनि बुद्धले अकथनीय अथवा अव्याकृत भनेका कतिपय कुराहरूलाई वहाँ पछिका दार्शनिकहरूले त्यसलाई आ-आफ्ना ढंगले स्पष्टपार्न खोजेका छन्, जस्तै महायान बौद्ध दर्शनले शून्यतालाई नै प्रतीत्यसमुत्पाद मानेका छन् । किनभने शून्यताबाट नै समस्त जगतको सृष्टि हुन्छ, शून्यतामा गएर नै जगतको लय हुन्छ र शून्यता नै निर्वाणको कारण हो, भन्ने महायानको दार्शनिक सिद्धान्त छ । महायान दर्शनले जगतलाई संवृतिसत्य अथवा मोह र शून्यतालाई परमार्थसत्य अथवा वास्तविकता मानेको छ । यसैगरी महायान दर्शनले केवल पुद्गल नैरात्म्य अथवा अनात्मवाद मात्र नभएर धर्म नैरात्म्य अथवा पदार्थ अथवा वस्तु वा जगतको सत्तालाई नै मानेको छैन । अर्को कुरा जगत दुःखमय छ तापनि आफ्नो वोधिसत्वचर्याबाट दुःखमय जगतलाई सुखमय बनाउने महान् आदर्श महायान बौद्ध दर्शनको छ। बोधिसत्व चर्यावतारको यस उक्तिबाट यो कुरा राम्ररी स्पष्ट हुन्छ, जस्तै- यत्किञ्चिज्जगतो दुःख तत् सर्व मयि पच्यताम् बोधिसत्वशुभैः सर्वैर्जगत् सुखितमस्तु च ॥ (यस जगतमा जति पनि दुःख छन्, ती सबैलाई मैले पचाउन सकुँ र मेरो बोधिसत्वचर्याबाट समस्त जगत् सुखि होओस्) । -(वोधिचर्यावतार, परिणामना परिच्छेद, स्वामी, १९८८: ४३३) ॥

त्यसपछि महायानले जुन तत्वलाई शून्यता भनेको छ, त्यही तत्वलाई बज्रयानले बज्र भनेको छ । अद्धयवज्रसंग्रहको यस उक्तिबाट यो कुरा राम्ररी स्पष्ट हुन्छ, जस्तै–दृढं सारमसंशीर्यमच्छेद्याभेदलक्षणम् । अदाहि अविनाशी च शून्यता बज्रमुच्यते ॥ (बडो अचल; ठोस; तोड्न र फोड्न नसकिने; प्वाल पार्न नसकिने; छुट्याएर अलग पार्न नसकिने; आगोले जलाउन नसकिने र नास भएर नजाने गुण भएको शून्यतालाई बज्र भनिन्छ ।) -(अद्धयबज्रसंग्रह, सेकतान्वय संग्रह, शास्त्री, १९२७:२७) ।

यसरी वज्रयानले शून्यतालाई बज्र र बोधिसत्वलाई बज्रसत्वका अर्थमा व्याख्या गरेको पाइन्छ । 'बज्रेण शून्यता प्रोक्ता सत्वेन ज्ञानमात्रतो' यस उक्तिबाट अझ यो कुरा राम्ररी स्पष्ट हुन्छ । वज्रयानले यस जगतलाई सुर, असुर, नर, तिर्यक योनि, प्रेत र नरक यी छ लोकमा विभाजन गरेको छ र आर्यावलोकितेश्वरको उपासनाद्वारा उपरोक्त छ लोकका षट्गतिलाई भवचक्रबाट मुक्तगर्ने उपाय पनि सुजाएको छ । अर्को कुरा महायानले दुःखमय जगतलाई आफ्नो वोधिसत्वचर्याद्वारा सुखमय बनाउन चाहे भने बज्रयानले तन्त्र साधनाद्वारा प्रकृति अथवा जगतलाई आफ्नो अनुकुलमा पारेर जगतलाई सुखमय बनाउने पद्धति प्रतिपादन गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी भगवान् शाक्यमुनि बुद्धले अनित्य र दु:ख भनेको यस जगतलाई महायान र बज्रयानले आफ्नो बोधिसत्वचर्या र तन्त्र साधनाद्वारा सुखमा परिणत गरेर जगतलाई भोगगर्ने र अन्तमा त्यसबाट निर्वाण प्राप्त गर्ने दार्शनिक सिद्धान्तको विकास गरेको पाइन्छ ।

निर्वाणको अवस्थाप्रति भगवान् शाक्यमुनि बुद्धको अवधारणा

भगवान शाक्यमुनि बुद्धका दश अकथनीय अथवा अव्याकृत कुराहरूमा निर्वाण पछिको अवस्था पनि एउटा हो । भगवान् शाक्यमुनि बुद्धले नचाँहिदो कुरा भनेर निर्वाण पछिको अवस्थालाई स्पष्ट पारेका छैनन् । निर्वाण शब्दको अर्थ निभ्नु हो । जसरी तेल छउन्जेल दियो बलिरहन्छ र तेल सिद्धिएपछि दियो पनि स्वतः निभ्दछ, त्यसैगरी कर्मको कलेश बाँकी रहुन्जेल मानिसले यस जगतमा जन्मलिई रहन्छ र कलेशक्षय भएपछि भवचक्रबाट पार हुन्छ अथवा उसको जन्मने र मर्ने क्रमको अन्त्यहुन्छ । जसरी तेल सकिएर निभेको दियोको सत्ता कहाँ गएर लीन हुन्छ भनेर भन्न सकिदैन्, त्यसैगरी कलेशक्षय भएर निर्वाणप्राप्त गरेको व्यक्तिको सत्ता पनि कहाँ गएर लीनहुन्छ भनेर भन्नसकिदैन । निर्वाणता केवल उनको दु:ख निरोध अथवा आवागमन वा जन्म र मुत्युको क्रमको अन्तहुन मात्र हो ।

निर्वाणको अवस्थाप्रति परवर्ति अवधारणा

भगवान् शाक्यमुनि बुद्धले निर्वाणको अवस्थालाई अकथनीय भनेर व्याख्या नगरेतापनि महायानी दार्शनिकहरूले निर्वाण केवल दु:ख निरोध अथवा दु:खबाट पार भएको अवस्थामात्र नभएर महा सुखको अवस्था हो भनेर अर्थ्याएका छन् । यसो भएर नै सुखावती व्युह र सुखावती भुवनको अवधारणा विकास भएको हो । यसरी महायानले भाव अभाव विर्निमुक्त शून्य अवस्थामा प्राप्त हुने महासुखलाई निर्वाण मानेको छ ।

Mahayana Buddhism

For the English Translation of some of Mahayana Sutras translated from Chinese pls.visit (http://www.sinc.sunysb.edu/Clubs/buddhism/)
The Foundation for the Preservation of the Mahayana Tradition
An organization that gives peoples the chance to receive higher education.

Chinese Buddhism

For the study of Chinese Buddhism, Center for Buddhist Studies, Taiwan has posted a vast resources in its website:http://cctb.ntu.edu.tw where one can find Chinese journals, texts, articles on Buddhism and so forth.In this website, a Buddhist resources has enlisting of more than 100 pages of Buddhist web pages dealing with all sorts of categories.

Tibetan Buddhism and Vajrayana

Again, Tibetan Studies Virtual Library www.ciolek.com,Australia has provided an extensive resources for Tibetan Buddhist Studies.
Another website called LinksPitaka (http://www.ville-ge.ch/musinfo/ethg/ducor/intro.htm) provides a comprehensive information on Vajrayana Buddhism of Tibet

Electronic Journals

Concerning electronic journals: Journal of Buddhist Ethics seems to be a very popular website where one can find current and back issues of the journal online. Its web address: www.gold.ac.uk/jbe or http://jbe.la.psu/
and International association of Buddhist Journal: http://www-orient.unil.ch/ is another worldwide recognized academic journal.

Buddhist Books Store

Amazon is said to be the largest bookstore where one can order books online. www.amazon.com;.There are others too which facilitates for e-shopping of the Buddhist books. www.mlbdbooks.com
www.snowlionpub.com, www.indiamart.com/ibc

Discussion and mailing lists

There are several discussion list where scholars discuss among themselves on the points of doctrine through emails in the mailing list.For instance-dhammalist, fpmt group and so forth.

Conclusion

So far we have produced a very brief outline of extent of contribution made by Internet in disseminating Buddhism in the world. Many more evidences can be cited. It has definitely created awareness among scientific mind of the world about the value of good heart i.e potentiality of Mind.

Throughout our history the supremacy of mind over matter or vice-versa has been the main issue of debate between the occident and oriental

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

religious people. The aim of both the group comes down to the same theme: happiness of this life and hereafter.

In this case, the oriental religions especially Buddhism emphasize both ways. In my own opinion. these two should go together rather than create opposite views. Just as the development of science and technology has achieved its climax in exploiting the nature and function of matter, in the same way Buddhism has attained its climax in exploiting the cosmic nature of our human mind and its extensive function in human world as well as in this universe.

As we see today, how Buddhist ideas, as indicated in my paper, through use of modern technology such as computers and Internet, have come down to us so easily and make our life happy and peaceful.

I appeal to the Scholars and scientists of this world to use one's wisdom in experimenting Buddha's teaching into their daily life and verify if it can bring peace and happiness to the world and to oneself. Now through these computers and Internet Buddha is recognized as **"Light of the World"** not just" **Light of Asia**" only.

***

कृषि विकास बैंकले किसान, व्यापारी, उद्यमीहरुलाई ग्रामीण कृषि कर्जा, व्यापार कर्जा र बैंकिंग सुविधाहरु प्रदान गर्दछ।

अहिले-

- किसानहरुलाई आफूले तिर्नसक्ने जतिमात्र ऋण लिनको लागि उत्साहित गरिएको छ।
- बैंक र किसान बीच बढी भेटघाट हुनसक्ने नयाँ व्यवस्था मिलाइएको छ।
- बैंकिंग कार्यालयहरु मार्फत उत्पादनशील क्षेत्रमा जाने कर्जाहरुलाई प्रोत्साहित गरिएको छ
- ऋण र वचतलाई सँगसँगै लैजाने नीतिलाई जोडदार रुपमा कार्यन्वयन गरिएको छ।
- बैंकले २०५४ सालमा लागू गरेको पहिलो चरणको सुधार कार्यक्रमबाट बैंकलाई सक्षम र भरपर्दो बनाउन सहयोग मिलेकोले २०५८ सालमा दोस्रो चरणको सुधार कार्यक्रम लागू गरी बैंकलाई दीर्घजीवी बनाउने पहल गरिएको छ।

देशको समष्टिगत कृषि विकास कार्यलाई सघाउन कृषि विकास बैंकको कार्यहरुमा सहभागी होऔं।

कृषि विकास बैंक
मुख्य कार्यालय
रामशाहपथ, काठमाडौं
फोन :२६२८८५, २६२५९६
फ्याक्स : २६२६१६, २६२९२९
e-mail :agrbnk@infoclub.com.np
Web Site :www.adbn.gov.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा थेरवादी बुद्धधर्म पुनर्उत्थानको पृष्टभूमि

वेदराज ज्ञवाली*

बुद्धधर्मको विकासदेखि विभाजनसम्म

बुद्धधर्मका प्रवर्तक सिद्धार्थ गौतमको जन्म नेपालको राजधानीबाट करीब २५० कि.मि. पश्चिम-दक्षिणमा अवस्थित लुम्बिनीमा इसापूर्व ५६३ मा भएको थियो ।[१] तत्कालीन कपिलवस्तु राज्यको राजपरिवारमा जन्मेका राजकुमार सिद्धार्थका बाबुको नाम सुद्धोधन र आमाको नाम मायादेवी हो । सिद्धार्थ गौतम बालक कालदेखि नै सम्बेदनशील, करुणायुक्त र गम्भिर स्वभावका थिए । मानिसको जीवनमा देखा पर्ने समस्या र तिनीहरूबाट उत्पन्न हुने दु:ख त्यो सबैभन्दा प्रमुख विषय हो, जसले उनलाई संवेदनशील बनाउने गर्दथ्यो । यसै सिलसिलामा उनले बुढो, रोगी, मृत र सन्यासीलाई देखेपछि उनको मनमा मानिसको जीवनमा व्याप्त समस्या तथा दु:खका कारण तथा यसको समाधानका बारेमा सही ज्ञानप्राप्त गर्ने इच्छा उत्पन्न भयो । साथै जीवनको क्षणभङगुरताको वोधले गृहस्त जीवनप्रति एक किसिमको वैराग्य भाव पनि उत्पन्न भयो । जसको परिणामस्वरुप उनी २९ वर्षको उमेरमा ज्ञानको खोजी गर्न घरवार त्यागेर कपिलवस्तुबाट प्रस्थान गरे । त्यसपछि उनले ६ बर्षसम्म निरञ्जना नदीको किनारमा अवस्थित उरुवेला (वोधगया) मा कठोर तपश्या गरे । यतिञ्जेल पनि बोधि ज्ञानप्राप्त नभएपछि कठोर तपचर्या छाडी मध्यममार्ग निर्देशित ध्यानबाट ज्ञानप्राप्त गर्ने प्रयत्नको दौरानमा उनलाई बुद्धत्वप्राप्त भयो ।[२] वोधि ज्ञानप्राप्त गरेपछि राजकुमार सिद्धार्थ गौतमको नाम गौतम बुद्ध रहन गयो ।

उनलाई घरवार त्यागनप्रेरित गर्ने कुराहरूमध्ये सबैभन्दा महत्वपूर्ण भूमिका मानव समाजमा व्यप्त दु:खजन्य समस्याहरूको थियो । अर्थात मानिसहरूमा व्यप्त दु:खको समाधानको खोजिमा उनी घर छोडेर निष्किएका थिए । सिद्धार्थ गौतमको बुद्धत्वको अधारशीला पनि मानिसहरूले भोल्नुपरेको दु:खको पहिचान र त्यसको निराकरण सम्बन्धी ज्ञानमाथि खडा भएको छ । मानिस र मानिसको समाज दु:खमय छ, मानिसहरूले भोल्नु परेका दु:खका कारणहरू छन्, यस्ता दु:खबाट पारपाउन सकिन्छ अथवा दु:खको अन्त्य सम्भव छ र दु:ख निवारणका उपायहरू छन् भन्ने मूल प्रस्तावनामा आधारित दर्शन नै बुद्धदर्शन हो । बुद्धका दु:ख र दु:ख निवारण सम्बन्धी अवधारणालाई नै चतुआर्य सत्य भनिन्छ ।

मानिसहरूले भोल्नु परिरहेका समस्यासँग प्रत्यक्षसम्बन्ध नरहेका दार्शनिक सवालहरूमा नअल्झिई मानव सरोकारका विषयमा प्रत्यक्षसम्वन्ध राख्ने विषय दु:ख र यसको निवारणका उपायमा आधारित बुद्धका विचारहरू, बुद्धको आफ्ना विचार प्रस्तुत गर्ने प्रभावशाली शैली तथा क्षमता, उनको व्यक्तित्व तथा पारिवारिक पृष्टभूमि आदिले गर्दा उनको जीवनकालमा नै बुद्धधर्म (बुद्धका विचारहरू) ले व्यापक जनसमर्थन पाइसकेको थियो । बुद्धसंघमा आवद्ध भिक्षु तथा भिक्षुणीको संख्या पनि लाखौं पुगिसकेको थियो । करीब ८०

---

* श्री वेदराज ज्ञवालीले त्रिभुवन विश्वविद्यालय बौद्ध अध्ययन विभागबाट PG Diploma in Buddhist Studies उत्तीर्ण गरी बौद्ध अध्ययन अनुसन्धानमा सम्लग्न हुनुहुन्छ ।

१ भिक्षु सुदर्शन महास्थविर, पूर्ववत्, पृ २३ ।

२ B. R. Ambedkar, *The Buddha And His Dhamma*, (Taiwan: The Corporate Body of the Buddha Educational Foundation, 1997), P. 65-75.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षको उमेरसम्म बाँचेका बुद्धले इसापूर्व ४८३ मा भारतको कुशीनगरमा[3] परिनिर्वाणप्राप्त गरेका थिए ।

गौतम बुद्धले बुद्धत्वप्राप्त गरिसकेपछि परिनिर्वाण नहुन्जेलसम्मको करीब ४५ वर्ष उनले देशना गरेका विचारहरूको समग्रतालाई नै बुद्धधर्म (Buddhism) भनिन्छ । बुद्ध र उनका विचारहरूका अनुयायीहरूलाई "बौद्ध" भनिन्छ । तर यहाँनेर हामीले के कुरा पनि विर्सनु हुँदैन भने बुद्धको जीवनकालदेखि अहिलेसम्म यस बीचका करीब २५०० वर्षको दौरानमा बुद्ध र उनका उपदेशमा आधारित भएर वा यससँग जोडिएर यसका अनुयायीहरूको व्यवहारिक क्रियाकलापजन्य मान्यता तथा व्याख्यालाई पनि वुद्धधर्म नै भनिन्छ । यद्यपि बौद्धहरू वर्तमान समयसम्म आइपुग्दा विभिन्न सम्प्रदाय वा समूहमा विभक्त हुनपुगेका छन् । विभिन्न बौद्ध सम्प्रदायले एक आपनसमा बाझिने कैयौ कुराहरूलाई बुद्धधर्मको रूपमा मान्यता दिदै आएको भएतापनि आधारभूत मान्यताहरू भने समान छन् अथवा बुद्धका मूल सिद्धन्तमा आधारित छन् ।

बुद्धधर्म र संघमा देखापरेको मत भिन्नताले बुद्धको परिनिर्वाण भएको कैयौं वर्ष पछिमात्र मुर्तरुप लिएको थियो । जसको परिणामस्वरुप विभिन्न वैचारिक स्कूल र सम्प्रदायको उदय भएको हो । बुद्धको जीवन अवधिमै पनि उनका केही अनुयायीहरूले बुद्धको प्राधिकारलाई चुनौति दिने र संघमा विभाजन ल्याउने प्रयत्न गरेका थिए । बुद्धका काकाका छोरा देवदत्तले राजा अजातसत्रुसँग मिलेर बुद्धलाई मार्ने प्रयत्नमात्र गरेनन् यसका साथै बौद्ध भिक्षुहरूलाई अझ कडा विनयको व्यवस्था गर्नुपर्ने माग राखेर संघमा फुटपार्ने प्रयत्न पनि गरेका थिए । तर यस कुरामा देवदत्त सफल हुन सकेनन् ।[४] अन्य केही भिक्षुहरू बुद्धले निर्धारण गरेका विनय (नियमहरू) कडा भएको ठान्दथे र नियमलाई खुकुलो बनाएर सुविधा तथा सहजतापूर्वक जीवन बिताउन चाहन्थे अर्थात बुद्धले बनाएका नियमहरूले भिक्षुहरूको व्यक्तिगत स्वतन्त्रतामा आँच पुगेको ठान्दथे । यस्ता विचार राख्नेमध्ये भिक्षु सुभद्र पनि एक हुन जसले बुद्धको परिनिर्वाणको खवर पाएपछि दुःखी हुनुको सट्टा "अब यसो गर, त्यसो नगर" भनेर कडाइ गरिने कुराबाट छुट्कारा पाइने भयो भनेर खुशी भएका थिए ।[५]

बुद्धको परिनिर्वाण भएपछि, उनको अभियानको सर्वोच्च प्राधिकार (Authority) को रूपम। कुनै पनि व्यक्तिलाई तोकिएको थिएन बरु बुद्धले देशना गरेका सुत्र र विनयलाई नै प्राधिकारको रूपमा स्वीकारिएको थियो ।[६] त्यसैले, भिक्षुहरू बीचमा अर्थात संघमा सामन्यरूपमा देखा पर्दैगरेका मत भिन्नताहरूको समाधान गरी सम्पूर्णरूपमा एकमना एकता कायम गर्नको लागि बुद्ध परिनिर्वाण भएको करीब ३ महिना पछि इसापूर्व ४८३ मा महाकास्यपको अध्यक्षतामा राजगृहमा प्रथम संगिती (Firsst Great Council) सम्पन्न भयो । करीब ५०० अर्हतहरूको सहभागितामा सम्पन्न यस संगितीमा धर्म र विनयमाथि आलोचनात्मकरूपमा छलफल गरी सुत्र पिटक र विनय पिटक पास गरियो ।[७] साथै बुद्धको

३. भिक्ष्मु सुदर्शन महास्थविर, पूर्ववत्, पृ २९ ।

४. P.V. Bapat, *2500 years of Buddhism, (ed.)*, (New Delhi: Publications Division, Ministry of Information and Broadcasting, Governmet of India, 1956). P. 86.

५. ऐजन् ।

६. ऐजन् ।

७. ऐजन्, पृ. ३१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निजी सचिवको रूपमा क्रियाशील भएका आनन्दलाई विभिन्न ७ वटा आरोपहरू पनि लगाइएको थियो र उनले यसबारे स्पष्टिकरण दिएका थिए ।[८] यो संगितीबाट बुद्धसंघमा बुद्धका धार्मिक उपदेश (सुत्र) र संघमा रहँदा भिक्षुहरूले पालना गर्नुपर्ने नीतिनियमहरूमा (विनय) एकरुपता ल्याउन सकिएकाले संघको उत्तरोत्तर प्रगतिमा मद्दत पुगेको देखिन्छ ।

बुद्धको परिनिर्वाण भएको करीव एकसय वर्ष पुग्दानपुग्दै बुद्ध संघमा फेरि एकपटक विवादहरू देखापरे । जसको अन्तिम टुङ्गो लगाउनका लागि वैशालीमा द्वितीय संगिती (Second Great Council) डाकियो ।[९] वैजी देशका भिक्षुहरूले बुद्धका उपदेशसँग मेल नखाने १० वटा व्यवहारजन्य कुराहरूको अभ्यास गर्ने गरेका र त्यसको विरोध यश लगायतका भिक्षुहरूले गरेका तथा त्यस विवादको निवारणको लागि यो द्वितीय संगितीको आयोजना गरिएको थियो ।[१०] यसरी द्वितीय संगितीमा बुद्धका उपदेशलाई कडाइकासाथ पालन गर्नुपर्छ भन्ने पक्षका यश लगायतकमा भिक्षुहरू जसलाई एक किसिमले कट्टरवादी वा सिद्धान्तवादी पनि भन्नसकिन्छ र उदारवादी वैज्जी भिक्षुहरू (बुद्धका उपदेशबाट केही हदसम्म पथ बिचलीत भएका भिक्षुहरू) का बीचको विवादले महत्व पाएको थियो । इसापूर्व ३८० तिर वैशालीमा रेवत महास्थविरको सभापतित्वमा सम्पन्न यस संगितीमा बुद्धसंघको विभाजन स्पष्टरूपमा देख्नसकिन्छ । यश लगायत ७०० अर्हतहरूको संगितीले वैज्जी भिक्षुहरूको १० बुँदे व्यवहारिक नियमलाई अवैध घोषित गरी बुद्धका मूल नियमहरूलाई सुद्धरूपमा बचाइराख्न सफल त भयो तर असहमत भिक्षुहरू र उपासकहरूसमेत १०,००० (दश हजार) भिक्षुहरूको सहभागितामा छुटै संगितीसम्पन्न भयो । बुद्धले निर्देश गरे अनुरुपका नियमहरूलाई समयसापेक्ष गर्न चाहने यी उदारवादी भिक्षुहरूलाई पछि महासांघिक भनियो (किनकी, उनीहरूले सम्पन्न गरेको संगितीमा धेरै मानिसहरूले भागलिएका थिए) र जबकी कट्टरवादी वा बुद्धका विनयसम्बन्धी उपदेश वा सिद्धान्तलाई दह्रोसँग पकडिएका भिक्षुहरूलाई थेरवादी (स्थविरवादी) भनियो किनकी यिनीहरूले संघमा स्थविरहरूको स्थानलाई उच्चमहत्व दिएका थिए । त्यसैले द्वितीय संगिती एक किसिमले उदारवादी र कट्टर सिद्धान्तवादी मतावलम्वी भिक्षुहरू बीचको संघर्ष थियो । यस संगितीबाट नै बुद्धसंघमा नयाँ निकाय (School of Thought) को सुरुवात भएको कुरा सबै बौद्धहरूले स्वीकारेका छन् ।[११]

यसरी बौद्धसंघमा पहिलो स्पष्ट विभाजन देखापऱ्यो । यसै समयदेखि स्थविरवाद (थेरवाद) र महासांघिक नामक दुईवटा निकायहरू प्राचीन बौद्धसंघमा देखापरे । समयबित्दै जाँदा यो विभाजन विस्तारित हुँदैगयो र यी दुई निकायबाट अन्य कैयौ सम्प्रदायहरू (Sects) उत्पन्न हुन गए ।[१२] यसै क्रममा थेरवादी निकायबाट बुद्ध परिनिर्वाण भएको तीन, चारसय वर्ष भित्रमा करीव ११ वटा उपसम्प्रदाय र महासांगिकबाट ७ उपसम्प्रदाय उत्पत्ति हुन पुगे ।

प्राचीन समयमा उत्पत्ति भएर समयको गतिलाई पछ्याउन नसकेका अधिकाँस बौद्ध सम्प्रदायहरू (Sects) लोप भइसकेका छन् । थेरवादी बुद्धधर्म भने श्रीलङ्का, बर्मा, थाइल्याण्ड, आदि देशमा पुगेर यी देशका समाजमा जरा गाड्न सफल भयो । अहिले समयको ठूलो

८.ऐजन, पृ. ३५ ।
९.ऐजन, पृ. ३६ ।
१०.ऐजन, पृ. ३७ ।
११.ऐजन, पृ. ८८ ।
१२.ऐजन, पृ. ८८-८९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तराल पछि थेरवाद नेपाल लगायतका देशहरूमा फेरि पुनर्जागरणको दौरबाट गुज्रिरहेको छ। सर्वास्थीवादी सम्प्रदायको प्रभाव पनि तिव्वतमा अहिलेसम्म रहेको छ।[१३] त्यस्तै केही सम्प्रदायको रुपान्तरण भएर अझ नयाँ सम्प्रदाय बन्नेक्रम पनि पूर्णरुपेण रोकिएको छैन।

थेरवादी बुद्धधर्मको उत्थान तथा विस्तार

दोश्रो संगिती पछि बुद्धधर्मका अनुयायीहरूका बीचमा देखापरेका विभिन्न निकाय तथा सम्प्रदायहरू बीचको खिचातानी र बुद्धधर्मको व्यवहारिक प्रयोगमा देखापरेको विविधतालाई हटाएर बुद्ध शासनमा शुद्धता तथा एकरुपता कायम गर्ने अभिप्रायले तेश्रो संगितीको (Third Great Council) अयोजना गरिएको थियो। इसापूर्व २५० मा भारतको पटना (पाटलीपुत्र) मा सम्पन्न यो संगितीका प्रमुख कर्ता मौदगलिपुत्र तिस्स र उनकै प्रेरणाले बुद्धधर्म पट्टि लागेका सम्राट आशोक दुवै दोश्रो संगिती पछि विभाजित हुनपुगेको बौद्धधर्म-सम्प्रदायमध्ये थेरवादी बुद्धधर्मका हस्तीहरू थिए। यस संगितीबाट बौद्धसंघमा रहेका कथित अपवित्र तत्वलाई कारवाई गरी निकालिएको र सुत्र पिटक तथा विनय पिटकको पुनर्समीक्षा गर्नुका साथै अभिधम्म पिटकको निर्धारण पनि गरिएको थियो।[१४]

मौदगलिपुत्र तिस्सको अध्यक्षता र सम्राट अशोकको संरक्षकत्वमा सम्पन्न यस संगितीमा १,००० भिक्षुहरूले भागलिएका थिए। यस संगितीको सबभन्दा महत्वपूर्ण कुराहरूमध्ये सम्राट अशोकले धर्म प्रचारका लागि विभिन्न देशमा धर्मदूतहरू खटाएका थिए। त्यसमध्ये अशोकले आफ्ना छोरा महेन्द्र र छोरी संघमित्रालाई श्रीलंकामा धर्म प्रचारको लागि पठाए। महावंश र दिपवंशका अनुसार अशोकका धर्मदूतहरूमध्येमा मज्झिमथेर र अन्य चारजना थेरहरू हिमवत प्रदेशमा धर्म प्रचारका लागि आएका थिए। शासनवंशमा उल्लेख भए अनुसार हिमवत प्रदेश भनेको नेपाल उपत्यकासहित सम्पूर्ण हिमाच्छादित उत्तरी क्षेत्रको भू-भाग हो।[१५] त्यसैगरी अशोकले एशिया, अफ्रिका र युरोपका अन्य कैयौं देशहरूमा पनि धर्मप्रचारको लागि धर्मदुतहरू पठाएका थिए।

राजा कनिष्कको संरक्षकत्वमा सन् १०० को आसपासमा कश्मीरमा चौथो संगितीसम्पन्न भयो। यस संगितीले यतिन्जेल अस्थित्वमा रहेका १८ वटै बौद्ध सम्प्रदायहरूलाई मान्यता दिइएको थियो। पाली भाषामा रहेको त्रिपिटक माथि संस्कृतमा विभाषा (टिका) तयार गरिएको यो संगितीको बुद्धधर्मको इतिहासमा ज्यादै ठूलो महत्व छ तापनि यस संगितीमा स्थविरवादबाट (हिनयानबाट) छुट्टिएका अन्य उदारवादी सम्प्रदायको सहभागिता भएतापनि सबैभन्दा धेरै भिक्षुहरू भने सर्वस्तिवादी सम्प्रदायका थिए। यो संगितीलाई थेरवादी सम्प्रदायले मान्यता नदिएकाले विवादित हुनपुगेको छ।

थेरवादी परम्परा अनुसार चौथो संगिती श्रीलङ्कामा राजा वेट्टगामी अभयको संरक्षकत्वमा इसापूर्व १०० मा भएको थियो।[१६] यस संगितीमा त्रिपिटकको पुनर्पाठनमात्र गरिएन कि अर्थकथा तथा त्रिपिटकलाई पनि विषयगतरूपमा पुनर्व्यवस्थित गरियो। यसै संगितीबाट त्रिपिटक तथा अट्ठकथा पाली भाषामा ताडपत्रमा लेखेर सुरक्षित गरियो।[१७] यो

---

१३. भिक्षु अमृतानन्द, *महिन्द थेर तथा संघमित्ता थेरी*, (काठमाडौं : आकुविगु, (२०४६) पृ ख।

१४ P.V Bapat, पुर्ववत्, पृ. ३९।

१५. ऐजन्, पृ. ४०।

१६. भिक्षु सुदर्शन महास्थविर, *बौद्ध संस्कृति*, (काठमाडौ : नगर मण्डप श्रीकीर्ति विहार, २०५५), पृ. ८२।

१८ P.V. Bapat, पुर्ववत्, पृ. ४४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संगितीभन्दा अगाडि त्रिपिटक लिखितरूपमा थिएन । गुरुशिष्य परम्परा अनुसार भिक्षुहरूले कण्ठस्थ गरी त्रिपिटकको ज्ञान एक पुस्तावाट अर्को पुस्तमा हस्तान्तरण हुँदै आएको थियो ।

थेरवादी परम्परा अनुसार पाँचौं र छैठौं संगिती वर्मामा सम्पन्न भएका थिए । पाँचौं संगिती बर्माको माण्डलेमा सन् १८७१ मा राजा मिन्दोमिनको संरक्षकत्वमा सम्पन्न भएको थियो । यस संगिती मा सम्पूर्ण त्रिपिटकलाई ७२९ वटा मार्वलका स्लावहरूमा कुँदेर सुरक्षित पारिएको थियो । छैठौं संगिती सन् १९५४ मईदेखि बर्माको राजधानी रंगुनमा सुरु भई सन् १९५६ को वैशाख पूर्णिमा (बुद्ध पूर्णिमा) सम्म जारिरहेको थियो । यस संगितीमा भारत, श्रीलङ्का, नेपाल, थाइल्याण्ड, कम्बोडिया आदि देशका भिक्षुहरूले भाग लिएका थिए । यस संगितीमा पनि त्रिपिटकको पुनर्समीक्षा गरिएको थियो ।[१८] नेपालबाट यस संगितीमा भिक्षु अमृतानन्द लगायतका भिक्षुहरूले भाग लिएका थिए ।

थेरवादका दार्शनिक मान्यताहरू

गौतम वुद्धले, बुद्धत्वप्राप्त गरेपछि महापरिनिर्वाणप्राप्त नगरुन्जेलसम्मको ४५ वर्ष धर्म देशना गरेर विताएका थिए । उनले उपदेशहरू तत्कालीन मगध देशमा प्रचलित पाली भाषामा दिएका थिए । पाली भाषामा बुद्धले गरेको धर्म देशना अर्थात उनका उपदेशहरूलाई विषयगत रुपमा ३ भागमा विभाजन गरिएको छ । यसै आधारमा अभिधम्म पिटक, विनय पिटक र सुत्त पिटक गरी पाली त्रिपिटकलाई बुद्धका सबैभन्दा प्रमाणिक र सर्वप्राचीन उपदेशका रूपमा स्वीकारिएको छ । पाली त्रिपिटक थेरवादी बुद्धधर्मसँग सम्बन्धित रहेकाले थेरवादीहरूलाई बुद्धका सच्चा अनुयायी वा कट्टर अनुयायीका रूपमा लिने गरिन्छ । थेरवादीहरूले बुद्धलाई केही हदसम्म दैविक शक्ति युक्त व्यक्ति माने पनि मूलतः असल मानव गुण भएका ऐतिहासिक व्यक्तिको रूपमा मान्ने गर्दछन । त्यसैले बुद्धमा मानवीय सम्बेदना हुनु स्वभाविक हो र मानिसहरूको कल्याणका खातिर उनले आफ्नो जीवन परिचालन गरेका छन् तथा उनका दार्शनिक विचारहरू पनि यसमा नै केन्द्रित भएको देखिन्छ ।

थेरवादले मानिसलाई समस्या तथा खरावीवाट पारपऊनका लागि असल काम तथा विचारको अभ्यास गर्न प्ररित गर्दछ । यसका लागि मानिसले शील, समाधि र प्रज्ञाको अभ्यास मार्ग अपनाउनु पर्दछ । यसो गर्नाले मानिसले संसारिक दुःखबाट मुक्तभई निर्वाणप्राप्त गर्नसक्दछ ।

थेरवाद अनुसार सम्पूर्ण संसारिक विषयवस्तुका मुलतः ३ वटा लक्षण वा स्वभाव रहेका छन् । संसार अनित्य छ । अथवा सवै सांसारिक कुराहरू निर्माण-विनास वा जन्म-मृत्युको चक्रवाट गुज्रिएका हुन्छन् । कुनै पनि चिज नित्य वा अजर अमर छैन । संसार दुःखमय छ । सांसारिक विषयवस्तुमा रमाएर सुख प्रप्त गर्ने चाहना मृगमरिचिकामात्र हो । त्यसैले वास्तविक सुखप्राप्त गर्न चाहनेले सांसारिक मोहलाई परित्याग गर्न सक्नुपर्दछ । आत्माको कुनै अस्थित्व छैन । संसारका सवै वस्तु अनात्म छन् । संसार सम्बन्धी यी ३ वटा मान्यताहरू दुःख, अनात्म र अनित्य भन्ने दार्शनिक मान्यतामा अधारित दर्शन नै थेरवादी दर्शन हो ।[१९]

नेपालमा थेरवादी बुद्धधर्मको सुरुवात

नेपालमा थेरवादी बुद्धधर्मको पुनर्उत्थानको बारेमा धेरै कुराहरू किटानीकासाथ भन्न सकिन्छ तापनि यसको प्राचीन तथा मध्यकालीन इतिहासस्पष्ट नभएको हुनाले यसबारेमा

---

१८. ऐजन्, पृ. ४७।
१९. ऐजन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चर्चा गर्न त्यति सजिलो छैन । यस्तो समस्या थेरवादको बारेमा मात्र होइन कि हाम्रो देशको सिङ्गो इतिहासको बारेमा पनि रहेको छ । तर इतिहासलाई नियालेर हेर्ने हो भने प्राचीन कालदेखि नै नेपालमा थेरवादी बुद्धधर्म थियो भन्ने कुरा स्वीकार्न सकिन्छ र यसै आधारमा नेपालको थेरवाद बुद्धधर्मको ऐतिहासिक रुपरेखा तयार गर्न सकिन्छ ।

नेपालको थेरवादी बुद्धधर्मको पुनर्उत्थानको पृष्टभूमिमा प्रवेश गर्नु पूर्व थेरवादसँग जोडिएका वा जोडिन सक्ने केही प्रसङ्गहरूबारे चर्चा गरौं ता कि नेपालमा थेरवादको सुरुवात र विकासको बारेमा अध्ययन गर्न हामीलाई सजिलोहओस् ।

बुद्ध धर्मका प्रवर्तक गौतम बुद्ध नेपालको दक्षिण-पशिचम तराईमा अवस्थित लुम्बिनीमा जन्मेका थिए । उनको जीवनकालमा नै (इसापूर्व ५६३-४८३) कपिलवस्तुका कैयौं महिला तथा पुरुषहरूले प्रवज्या लिएर बुद्धधर्मको प्रवाहमा सामेल भएका थिए । तत्कालीन कपिलवस्तुका भिक्षु तथा भिक्षुणीहरूको बुद्धधर्मको विकासमा ज्यादै ठूलो भूमिका रहेको छ । त्यसैले नेपालमा   (आधुनिक सन्दर्भको नेपाल अधिराज्यलाई नेपाल भनिएको हो, यहाँ प्राचीनकालको नेपाल उपत्यका मात्रको उल्लेख गरिएको होइन) बुद्धधर्मको सुरुवात गौतम बुद्धको जीवनकालमा नै भएको हो । तर यहाँनेर हामीले के कुरामा ख्याल गर्नु पर्दछ भने बुद्ध परिनिर्वाण भएको सयवर्ष पछि आयोजना गरिएको द्वितीय संगितीमा वौद्धसंघमा औपचारिकरूपमा विभाजन भएर थेरवाद र महासांघिक नामका दुईवटासमूह वन्नुपूर्व वुद्धधर्ममा थेरवाद नामको कुनै विशेष सम्प्रदायको अस्थित्व थिएन । त्यतिञ्जेल एउटैमात्र वौद्धसंघ थियो । द्वितीय संगिती पछि अस्थित्वमा आएको थेरवादले वुद्धका शिक्षाहरूलाई जस्ताको तस्तैरूपमा अवलम्बन गर्ने प्रतिबद्धतासहित अगाडि आएको थियो ।

सम्राट अशोकको संरक्षकत्वमा इसापूर्व २५० को आसपासमा सम्पन्न तृतीय संगिती पछि विभिन्न देशमा धर्म प्रचारको लागि धर्मदूत पठाएका थिए । तृतीय संगिती विशेष गरी थेरवादीहरूको बर्चश्व भएको संगिती र सम्राट अशोक पनि यसै सम्प्रदायप्रति झुकाव राख्ने हुनाले उनले पठएका धर्मदूतले प्रचार गरेको बुद्धधर्म पनि थेरवादी बुद्धधर्म हो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । अशोकका धर्मदूतमध्ये मज्झिमथेरसहितको टोली हिमवत प्रदेशमा धर्म प्रचारका लागि आएका थिए र शासनवंशमा उल्लेखभए अनुसार हिमवन्त प्रदेश अन्तरगत (नेपाल उपत्यका सहित) सम्पूर्ण हिमाच्छादित भु-भाग परेको स्पष्ट हुन्छ । अशोकका धर्मदूतहरूले यहाँ सर्वप्रथम "धर्म चक्रसुत्र" को देशना गरेका थिए ।[20]

अशोकका धर्मदूतमध्ये राजकुमारी चारुमतिको नेतृत्वमा अर्को टोली पनि काठमाडौं उपत्यकामा आएको र चारुमतीले नेपालका राजकुमार देवपालसँग विवाह गरी यतै घरजम गरेर वसेकी थिइन् । उनले यहाँ एउटा विहार बनाई त्यस विहारमा बौद्ध केन्द्रको स्थापना गरेकी थिइन । त्यो विहार अध्यावधि छ र त्यसलाई चरुमती विहार भनिन्छ । अर्थात काठमाडौ देवपत्तनमा (चावहिल) अवस्थित विहार नै चारुमति विहार हो । यो धर्मदूत टोलीपछि मन्जुपत्तन (पाटन) मा आइ यस शहरको चारवटा सिमावर्ती छेउमा चारवटा स्तुपहरूको निर्माण गर्‍यो । ती स्तुपहरू अहिले पनि छन् । यस धर्म अभियानको सम्झनामा यस शहरको नाम पनि वदलेर अशोक पत्तन राखियो ।[21]

---

२० P.V.Bapat, पुर्ववत् ।

२१.भिक्षु सुदर्शन महास्थविर, पुर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसै गरी सम्राट अशोकले आफ्नो धर्मिक अभियानको सिलसिलामा गौतम बुद्धको जन्मस्थल नेपालको लुम्बिनीमा आएर अभिलेखसहित एउटा स्तम्भको स्थापना गरेका थिए।[२२] अशोक स्तम्भको नामले विख्यात यस स्तम्भमा भगवान बुद्धको जन्म यहाँ भएको थियो भन्ने कुरा स्पष्टरूपमा उल्लेख गरिएको छ।

यसरी सम्राट अशोकको वौद्धधर्म प्रचार गर्ने अभियान अन्तरगत ३ वटा अभियान नेपालमा सञ्चालन भएका र ती अभियानको प्रभाव अहिलेसम्म सप्रमाण रहेको तथा अशोकको अभियान थेरवादी बुद्धधर्मको प्रचार गर्ने अभियान भएको हुनाले नेपालमा थेरवादी बुद्धधर्मको प्रवेश इसापूर्व तेश्रो शताब्दीमा अर्थात थेरवाद बुद्धधर्मको विकासको उषाकालदेखि नै यसको प्रवेश नेपालका भएको कुरास्पष्ट हुन अउँदछ।

काठमाडौं उपत्यकामा थेरवादी बौद्ध वाङ्मयको किन्नरजातक उत्किर्ण गरिएको छ। यसका साथै ह्वेनसाङको यात्रा वृतान्तमा नेपाल उपत्यकामा हिनयान (सुरुमा थेरवादको प्रचलित नाम) र महायानका तीन-तीनहजार भिक्षुहरू रहेको कुरा उल्लेख छ।[23] त्यसैगरी पालीको सर्वाधिक प्राचीन पाण्डुलिपि नेपालको राष्ट्रिय अभिलेखालयबाट प्राप्त भएको छ। यसबाट के कुरा स्पष्ट हुनअउँछ भने नेपालमा बुद्धधर्मको सुरुवात गौतम बुद्धको जीवन कालमा नै भएको हो। त्यसैगरी बुद्धधर्ममा देखापरेको विभाजन पछि अस्थित्वमा आएका बौद्ध सम्प्रदायमध्ये थेरवाद बुद्धधर्म अन्य बौद्ध सम्प्रदायभन्दा पहिला नेपालमा प्रवेश भएको थियो। तर थेरवादको विकास र विस्तारमा खासगरी इस्वी सम्वतको पहिलो शताब्दी पछि महायान र त्यसको शताब्दी औं पछि बज्रयान सम्प्रदायले नेपालमा प्रवेश तथा विकास गरेपछि नकारात्मक प्रभाव परेको देखिन्छ। मध्यकालसम्ममा त थेरवादी बुद्धधर्म नेपालबाट करीब करीब लोप नै हुनपुगेको थियो।

नेपालको इतिहासको सिङ्गो मध्यकालभरि त्यसपछि आधुनिक कालको बीसौं शताब्दीको तेश्रो दशकसम्म अर्थात सन् १९२० सम्म नेपालमा थेरवादी बुद्धधर्मबारे कुनै चर्चा भएको वा थेरवादी बुद्धधर्मका अनुयायी नेपालमा रहेको कुनै ऐतिहासिक प्रमाण अहिलेसम्म भेट्टाउन सकिएको छैन। यहाँसम्म कि पाँचौं र सातौं शताब्दीमा चिनिया यात्रीहरू क्रमशः फाहियान र हुयेन सङ्गले तथा १४ औं शताब्दीमा पश्चिम नेपालका मल्लराजा रिपुमल्लले गौतम बुद्धको जन्मथल लुम्बिनीको तीर्थ गरेको कुराको ऐतिहासिक प्रमाण भेटिएता पनि त्यसपछि लुम्विनी पनि विस्मृतीको गर्भमा हराउन पुग्यो। सन् १९९६ डिसेम्वर १ तारिखका दिन तत्कालीन नेपालको पाल्पास्थित कमाण्डर्‌इङ्ग जनरल श्री खड्ग शमसेर र जर्मन पुरातत्वविद् **Dr. Alios Anton Fuhrer** ले सम्राट अशोकले स्थापन गरेको अशोक स्वम्भ पत्ता लगाएपछि मात्र त्यसमा कुँदिएको अभिलेखको आधारमा भगवान बुद्धको जन्मथलो लुम्विनीवारेमा यकिन गर्न सकिएको थियो।

नेपालमा थेरवादको पुनर्उत्थान

इतिहासको एउटा कालखण्डमा दक्षिण एशियामा मात्र होइन सिङ्गो एशिया महादेशका अन्य मुलुकहरूमा समेत फैलिएको बुद्धधर्म कसरी विस्मृतीको गर्भमा लुक्नपुग्यो त ? पश्चिमी साम्रराज्यवादी शक्तिराष्ट्रहरू विश्वविजयको उन्मादमा जहाँ जहाँ जान्थे त्यस

२२. Asha Ram Shakya. *"A Brief History of Buddhism in Nepal", Buddhist for Peace,* (Number 3. Vol. 3. 1981), P 43.

२३. P.V. Bapta. पुर्ववन्, पृ ७३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देशको धर्म, संस्कृति, अर्थतन्त्र आदिलाई अधिनमा पारेर आफ्ना मान्यता तथा आफ्नो धर्म क्रिस्चियन धर्मलाई विजित राष्ट्रका जनतामाथि जवरजस्ति लाद्ने गर्दथे । मुस्लिम सम्राज्यवादीहरूको नीति पनि विजित राष्ट्रमा आफ्नो धर्म जवरवस्ति थोपर्ने नै थियो । त्यसैकारणले बुद्धधर्म जस्तो शान्ति र अहिंसावादी धर्मलाई साम्राज्यवादीहरूको धार्मिक वर्वरताले गर्दा ठूलो आघात पर्न गयो र यहाँसम्म कि भारत जस्तो देश जहाँ बुद्धधर्मको विकास भएको थियो त्यहाँ पनि बुद्धधर्म प्राय नष्ट तथा लोप नै हुन गएको थियो ।

तर श्रीलङ्का तथा बर्मा जस्ता देशहरूमा बुद्धधर्म त्यसमा पनि थेरवादी बुद्धधर्म जनताको आस्था र विश्वसमा निकै मजबुतिका साथ स्थापित भएको हुनाले विदेशी मान्यता र धर्मलाई जनताले सजिलै स्वीकार गरेनन् । बरु विस्तरै राष्ट्रिय र धार्मिक स्वतन्त्रतको लागि आवाज उठाउँदै गए । यस दौरमा श्रीलङ्का, बर्मा लगायतका देशहरूका थेरवादी बुद्धधर्मका अनुयायीहरू धर्मको संरक्षण तथा प्रचारमा अदम्य जोस र जाँगर सहित क्रियाशील भए । सन् १८७३ को अगस्टमा श्रीलङ्काको पान्दुरा भन्ने ठाउँमा इसायी र बौद्धको बीचमा सार्वजानिकरूपमा भएको शास्त्रार्थमा बौद्ध भिक्षु मिगत्तुवत्ते गुणानन्दले इसायी धर्म गुरु डेविड डे सिल्भालाई पराजित गरेका थिए । यसबाट धार्मिक जगतमा बुद्धधर्मप्रति ठूलो उत्सुकता उत्पन्न हुन गएको थियो । इसाको १९ औं शताब्दीको उत्तरार्धसम्ममा त बौद्ध जागरणलेस्पष्ट गति लिइसकेको थियो । कर्नल हेनरि स्टिल अल्कोटलगायतका पश्चिमी देशका व्यक्तिहरू, श्रीलङ्काका अनागरिक धर्मपाल तथा बर्माका ऊ.चन्द्रमणिलगायतका व्यक्तिहरूले भारतलगायतका देशमा थेरवादको पुनर्उत्थानमा ठूलो भूमिका खेले । सन् १८९१ मा श्रीलङ्काका धर्म प्रचारक अनागरिक धर्मपालले भारतमा बुद्धधर्म प्रचारको लागि महावोधि सोसाइटीको स्थापना गरेपछि यस क्षेत्रमा धर्म प्रचारको काम अझ व्यवस्थित हुनगयो । नेपालमा थेरवादको पुनर्उत्थानमा अनागरिक धर्मपाल र बुद्धको परिनिर्वाण भएको ठाउँ कुशिनगरमा बस्दै आएका बर्मेली भिक्षु ऊ चन्द्रमणिको ठूलो योगदान रहेको छ । अथवा सारा एशिया सम्राज्यवादी उत्पिडनबाट स्वतन्त्रताको लागि जागृत भइरहेको बेला विशेष गरी दक्षिण एशियामा बौद्ध जागरणले गति लिइरहेको थियो । यस कुराबाट नेपाल पनि अपवाद रहन सकेन ।

यसै दौरानमा सन् १८९६ मा नेपालको लुम्बिनी बुद्धको जन्मठाउँमा सम्राट अशोकले राखेको स्तम्भ फेला पऱ्यो । यसले पनि बुद्ध र बुद्धधर्म बारे नेपालीहरू माझ उत्सुकता बढयो । यसैताका पं निष्ठानन्द बज्राचर्यले ललितविस्तरलाई नेवारी भाषामा अनुवाद गरेर प्रकासित गरे । यसको अध्यनबाट नेवारी भाषा भाषी नेवार जनसमूदायमा बुद्धधर्ममा उत्सुकता तथा जागरण आयो ।[२४] त्यतिवेला गौतम बुद्धको जीवनीमा आधारित नाटक मञ्चन पनि गरिने गर्दथ्यो र यस नाटकमा प्रदर्शित घरबार त्यागगरी प्रवर्जीत भएर बुद्धसंघमा सामेल भएका दृश्यहरूले मानिसहरूलाई प्रभावित तथा आकर्सित गरेको थियो । नाटकबाट युवाहरू भिक्षु जीवनप्रति प्रेरित भएका थिए ।[२५]

सन् १९२० तिर पाटन सप्तपुर महाविहार निवासी जगतमान वैद्य १८ वर्षको उमेरमा प्रवेशिका परीक्षा (मेट्रिकुलेशन) दिन कलकत्ता गएको वेलामा त्यहाँ धर्मराजिक विहारमा बस्ने श्रीलङ्काका धर्म प्रचारक अनागरिक धर्मपालसँग भेटभयो । धर्मपालले अंगालेको

---

२४ भिक्षु सुदर्शन महाथविर, *बौद्ध संस्कृति*, पुर्ववत् पृ. १३३ ।

२५ Asha Ram Shakya, पूर्ववत् पृ. ४९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थेरवादी बुद्ध धर्मबाट प्रभावित भएर उनकै सल्लाहअनुसार जगतमानले आफ्नो नाम बदलेर धर्मादित्य धर्मचार्य बनाए र बिदामा काठमाडौं आउँदा महावोधि पत्रिका तथा बुद्धधर्म सम्बन्धी अन्य सामाग्री लिएर आए । यसबाट नेपालमा थेरवादी बुद्धधर्मको औपचारिकरूपमा प्रचार पुन: सुरुभयो । केही समय पछि उनी प्रमाण पत्र तहको अध्ययनको लागि फेरि कलकत्ता गए र बुद्धधर्मको प्रचार प्रसारमा पनि सम्लग्न भए । सन् १९२३ को गर्मी महिनाको छुट्टिमा नेपाल आएको समयमा धर्मादित्यले थेरवाद बुद्धधर्म प्रचारको लागि नेपाल बुद्धोपासक संघ नामक संगठन र बुद्धधर्म नामक पत्रिका प्रकासित गरे ।[२६] यसरी नेपालको पहिलो थेरवादी धर्म प्रचारक धर्मादित्य धर्माचार्य देखा परे जसले नेपालमा थेरवादी बुद्धधर्मको पुनरुत्थानमा महत्वपूर्ण भूमिका खेलेका थिए ।

धर्मादित्यले काठमाडौंमा थेरवादको प्रचार सुरुगरेको केही महिना पछि वि.सं. १९८१ मा तिव्बतबाट महायानी-बज्रयानी सम्प्रदायका क्यान्छयालामा तीर्थाटनको लागि काठमाडौं अएका थिए । उनको धार्मिक प्रवचनबाट धेरै मानिसहरू प्रभावित भए । उनकै प्रवचनबाट प्रभावित भएका मध्ये प्रेमवहादुर श्रेष्ठलगायत अन्य चारजाना युवाहरू केही समय पछि महायानी परम्परा अनुसार प्रवर्जीत भएर भिक्षु (घेलुँ) जीवन व्यतित गर्न थाले । घेलुँ बनेका प्रेमवहादुर श्रेष्ठ (पाल्देन श्यारव) अर्थात महाप्रज्ञा र अन्य ४ जना महाचन्द्र, महाज्ञान, महाविर्य र महाक्षान्तिले काठमाडौंका सडकहरूमा बौद्ध परम्परा अनुसार भिक्षाटनमा हिडन थाले ।. यसबाट तत्कालीन असहिष्णु तथा निरंकुश राणा शासकहरूलाई चित्त बुझेन र उनीहरू सबैलाई वि.सं. १९८२ श्रावणमा देश निकाला गरियो । यसरी देश निकालामा परेकामध्ये महाप्रज्ञाले भारतको कुशीनगरमा गई सन् १९२८ मा भिक्षु ऊ चन्द्रमणिबाट प्रवज्या लिएर नेपालका प्रथम थेरवादी भिक्षु बन्न पुगे ।[२७]

नेपाली श्रद्धालुहरू थेरवादी परम्परा अनुसार आफ्नो आस्था पुनर्संयोजन गर्ने र प्रवर्जीत हुनेक्रम यत्तिकैमा रोकिएन । सन् १९३० मा कुशीनगरमै प्रवर्जीत भएका प्रज्ञानन्द भिक्षु भेषमा नेपाल आए । यसभन्दा अगाडि प्रवर्जीतभएका महाप्रज्ञा यतिञ्जेल नेपाल आउन सकेका थिएनन् त्यसैले प्रज्ञानन्द नेपाल प्रवेश गर्ने पहिलो थेरवादी भिक्षु हुन् । यसपछि क्रमश: शाक्यानन्द, धर्मलोक, अनिरुद्र, कुमारकाश्यप, अमृतानन्द आदि भिक्षु पनि प्रवर्जीत हुँदै गए । उनीहरू नेपालभित्र आएपछि बुद्धधर्मको प्रचारप्रसार तथा धार्मिक क्रियाकलाप सञ्चालन हुनथाल्यो । जसको परिणामस्वरुप नेपालमा थेरवाद बुद्धधर्मको पनरुत्थान हुन गयो ।

***

बौद्ध अध्ययन विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरका विद्यार्थीहरुद्वारा प्रकाशित जरनल समकालीन मातृभूमिको सफलता र निरन्तरताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

लोकराज भट्ट
सभापति
स्ववियु त्रि वि कीर्तिपुर

२६ ऐजन ।

२७ रत्नसुन्दर शाक्य, *बौद्ध जगतका स्मरणीय व्यक्तिहरू दोश्रो भाग,* (काठमाडौ :मानदास लुमन्ति प्रकासन, २०५०) पृ. १४४-१५० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्था परिचय तथा सम्पन्न कार्यक्रमहरु

संस्था परिचय (१)

अन्तर्राष्ट्रिय दर्शन, संस्कृति तथा धर्म अध्ययन प्रतिष्ठान, नेपाल

(Wisdom And Faith International, Nepal)

पृष्टभूमि

मानव जातिको उत्पत्ति भएदेखि अहिलेसम्म लाखौं वर्षको ऐतिहासिक कालखण्ड व्यतित भएको छ । यस बीचमा प्राकृतिक प्राणाली भित्र समायोजन हुन तथा विकासशील अस्थित्व कायम राख्नका लागि प्रकृतिसँगको सघर्षको दौरानमा मानिसले जीवन र जगतका अनेक पक्ष तथा विषयका बारेमा ज्यादै महत्वपूर्ण र युगान्तकारी ज्ञान हासिल गरेको छ । साँस्कृतिक तथा धार्मिक मूल्य-मान्यता तथा जीवन र जगतलाई हेर्ने विश्व दृष्टिकोण (दर्शन) को विकास गरेको छ । तर पनि मानिस-मानिसका बीचमा युद्ध तथा द्वन्द जारिरहेको छ । असमानता र विभेदपूर्ण अवस्था पनि कायमै छ । यो दुर्भाग्यपूर्ण अवस्थाबाट मुक्तगरि "वसुधैव कुटुम्बकम"मा आधारित समतामूलक समाजको निर्माणको दिशामा योगदान पुऱ्याउने उदेश्यले वि.सं.२०५८ सालमा अन्तर्राष्ट्रिय दर्शन, संस्कृति तथा धर्म अध्ययन प्रतिष्ठान नेपालको स्थापना गरिएको हो । सोही बर्ष जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको यो संस्था समाजकल्यण परिषदमा पनि आवद्ध भइसकेको छ ।

प्रस्तावना

मानव जातिको उन्नति र प्रगतिका लागि, मानव समाजमा परापूर्वकालदेखि प्रचलित तथा समयको परिवर्तित-विकसित परिवेशमा अस्तित्वमा आइरहेका, धर्म, संस्कृति र दर्शन खासगरी बौद्धधर्म, दर्शन, संस्कृतिबारे सर्वपक्षीय र तुलानात्मकसमेत अध्ययन गरी, धर्मसंस्कृति र दर्शनका असल पक्षहरुलाई उजागर गर्दै प्रगतिगामी पक्षहरुको पक्षपोषण र साझा मनोविज्ञानमा आधारित समतामूलक मानव समाजको निर्माणमा योगदान पुऱ्याउने उद्देश्य तथा गौतम बुद्धका अमर सन्देशहरुको जगेर्ना गर्ने अभिप्राय सहित यो **Wisdom and Faith international, Nepal** छोटकरीमा **WAFI** को स्थापना गरिएको हो ।

उद्देश्य

प्रचलित ऐनकानुनको परिधिभित्र रहि कार्यगर्ने गरी यस संस्थाका उद्देश्यहरु देहाय बमोजिम हुनेछ ।

क) गौतम बुद्धका अमर विचार तथा सन्देशहरुको साम्यक रुपमा चिन्तन-मनन, अध्ययन-अनुसन्धानगरी तिनीहरुको जगेर्ना गर्न क्रियाशील हुने ।

ख) मानव समाजको विकासको उषाकालदेखि अहिलेसम्म मानव समाजमा प्रचलित (अस्थित्वमा आएका) प्रमुख धर्म, संस्कृति र दर्शनको तुलनात्मक तथा सर्वपक्षीय अध्ययन-अनुसन्धान गरी तिनीहरुमा अन्तरनिहित साझा, प्रगतिगामी र मानवीय पक्षहरुको पक्षपोषणगर्ने ।

ग) दर्शन, धर्म र संस्कृतिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका गौतम बुद्धलगायतका महान व्यक्तिहरुको बारेमा गहनअध्ययन अनुसन्धानगरी उनीहरुको जीवनका प्रमुख पक्ष तथा सन्देशहरुको प्रचारप्रसार गर्ने ।

घ) मानव जातिको उन्नति र प्रगतिमा योगदान पुऱ्याएका महत्वपूर्ण व्यक्तिहरुलाई आमन्त्रण गरी विचार अन्तरक्रिया कार्यक्रम गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ङ) विभिन्न सांस्कृतिक, वैचारिक परिवेशका मानिसहरुलाई आमन्त्रण गरी हाम्रो देशको संस्कृतिक-सामाजिक वास्तविकतासँग परिचित गराई उनीहरुमा नेपाल र नेपालीप्रति सद्भावना अभिवृद्धि गराउने र अन्य देशका यसै प्रकृतिका सघं-संस्थासंग मिलेर हाम्रो देशबाट पनि वेलावेलामा सम्बन्धित देशको भ्रमण गरी त्यहाँका राम्रा कुरा सिक्ने तथा नेपाल तथा नेपाली बारे प्रचारप्रसार गर्ने ।

च) नेपाली परिवेश र बुद्धधर्म, संस्कृति तथा दर्शनबारे खोज अनुसन्धान गर्ने कामलाई प्राथमिकताकासाथ अगाडि बढाउने ।

छ) उच्च शिक्षामा दर्शन र बौद्ध अध्ययन लगायत धर्म तथा संस्कृतिको अध्ययन सञ्चालन तथा त्यसको प्राज्ञिक उन्नयनमा आवस्यक पहल गर्ने ।

सदस्यता

१६ वर्ष उमेर पुगेको, कुनै पनि मर्यादित पेशामा लागेको र संस्थाको उद्देश्यप्राप्त गर्न प्रतिबद्ध नेपाली नागरिक यस संस्थाको सदस्य हुनसक्ने छ । **WAFI** को सदस्यताको प्रकार निम्न ५ प्रकारको हुनेछ ।

क) साधारण सदस्यता

यस संस्थाको लक्षसँग सहमत भई संस्थाको उद्देश्यप्राप्त गर्न प्रतिबद्ध नेपाली नागरिक संस्थाको साधारण सदस्य बन्नसक्नेछन् । साधारण सदस्यताप्राप्त गर्न विधानको दफा ६ मा उल्लेखित व्यक्तिले प्रवेश शुल्क रू.५०।- र वार्षिक सदस्यता शुल्क रू. ३०।- बुझाइ साधारण सदस्यताप्राप्त गर्नसक्नेछ ।

ख) संस्थापक सदस्यता

यो संस्थाको गठन गर्न सुरूको अवस्थादेखि महत्वपूर्ण योगदान गर्नुहुने व्यक्तिहरूलाई संस्थापक सदस्य मानिने छ ।

ग) आजीवन सदस्यता

यस संस्थाको उद्देश्यसँग सहमत व्यक्तिहरूले रू. १०००।- तिरी आजीवन सदस्यताप्राप्त गर्नसक्नेछन् । यसमा जाति, लिङ्ग, वर्ग, क्षेत्र वा संस्कृतिको भेद गरिने छैन ।

ङ) मानार्थ सदस्यता

यस संस्थाको उन्नति र प्रगतिको लागि सहयोग गर्नुहुने संस्था र व्यक्तिलाई यस संस्थाको कार्यसमितिले निर्णय गरी मानार्थ सदस्यता प्रदान गर्न सक्ने छ ।

च) श्रेयस्कर सदस्यता

यस संस्थाको उद्देश्यप्राप्तिका लागि रू. ५००००।- पचासहजारभन्दा बढी एक मुष्ट रकम सहयोग गर्ने संस्था वा व्यक्तिलाई कार्यसमितिले निर्णय गरी श्रेयस्कर सदस्यता प्रदान गर्नसक्नेछ ।

सम्पन्न कार्यक्रम

यस संस्थाले विगतमा ASEED-South Asia सँग मिलेर बुद्धधर्म-दर्शन-संस्कृतिवारे कार्यक्रमहरु गर्दैअएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्था परिचय (२)

ASEED-SOUTH ASIA

पुष्टभूमि

मानव जाति र भूमि माथि भइरहेको अनुचित शोषण तथा दोहनको विरद्ध एकजुट भई क्रियाशील हुनुपर्दछ भन्ने मान्यतामा आधारित भएर वि.सं.२०५७ सालमा "वातावरण, समानता र विकासका लागि ऐक्यवद्धता अभियान, नेपाल" अंग्रेजिमा "Action for Solidarity, Equality, Environment and Development-South Asia, Nepal" छोटकरिमा ASEED-South Asia को गठन गरिएको हो । संस्थाको कार्यक्षेत्र मुलत: नेपाल अधिराज्य भएता पनि दक्षिण एशिया क्षेत्रमा क्रियाशील रहेका समान उदेश्य राख्ने संगठनहरुसँग पनि मिलेर यस क्षेत्रमा समेत काम गर्ने उदेश्य राखिएकोले यस संस्थाको सामान्य कार्यक्षेत्र दक्षिण एशियासम्म फैलिएको छ ।

प्रस्तावना

मानव जाति र धर्ती (भूमि) माथि भइरहेको शोषणको विरुद्ध एकजुट भई क्रियाशील हुने अभिप्रायले युवा तथा विद्यार्थीहरुलाई संगठित र परिचालित गर्नको लागि सेवामूलक संस्था वातावरण, समाना र विकासका लागि ऐक्यवद्धता अभियान-दक्षिण एशिया, नेपालको स्थापना गरिएको हो ।

उद्देश्य

क) राष्ट्रियस्तरमा प्रजातन्त्र, वातावरण, विकास र मानव अधिकारको लागि अभियान सञ्चालन गरिरहेका युवाहरुलाई संयोजन तथा सम्पर्क गर्ने र सम्वन्धित विषयमा प्रशिक्षित गराउने ।

ख) मानव अधिकारको ग्यारेण्टीको लागि क्रियाशील हुने ।

ग) युवा तथा विद्यार्थीहरुलाई उनीहरुको सामुदायीक अधिकारप्रति सचेत हुन अभिप्रेरित गर्ने ।

घ) निरक्षरता उन्मुलन गर्नको लागि क्रियाशील हुने ।

ङ) पछौटेपन विरूद्धको संघर्षलाई तेज गर्न आम जनता तथा युवाहरूलाई प्रोत्साहित गर्ने ।

च) वातावरण, समानता र विकासको लागि ऐक्यवद्धता अभियान सञ्चालन गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्टिय संघ संस्थासँग सम्पर्क तथा समन्वय गर्ने र सहकार्यलाई अगाडि बढाउने ।

छ) समान उद्देश्य भएका अन्य संगठनहरूको बीचमा सहकार्यलाई अगाडि बढाउन सूचना, विचार तथा विश्लेषण आदान प्रदान गर्ने ।

ज) सिङ्गो भू-मण्डल तथा क्षेत्रीय मामलाहरूलाई असर गर्ने कुराहरूबारे सचेतनता फैलाउन नयाँ पुस्ताका युवा नेताहरूलाई परिचालित गर्ने र सामुहिक विश्लेषण पद्धति विकास गर्न मद्दत गर्ने ।

झ) महिला, दलीत तथा उत्पीडितहरु, जनजातिहरु र आदिवासीहरुको अधिकारको लागि क्रियाशिल हुने र सम्बन्धित क्षेत्रबाटै कार्यकर्ता उत्पादन गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।

ञ) ठूला र शक्ति राष्ट्रले साना, कमजोर र अविकसित राष्ट्रलाई गर्ने अनुचित भेदभाव तथा हस्तक्षेपको विरोध गर्ने ।

ट) किसान तथा मजदुरहरुका न्यायिक आवाजमा ऐक्यवद्धता जनाउने ।

ठ) शरणार्थीहरुको हक, हित र अधिकार अर्थात् उनीहरुको मानव अधिकारको प्राप्तिको अभियानमा ऐक्यवद्धता जनाउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ङ) चेलीवेटी वेचविखन, वालश्रम लगायतका सामाजिक खराबीहरुको अन्त्यको लागि जनचेतना फैलाउन क्रियाशील हुने ।

ढ) शिक्षालाई जन पहुँच र जनसरोकारको विषयवस्तु बनाउनको लागि जनमत तयार गर्न क्रियाशील हुने ।

ण) जनसंस्कृतिको रक्षा र जनतालाई ठीक विश्व दृष्टिकोण अपनाउन अभिप्रेरित गर्न क्रियाशील हुने ।

सदस्यता

१६ वर्ष उमेर पुगेको, कुनै पनि मर्यादित पेशामा लागेको, मानव जातिको प्रगतिको लागि क्रियाशील हुन चाहने र सिङ्गो भू-मण्डलको अनावश्यक तथा अनुचित दोहन विरूद्ध संघर्ष गर्न चाहने, नेपाली नागरिक यस संस्थाको सदस्य हुनसक्ने छ । सदस्यता निम्न ६ प्रकारको हुने छ ।

क) साधारण सदस्यता

यस संस्थाको उद्देश्यसँग सहमत भई संस्थाको उद्देश्यप्राप्तिका लागि क्रियाशील हुन प्रतिवद्ध नेपाली नागरिक यस संस्थाको साधारण सदस्य बन्नसक्नेछ ।

ख) संस्थापक सदस्यता

यो संस्थाको गठन गर्न सुरूको अवस्थादेखि महत्वपूर्ण योगदान गर्नुहुने व्यक्तिहरूलाई संस्थापक सदस्य मानिने छ ।

ग) आजीवन सदस्यता

यस संस्थाको उद्देश्यसँग सहमत व्यक्तिहरूले रू. १०००।- (एकहजार) तिरी आजीवन सदस्यताप्राप्त गर्न सक्नेछन् । यसमा जाति, लिङ्ग, वर्ग, क्षेत्र वा संस्कृतिको भेद गरिनेछैन ।

घ) संस्थागत सदस्यता

यस संस्थाको उद्देश्यसँग मेल खाने संस्थाहरू जो यस क्षेत्रमा क्रियाशील छन् । तिनीहरूले एक मुष्ट रकम रू. १०००।-(एकहजार) तिरी यस संस्थाको संस्थागत सदस्यताप्राप्त गर्नसक्नेछन् ।

ङ) मानार्थ सदस्यता

यस संस्थाको उन्नति र प्रगतिको लागि विशेष सहयोग गर्नुहुने संस्था र व्यक्तिलाई यस संस्थाको कार्यसमितिले निर्णय गरी मानार्थ सदस्यता प्रदान गर्नसक्नेछ ।

च) श्रेयस्कर सदस्यता

यस संस्थाको उद्देश्यप्राप्तिका लागि रू. ५००००।- पचासहजारभन्दा बढी एक मुष्ट रकम सहयोग गर्ने संस्था वा व्यक्तिलाई कार्य समितिले निर्णय गरी श्रेयस्कर सदस्यता प्रदान गर्नसक्नेछ ।

संस्थाले विगतमा सम्पन्न गरेका कार्यहरु

वि.सं. २०५७ सालदेखि नै समाजकल्याण परिषदमा आवद्ध रहेको ASEED-South Asia ले विगतमा आफ्नो उद्देश्य अनुरुप विभिन्न कार्यक्रमहरु सञ्चालन गरेकोछ । विगतमा सम्पन्न गरिएका कतिपय कार्यक्रमहरु Wisdom And Faith International, Nepal सँग मिलेर संयुक्तरुपमा सम्पन्न गरेको छ भने एउटा कार्यक्रम ASEED-Nepal सँग मिलेर सम्पन्न गरेकोछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३)

ASEED-SOUTH ASIA र WAFI ले विगतमा सम्पन्न गरेका कार्यक्रमहरु

हामीले नेपालमा बौद्धधर्म-दर्शन-संस्कृतिको उत्थान तथा उच्च शिक्षामा बौद्ध अध्ययन समावेश गर्न खासगरी त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहमा बौद्ध अध्ययन समावेश गर्ने सन्दर्भमा आफ्नो तर्फबाट पहल तथा अन्तरक्रिया कार्यक्रमसमेत गर्दै आइरहेका छौं । मानवीय समस्याहरुको मूल कारण (दु:ख) को पहिचान गरी मानव जातिको मुक्ति र प्राणीमात्रको कल्याणको लागि आफ्नो जीवन अर्पण गर्नुभएका भगवान श्री गौतम बुद्धको जन्म आजभन्दा करीब २६०० वर्ष अगाडि इ.पू. ५६३ मा हाम्रो देशको लुम्बिनीमा भएको कुरा हामी नेपाली र सारा संसारको लागि गौरवको विषय हो । तर गौतम बुद्ध र उहाँका अमर सन्देशहरुबारे अन्य देशहरुमा जति खोज-अनुसन्धान र चिन्तन-मनन् भइरहेको छ त्यति हाम्रो देश नेपालमा हुन सकिरहेको छैन । यसै करालाई मनन गरी हामीले निम्नलिखित ३ वटा मुख्य शीर्षकमा आधारित भएर अन्तरक्रिया, विचारगोष्ठी कार्यक्रम र त्यसको सार रुपमा एक कृति Journal प्रकाशित गर्ने योजना अनुरुप गौतम बुद्ध र उहाँका अमर सन्देशहरु, नेपाली बुद्ध धर्मको इतिहास तथा यसका विशिष्टताहरु साथै यसले समाज विकासमा पुऱ्याएको योगदान र त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहमा बौद्ध अध्ययनको आवश्यकता आदि विषयमा केन्द्रित् भएर ५ वटा अन्तरक्रिया तथा विचार गोष्टि कार्यक्रम सम्पन्न गरिसकेका छौं ।

हामीले बौद्ध अध्ययनलाई नेपालको उच्च शिक्षा र त्यसमा पनि त्रिभुवन विश्वविद्यालय तथा महेन्द्र संस्कृत विश्वविद्यालयमा (Master's Degree /Ph.D) मा सञ्चालन गराउनका लागि आवश्यक जनमत तयार गर्ने र यस दिशामा देखिएका समस्याहरुको पहिचान गरी तिनीहरुको समाधानका लागि आफ्नो तर्फबाट पहल गर्दै आएका छौं । अहिलेसम्म सम्पन्न भइसकेका कार्यक्रमहरुंको सामान्य विवरण यसप्रकार छ ।

१. बौद्धधर्मबारे अन्तरक्रिया सम्पन्न

वि.सं.२०५७ साल चैत्र १९ गते ASEED-South Asia को आयोजनामा बुद्धधर्म सम्बन्धी अन्तरक्रिया कार्यक्रमसम्पन्न भयो । कार्यक्रममा बोल्दै त्रि.वि. संस्कृति विभागका प्राध्यापक डा. प्रेमकुमार खत्रीले छाता धर्मको रुपमा विकसित भइरहेको बुद्धधर्मप्रति राज्य नीतिहीन र अनभिज्ञ हुनु आश्चर्य लाग्दो कुरा भएको विचारव्यक्त गर्नुभयो । संसारका कतिपय देशहरुमा बुद्धधर्मसंग सम्बन्धित ठूल-ठूला विश्वविद्यालय र अध्ययनकेन्द्र स्थापना भई यस विषयमा गहन अध्ययन अनुसन्धान भइरहेको वर्तमान अवस्थामा त्रि.वि. ले यसबारेमा भरखरैमात्र PG Diploma स्तरको कार्यक्रम सञ्चालन गरेको कूरा प्रकास पार्नुभयो ।

यस अवसरमा बोल्दै श्रीकीर्ति विहारका प्रमुख भिक्षु सुर्दशन महास्थविरले मानवलाई देवत्वको दासताबाट मुक्तिको उपदेश दिने प्रथम व्यक्ति भगवान बुद्ध नै भएको विचार व्यक्त गर्नु भयो । सुरुमा आफू एक जनाबाट शान्ति, अहिंशा र मानव कल्याणको अभियानमा जुटनुभएका बुद्धले पछि क्रमश: ५ र ५० जना चेला बनाई उपदेश सुनाउनु भयो र उनीहरुलाई विभिन्न दिशामा प्रंचारको निम्ति पठाएको र यही प्रचारबाट विश्वभरि बुद्धधर्म फैलिन पुगेको तथा सम्राट अशोकको समयमा विभिन्न देशहरुमा बुद्धधर्मको व्यापक प्रचारप्रसार भएको र कनिष्क राजाको समयमा बुद्धधर्मबारेमा अभिलेख लेख्ने काम भएको र यस्तो सामान्य जानकारी पनि आम नेपालीहरुलाई नभएको वर्तमान अवस्थामा बुद्धधर्म सम्बन्धी उच्च शिक्षाको टडकारो आवश्यकता र ठूलो महत्व छ भन्नु भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तरक्रिया कार्यक्रममा उप-प्राध्यापक मिनबहादुर शाक्यले करीब ५ औं शताब्दीतिर बनेका ग्रीककालीन बुद्धका ऐतिहासिक मूर्तिहरु साथै वामियान क्षेत्रमा रहेका बौद्ध धर्मसम्बन्धी कलाकृतिले भरिएका करीब २० हजार गुफाहरु तालिवान शासकहरुले नष्ट गरेको जानकारी दिनुभयो । श्री शाक्यले अफगानस्तानमा ५ औं शताब्दीतिर विभिन्न धार्मिक समूदायहरुको भ्रमण हुने गरेको र त्यसवेलाका साहूमहाजन तथा सर्वसाधारणको प्रयासबाट बनाइएका वामियानका ऐतिहासिक मूर्तिहरु मुस्लिम कट्टरताकै कारण भत्काइएको हुनसक्ने भनाई राख्नु भयो ।

ASEED-South Asia को कीर्तिपुरस्थित Meeting Hall मा सम्पन्न यस कार्यक्रममा प्राध्यापक, वुद्धिजिवी तथा विद्यार्थिहरुको सहभागिता रहेको थियो र कार्यक्रमको सञ्चालन संस्थाका संयोजक वेदराज ज्ञवालीले गर्नु भएको थियो ।

२ उच्च शिक्षामा बौद्ध अध्यायनको महत्वबारे विचार गोष्ठिसम्पन्न

वि.सं. २०५८ जेष्ट १२ गते "उच्च शिक्षामा बौद्ध अध्ययनको प्राज्ञिक महत्व" विषयक विचार गोष्ठि कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रा.डा. तुलसीराम वैद्य प्रमुख अतिथि, त्रि.वि मानविकी संकाय डिन प्रा. डा. त्रिरत्न मानन्धर र प्रा.डा. रामनिवास पाण्डे अतिथि रहनु भएको थियो । कार्यक्रमा डा. नरेशमान बज्राचार्यले "उच्च शिक्षामा बौद्ध अध्ययनको महत्व" बारे कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने उक्त कार्यपत्र माथि प्रा.डा. प्रेमकुमार खत्रीले टिप्पणी गर्नु भएको थियो ।

ASEED-South Asia द्वारा आयोजना गरिएको सो कार्यक्रम त्रि.वि.CNAS को Meeting Hall मा सम्पन्न गरिएको थियो । डा. नरेशमान बज्राचार्यले प्रस्तुत गरेको कार्यपत्रवारे सहभागिहरुले उठाएका जिज्ञाशा र टिप्पणीकारको टिप्पणीको प्रतिउत्तर दिइसके पछि, प्रमुख अतिथि लगायत अन्य अतिथिज्यूहरुवाट बौद्ध अध्ययनको महत्वबारे आ-आफ्ना धारणा प्रस्तुत गरिएको सो कायक्रमको सञ्चालन संस्थाका संयोजक वेदराज ज्ञवालीले गर्नुभएको थियो । उक्त कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र पेज नं १२ मा हेर्नुस् ।

३ नेपालको बुद्धधर्मबारे विचार गोष्ठि सम्पन्न

वि.सं. २०५८ साल श्रावण ९ गतेका दिन नेपालको बौद्ध धर्मका विविध पक्षबारे तीनजाना बौद्ध विद्वान्हरुद्वारा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गरी एक विचार गोष्ठि कार्यक्रम सम्पन्न गरियो । त्रि.वि मानविकी संकाय डिन प्रा.डा त्रिरत्न मानन्धरको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा CNAS का कार्यकारी निर्देशक प्रा.डा. तिर्थप्रसाद मिश्र, त्रि.वि. संस्कृति विभागका तत्कालिन प्रमुख प्रा.डा. रामनिवास पाण्डेलगायतका अतिथिहरुले मन्तव्य दिनु भएको थियो ।

यस कार्यक्रममा प्रा.डा. प्रेमकुमार खत्रीले "नेपालको बौद्धधर्म इतिहास र परिचयको खोजि" विषयक कार्यपत्र, डा. रमेशकुमार ढुंगेलले "महायनी बौद्धधर्म र नेपाल" र डा.भद्ररत्न वज्राचार्यले "नेपालमा थेरवादी बौद्ध सम्प्रदाय: एक अध्ययन" नामक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमाथि क्रमश: डा.रञ्जना बज्राचार्य, डा.नरेशमान वज्राचार्य र मिनवहादुर शाक्यले टिप्पणी गर्नुभएको थियो ।

त्रि.वि. CNAS को Meeting Hall मा सम्पन्न यो कार्यक्रम WAFI र ASEED-South Asia द्वारा संयुक्त रुपमा आयोजना गरिएको हो । कार्यक्रमको सञ्चालन संयोजक वेदराज ज्ञवालीले गर्नु भएको थियो । यस कार्यक्रममा प्रस्तुत कार्यपत्र पेज नं १, ३० र ३७ मा हेर्नुस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. बौद्ध दर्शनबारे गोष्ठिसम्पन्न

वि.सं. २०५८ साल भाद्र ८ गते शुक्रवारका दिन WAFI र ASEED-South Asia को संयुक्त आयोजनामा बौद्ध दर्शनबारे विचार गोष्ठि कार्यक्रम सम्पन्न भयो । भन्ते ज्ञानपुर्णिक महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न यस कार्यक्रममा प्राध्यापक जगमान गुरुङ्गले "बौद्ध दर्शनको विकासः एक समीक्षा" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने सो कार्यपत्रमाथि धर्मोदय सभाका महासचिव प्रा. सुवर्ण शाक्यले गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा प्रमुख अतिथिले बौद्धधर्मको आवश्यकता र महत्व माथि प्रकाश पार्नु भएको थियो । त्रि.वि. CNAS को Meeting Hall मा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन संस्थाका संयोजक वेदराज ज्ञवालीले गर्नु भएको थियो । यस कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र पेज ४५ हेर्नोस् ।

५. बौद्ध तथा सांख्यदर्शनबारे विचार गोष्ठिसम्पन्न

वि.सं. २०५८ असोज २३ गते बौद्ध तथा सांख्य दर्शनको तुलनात्मक अध्ययनबारे विचार गोष्ठि सम्पन्न भयो । त्रि-चन्द्र क्याम्पस दर्शन विभागका भूतपूर्व प्रमुख प्रा.डा. विरेन्द्रप्रसाद मिश्रको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा त्रि.वि. मानविकी संकाय डिन प्रा.डा. त्रिरत्न मानन्धर, त्रि.वि. संस्कृति विभागका तत्कालीन प्रमुख प्रा.डा. रामनिवास पाण्डे त्रि.वि. CNAS का तत्कालीन कामु निर्देशक निर्मलमान तुलाधरले आतिथ्य ग्रहण गर्नु भएको थियो । यस विचार गोष्ठिमा डा. निवेदिता मिश्रले "Shankhya and Buddhism : An Analytical Study" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो कार्यपत्रमाथि डा. काशीनाथ न्यौपानेले टिप्पणी गर्नु भएको थियो । त्रि.वि. CNAS को Meeting Hall मा सम्पन्न भएको उक्त कार्यक्रमको सञ्चानल संस्थाका संयोजक वेदराज ज्ञवालीले गर्नु भएको थियो । यस कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र पेज ४८ हेर्नोस् ।

(४)

ASEED-SOUTH ASIA द्वारा आयोजना गरिएका अन्य कार्यक्रमहरु

ASEED-South Asia ले युवाहरुलाई समाज तथा जनता प्रति उत्तरदायी बनाउने अभिप्रायले विभिन्न विषयवस्तुमा केन्द्रित् भएर विचार अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। त्रिभुवन विश्वविद्यालय तथा उपत्यकाका क्याम्पसहरूमा अध्ययनरत महिलाहरू र अन्य व्यक्तिहरूको समेत सहभागितामा सम्पन्न ती कार्यक्रमहरूमा समाजका लब्धप्रतिष्ठित व्यक्तिहरूले सम्बन्धित विषयमा आफ्ना धारणा राख्नु भएको थियो।

२०५७ फाल्गुण ११ गते "त्रिभुवन विश्वविद्यालयमा भएका शैक्षिक समस्याहरूबारे" अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा ने.वि.संघका लोकराज भट्ट, अखिल संयुक्तका विजयकुमार राईलगायतका विद्यार्थी नेताहरुले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।

२०५७ फाल्गुण २३ गते Unique Club ले कीर्तिपुर नगरपालिका भित्र सञ्चालन गरेको "फोहोर मैला व्यवस्थापन तथा वातावरणीय संरक्षण सम्बन्धी गरिरहेका कार्यहरू र त्यसको प्रभावकारीताको लागि त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको भूमिका" बारे अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा क्लवका अध्यक्ष हीराकृष्ण श्रेष्ठ र सन्देश मर्हजन लगायतका वक्ताहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

२०५७ फल्गुण २८ गते "साहित्य सम्बन्धी" अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रा.महादेव अवस्थी, फिल्म निर्माता प्रकाश सायमी, साहित्यकार रुद्र खरेल र रत्ना लामिछानेले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।

२०५७ चैत्र ५ गते "नेपालमा दलीत, उत्पीडित र जनजाति आन्दोलन" बारे अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । यस कार्यक्रममा नेपाल जनजाति महासंघका महासचिव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

